# बृहत् विद्यालय सुरक्षा गुरुयोजना, २०८२



नेपाल सरकार
शिक्षा तथा खेलकुद मन्त्रालय
सिंहदरबार, काठमाडौं

# बृहत् विद्यालय सुरक्षा गुरुयोजना,२०८२

# Comprehensive School Safety Master Plan, 2025

नेपाल सरकार
शिक्षा तथा खेलकुद मन्त्रालय
सिंहदरबार, काठमाडौं

# भूमिका

नेपालको विद्यालय शिक्षा क्षेत्र बहुप्रकोप एवम् विपत्को उच्च जोखिममा रहेको छ। बारम्बारका प्रकोपजन्य घटनाहरूले विद्यार्थी तथा शिक्षकहरूको जीवन जोखिममा पर्नुका साथै विद्यालयको भौतिक पूर्वाधार र शैक्षिक लगानीमा ठुलो क्षति हुने गरेको छ। यस सन्दर्भमा विद्यालय सुरक्षाको एकीकृत कार्यढाँचाको आवश्यकता महसुस गरी सुरक्षित पूर्वाधार विकास, विद्यालय सञ्चालनमा विपत् जोखिम न्यूनीकरणको प्रबन्ध र पाठ्यक्रम तथा अतिरिक्त क्रियाकलापमार्फत उत्थानशील शिक्षाका गतिविधि सञ्चालन गरी सन् २०३० सम्ममा सबै विद्यालय सुरक्षित बनाउने लक्ष्यका साथ बृहत् विद्यालय सुरक्षा गुरुयोजना, २०७४ सालमा तयार गरिएको थियो ।

नेपालको संविधानले मौलिक हकका रूपमा निःशुल्क आधारभूत तथा माध्यमिक शिक्षाको प्रत्याभूति गरेको छ। राष्ट्रिय शिक्षा नीति,२०७६ ले सबै विद्यालय पूर्वाधारलाई विपत् जोखिमबाट सुरक्षित बनाउने र सुरक्षित एवम् हरित विद्यालय विकास गर्ने नीति लिएको छ। विद्यालय शिक्षा क्षेत्र योजना २०२२-२०३० ले 'सङ्कट तथा आपत्कालीन अवस्थामा शिक्षा' लाई एक अन्तरसम्बन्धित विषयका रूपमा पहिचान गर्दै सुरक्षित र हरित विद्यालय पूर्वाधार विकास तथा सञ्चालन र उत्थानशील शिक्षाको विकासमा जोड दिएको छ। सुरक्षित सिकाइ वातावरणको पहुँच बालअधिकारको सवाल र गुणस्तरीय शिक्षाको मानक पनि हो ।

सक्रिय भूकम्पीय क्षेत्रमा अवस्थिति भएकाले नेपालको विद्यालय शिक्षाले भूकम्पका कारण पटक पटक क्षति भोग्दै आएको छ। कोभिड १९ जस्तो महामारीका कारण लामो समयसम्म विद्यालय सञ्चालन हुन सकेनन्। त्यसैगरी प्रत्येक वर्ष मनसुन तथा जलवायुजन्य प्रकोपबाट धेरै विद्यालयमा क्षति हुने र लामो अवधिसम्म विद्यालय सञ्चालन हुन नसक्ने तथा जलवायु परिवर्तनका कारण विषम मौसमी घटनाहरू बढ्दै जाँदा गर्मी एवम् शीतलहरका कारणसमेत विद्यालय सञ्चालनमा असर परिरहेको छ। बारम्बार विद्यालय बन्द हुँदा बालबालिकाहरूको सिकाइ उपलब्धिमा असर पर्ने गरेको छ। विद्यालय शिक्षा क्षेत्रको बहुप्रकोप तथा विपत् जोखिमको बदलिँदो स्वरूपलाई सम्बोधन गर्दै सुरक्षित र गुणस्तरीय सिकाइ वातावरणको सुनिश्चितताका लागि बृहत् विद्यालय सुरक्षा गरुयोजना अद्यावधिक गरिएको छ। यस परिमार्जित बृहत् विद्यालय गुरुयोजना, २०८२ ले विगतका अनुभवका आधारमा नेपालको विद्यालय शिक्षा क्षेत्रले भोगिरहेका वर्तमान जोखिमहरूको सामना गर्दै भविष्यका चुनौती को प्रभावकारी रूपमा सामना गर्न सक्ने उत्थानशील शिक्षा प्रणाली तथा सक्षम नागरिक विकास गर्ने गरी कार्यढाँचा प्रस्तुत गरेको छ। यस गुरुयोजनाले बृहत् विद्यालय सुरक्षा कार्यढाँचाका आधारमा सक्षम प्रणाली र नीति, सुरक्षित सिकाइ सुविधा, विद्यालय सुरक्षा तथा सिकाइ निरन्तरता व्यवस्थान र जोखिम न्यूनीकरण तथा उत्थानशील शिक्षाका चारओटा आधार स्तम्भभित्र बिसओटा प्राथमिकता प्राप्त रणनीतिक कार्य राखिएको छ। यी रणनितिक कार्यअन्तर्गत विद्यालय स्थानीय तह तथा प्रदेश र सङ्घीय तहमा गर्नुपर्ने क्रियाकलाप पहिचान गरिएको छ।

विद्यालय नै बृहत् विद्यालय सुरक्षाको मुख्य लाभग्राही र कार्यान्वयनकर्ता पनि हो। स्थानीय तहले आफ्नो अधिकार क्षेत्रका आधारमा विद्यालय सुरक्षा गुरुयोजना कार्यान्वयनको सहयोग सहजीकरण र अनुगमनसमेत गर्दछन्। त्यसैगरी प्रदेश र सङ्घीय तहले नीति तथा पद्धति निर्माण एवम् विद्यालय र स्थानीय तहको क्षमता विकासमा सहयोग गरी यस गुरुयोजनाको कर्यान्वयनको सुनिश्चितता गर्दछन्। बृहत् विद्यालय सुरक्षा गुरुयोजना शिक्षा क्षेत्रको दिगो विकास लक्ष्य तथा जलवायु परिवर्तन अनुकूलन कार्य, हरित विद्यालय र विपत् जोखिम न्यूनीकरणका कार्य सञ्चालनको प्रमुख उपकरण हो। सबै विकास साझेदारहरूको निरन्तर सहयोग, सबै तहका सरकारको अग्रता र नेतृत्व तथा विद्यालयको तत्परता र समुदायको सहभागिताबाट मात्रै यस गुरुयोजनाको लक्ष्य पूरा हुन सक्छ। बृहत् विद्यालय सुरक्षा गुरुयोजना तर्जुमा तथा पुनरवलोकनका क्रममा अमूल्य योगदान गर्नुहुने सबै संस्था एवम् विज्ञ तथा अभ्यासकर्ताहरूमा विभाग हार्दिक धन्यवाद प्रकट गर्दछ।

**शिक्षा तथा खेलकुद मात्रालय**

# विषय सूची


१. परिचय ........ १

२. नेपालको विद्यालय शिक्षा क्षेत्रमा बहुप्रकोप तथा जोखिमको अवस्था ........ २

२.१ भूकम्पीय प्रकोप र विद्यालय शिक्षामा यसको असर ........ २

२.२ मनसुन तथा जलवायुजन्य जोखिम र विद्यालय शिक्षामा यसको असर ........ ३

२.३ जैविक तथा स्वास्थ्य जोखिम र विद्यालय शिक्षामा यसको असर ........ ३

२.४ प्राविधिक जोखिम र विद्यालय शिक्षामा यसको असर ........ ४

२.५ द्वन्द्व, हिंसा तथा दैनिक जोखिम र विद्यालय शिक्षामा यसको असर ........ ५

३. नीति तथा शासकीय ढाँचा ........ ६

३.१ विपत् जोखिम न्यूनीकरण, जलवायु परिवर्तन र विद्यालय सुरक्षासम्बन्धी अन्तर्राष्ट्रिय नीति उपकरण ........ ६

३.२ विपत् जोखिम न्यूनीकरण, जलवायु परिवर्तन र विद्यालय सुरक्षासम्बन्धी राष्ट्रिय नीति उपकरण ........ ९

४. नेपालमा विद्यालय सुरक्षाका लागि विगतमा भएका प्रयास ........ १३

४.१ नेपालमा विद्यालय सुरक्षाका लागि भएका प्रमुख प्रयास ........ १३

४.२ बृहत् विद्यालय सुरक्षा गुरुयोजना २०१७ र सम्बन्धित कार्यविधिको समीक्षा ........ १६

४.३ बृहत् विद्यालय सुरक्षा कार्यान्वयनमा देखिएका कठिनाइ ........ १८

५. बृहत् विद्यालय सुरक्षा गुरुयोजना ........ २१

५.१ दुरदृष्टि, लक्ष्य, उद्देश्य र अपेक्षित परिणाम ........ २१

५.२ मार्गदर्शक सिद्धान्त ........ २२

५.३ बृहत् विद्यालय सुरक्षा कार्यढाँचा ........ २२

५.३.१ आधारः सक्षम प्रणाली र नीति ........ २४

५.३.२ स्तम्भ १ः सुरक्षित तथा हरित सिकाइ सुविधा ........ ३०

५.३.३ स्तम्भ २ः विद्यालय सुरक्षा तथा सिकाइ निरन्तरता व्यवस्थापन ........ ३४

५.३.४ स्तम्भ ३ः जोखिम न्यूनीकरण तथा उत्थानशीलता शिक्षा ........ ३८

५.४ बृहत् विद्यालय सुरक्षा अनुगमन तथा मूल्याङ्कन ढाँचा ........ ४३

*शब्दावली* ........ ५२

*सन्दर्भ सामग्री* ........ ५४

# १. परिचय

नेपालको विद्यालय शिक्षा क्षेत्र बहुप्रकोप एवम् विपत्को उच्च जोखिममा छ। नेपालले सक्रिय भूकम्पीय क्षेत्रमा अवस्थिति तथा मनसुनी एवम् जलवायुजन्य प्रभावका कारण भूकम्पलगायत बाढी, पहिरो जस्ता भू-भौतिक र जल तथा मौसमजन्य प्रकोपहरूको निरन्तर सामना गरिरहनुपरेको छ। पछिल्लो समय सन् २०१५ को विनाशकारी भूकम्पका कारण लगभग ३५ हजार कक्षाकोठामा क्षति हुनाले विद्यालयहरू लामो समयसम्म सञ्चालन हुन सकेनन्। दसौं लाख विद्यार्थीको पठनपाठन प्रभावित भयो। त्यसैगरी सन् २०२३ मा जाजरकोटमा गएको भूकम्पबाट ७०० भन्दा बढी विद्यालयहरूमा क्षति पुग्यो। एक लाख ५० हजारभन्दा बढी विद्यार्थी प्रभावित भए। २०२०-२०२२ को अवधिमा कोभिड १९ महामारीका कारण लामो समयसम्म विद्यालय भौतिक रूपमा सञ्चालन हुन सकेनन् र नियमित परीक्षासमेत सञ्चालन हुन सकेन।

त्यसैगरी प्रत्येक वर्ष मनसुन तथा जलवायुजन्य प्रकोपबाट धेरै विद्यालयमा क्षति हुने र लामो अवधिसम्म विद्यालय सञ्चालन हुन नसक्ने तथा जलवायु परिवर्तनका कारण विषम मौसमी घटनाहरू बढ्दै जाँदा गर्मी एवम् शीतलहरका कारणले समेत विद्यालय सञ्चालनमा असर परिरहेको छ। यस्ता बारम्बारका प्रकोपजन्य घटनाले विद्यार्थी तथा शिक्षकहरूको जीवन जोखिममा पर्नुका साथै विद्यालयको भौतिक पूर्वाधार र शैक्षिक लगानीमा ठुलो क्षति भएको छ। लामो समयसम्म विद्यालय बन्द हुँदा उनीहरूको सिकाइ उपलब्धिमा गम्भीर असर पर्ने गरेको छ । बालबालिकाले सुरक्षित सिकाइ वातावरणमा गुणस्तरीय शिक्षा प्राप्त गर्ने मौलिक हक प्राप्तिमा समेत चुनौती उत्पन्न भएको छ।

नेपालको संविधानले मौलिक हकका रूपमा निःशुल्क आधारभूत तथा माध्यमिक शिक्षाको प्रत्याभूति गरेको छ। राष्ट्रिय शिक्षा नीति, २०७६ ले सबै विद्यालय पूर्वाधारहरूलाई विपत् जोखिमबाट सुरक्षित बनाउने र सुरक्षित तथा हरित विद्यालय विकास गर्ने नीति लिएको छ। विद्यालय शिक्षा क्षेत्र योजना २०२२-२०३० ले 'सङ्कट तथा आपत्कालीन अवस्थामा शिक्षा' लाई एक अन्तरसम्बन्धित विषयका रूपमा पहिचान गर्दै विद्यालय पूर्वाधार विकास र विद्यालय सुरक्षामा जोड दिएको छ। विद्यालय सुरक्षाका लागि एकीकृत कार्यढाँचाको आवश्यकता महसुस गरी सुरक्षित पूर्वाधार विकास, विद्यालय सञ्चालनमा विपत् जोखिम न्यूनीकरणको प्रबन्ध, पाठ्यक्रम तथा अतिरिक्त/सह क्रियाकलापमार्फत उत्थानशील शिक्षाका गतिविधि सञ्चालन गरी सन् २०३० सम्ममा सबै विद्यालयहरू सुरक्षित बनाउने लक्ष्यका साथ २०७४ मा बृहत् विद्यालय सुरक्षा गुरुयोजना तयार गरियो। यससँगै कार्यान्वयन सहजीकरणका लागि न्यूनतम् प्याकेज र कार्यान्वयन कार्यविधि तयार भयो।

बृहत् विद्यालय सुरक्षा गुरुयोजना लागु भएपछि समेत अपेक्षित रूपमा विद्यालय सुरक्षा गतिविधिहरूको कार्यान्वयन हुन सकेन। कोभिड-१९ महामारीले सिकाइ निरन्तरताको फरक आयाम र गहिरो डिजिटल विभाजनलाई उजागर गऱ्यो। पछिल्लो समयमा जलवायु परिवर्तनको बढ्दो प्रभावले चरम मौसमी घटनाहरूको तीव्रता बढ्दै जाँदा विद्यालय क्षेत्रको जोखिमसमेत थप जटिल बन्दै गयो। यस अवधिमा विपत् जोखिम न्यूनीकरण, जलवायु परिवर्तन अनुकूलन र शिक्षा क्षेत्रमा नयाँ नीति तथा योजनाहरू तयार भए। यस प्रकार नयाँ चुनौतीहरूलाई सम्बोधन गर्ने गरी बृहत् विद्यालय सुरक्षा गुरुयोजनालाई परिमार्जन गर्नुपर्ने आवश्यकता महसुस गरी शिक्षा तथा खेलकुद मन्त्रालयले बृहत् विद्यालय सुरक्षा गुरुयोजना परिमार्जन गरेको छ। यस परिमार्जित गुरुयोजना, २०८२ ले विगतका अनुभवहरूलाई

सम्बोधन गर्दै नेपालको विद्यालय शिक्षा क्षेत्रले भोगिरहेका वर्तमान र भविष्यका जोखिमको प्रभावकारी रूपमा सामना गर्न एकीकृत दृष्टिकोण र कार्यान्वयन योग्य कार्यढाँचा प्रस्तुत गरेको छ।

# २. नेपालको विद्यालय शिक्षा क्षेत्रमा बहुप्रकोप तथा जोखिमको अवस्था

## २.१ भूकम्पीय प्रकोप र विद्यालय शिक्षामा यसको असर

टेक्टोनिक गतिविधिको सक्रिय क्षेत्र हिमालयको मध्य भागमा अवस्थित नेपाल, भूकम्पको उच्च जोखिममा रहेको छ। यहाँका सक्रिय भूकम्पीय फल्टहरूले २०७२ सालको भूकम्प जस्ता ठुला म्याग्निच्युडका भूकम्पहरू उत्पन्न गराउँछन्। हालैका वर्षहरूमा पश्चिमी नेपालमा मध्यम स्तरका धेरै भूकम्प गएका छन्, जसमा सन् २०२२ नोभेम्बरको डोटी भूकम्प, सन् २०२३ अक्टोबरको बझाङ भूकम्प र सन् २०२३ डिसेम्बरको जाजरकोट भूकम्प पर्दछन्। मध्य र पश्चिमी नेपालमा रहेको मुख्य हिमालयन थ्रस्ट (MHT) लचिलो तनाव सञ्चयको उत्कर्षमा छ जसले कुनै पनि वेला यो सञ्चित शक्ति उत्सर्जन भई माथिल्लो खण्डमा (अप-डिप सेक्सन) विनाशकारी भूकम्प जान सक्छ।[१]

२०७२ सालको भूकम्प नेपालले यस शताब्दीमा अनुभव गरेको ठुलोमध्येको भूकम्पीय धक्का हो। २०७२ साल वैशाख १२ गते शनिबार, स्थानीय समयअनुसार बिहान ११:५६ बजे, काठमाडौंबाट करिब ७६ किलोमिटर उत्तर-पश्चिममा पर्ने गोरखाको बारपाक केन्द्रबिन्दु बनाएर ७.६ म्याग्निच्युडको भूकम्प गयो। यो विनाशकारी भूकम्पपछि ७ जुन २०१५ सम्मको रेकर्डअनुसार ४.० म्याग्निच्युडभन्दा ठुला ३०० भन्दा बढी पराकम्पनहरू गए। यस भूकम्पले करिब ८० लाख मानिसलाई प्रभावित गर्‍यो जुन नेपालको कुल जनसङ्ख्याको लगभग एक तिहाइ हो। तत्कालीन ७५ जिल्लामध्ये ३१ जिल्ला प्रभावित भए । त्यसमध्ये १४ जिल्लालाई उद्धार तथा राहत कार्यलाई प्राथमिकता दिन 'अति प्रभावित जिल्ला' घोषणा गरिएको थियो। भूकम्पका कारण ८,७९० जनाको मृत्यु भयो र २२,३०० भन्दा बढी मानिस घाइते भए।[२]

२०७२ सालको भूकम्पबाट ८,२४२ सामुदायिक विद्यालयमा क्षति पुग्यो। २५,१३४ कक्षाकोठाहरू पूर्ण रूपमा ध्वस्त भए भने २२,०९७ कक्षाकोठामा आंशिक क्षति पुग्यो। संस्थागत विद्यालयहरूको पूर्वाधारमा पनि ठुलो क्षति भयो ।९५६ कक्षाकोठाको पूर्ण रूपमा क्षति भयो भने ३,९८३ कक्षाकोठाहरूमा आंशिक क्षति पुग्यो।[३]

सन् २०२३ मा, सुदूरपश्चिम र कर्णाली प्रदेशमा दुईओटा मध्यम खालमा भूकम्प गए । नोभेम्बर २०२२ मा डोटी, जनवरी २०२३ मा (५.९ म्याग्निच्युड) बझाङ र नोभेम्बर २०२३ मा (६.४ म्याग्निच्युड) जाजरकोटमा गएका भूकप्पबाट बझाङ, बाजुरा, डोटी. जाजरकोट र रूकुम पश्चिमका जिल्लामा क्षति पुग्यो । जाजरकोट भूकम्पका कारण  जाजरकोट र वरिपरिका जिल्लामा ७०१ विद्यालयमा क्षति भई पनपाठन अवरूद्ध हुँदा करिब १ लाख ३०

[1] Bilham, R. 2019. Himalayan earthquakes: a review of historical seismicity and early 21st century slip potential in Treloar, P. J. and Searle, M. P. (eds). Himalayan Tectonics: A Modern Synthesis. Geological Society, London, Special Publications, 483, 423–482.

[2] MoHA (2016). Gorkha Earthquake 2015: Experience and Learning. Ministry of Home Affairs, Kathmandu.

[3] NPC (2016). Nepal Earthquake 2015: Post Disaster Needs Assessment Report Vol. B: sector reports. National Planning Commission, Kathmandu.

हजार विद्यार्थी प्रभावित भए।[४] यस प्रकारको क्षतिपछिको पुनर्निर्माण कार्यमा धेरै स्रोत आवश्यक पर्ने र पुनर्निर्माणको काम पूरा हुन लामो समय लाग्ने हुँदा विद्यार्थी सिकाइ सुविधाबाट वञ्चित हुन्छन्।

## २.२ मनसुन तथा जलवायुजन्य जोखिम र विद्यालय शिक्षामा यसको असर

नेपालमा हरेक वर्ष जुनदेखि सेप्टेम्बरसम्म चल्ने मनसुनयाम पानीको महत्त्वपूर्ण स्रोत हो तर जलवायु परिवर्तनसँगै वर्षाको प्रकृति र प्रवृत्तिमा आएको फेरबदलले विषम मौसमी घटनाहरू बढेको र बाढी, पहिरो जस्ता प्रकोपबाट धनजनको क्षति हुने गरेको छ । मनसुन तथा जलवायुजन्य प्रकोपहरू बाढी तथा पहिरोले विद्यालय पूर्वाधारमा ठुलो क्षति पुऱ्याउने र सडक तथा पुलमा क्षति भई आवतजावतमा अवरोध हुने गरेको छ । यसले गर्दा बर्सेनि विद्यालयहरू लामो समयसम्म बन्द हुने गरेका छन् । जसले शैक्षिक पात्रोमा बाधा पुऱ्याउँछ र विद्यार्थीको सिकाइमा असर पार्छ।[५] सन् २०२० को मनसुनयाममा बाढीका कारण ६०० भन्दा बढी विद्यालयमा क्षति पुग्यो जसले गर्दा हजारौं विद्यार्थीको नियमित सिकाइ अवरुद्ध भयो।[६] सन् २०२४ को सेप्टेम्बरमा नेपालमा भएको भारी र निरन्तर वर्षाले विद्यालयहरूमा व्यापक क्षति पुऱ्यायो। यसबाट ३२ जिल्लाका ८६ स्थानीय तहका २६९ विद्यालय प्रभावित भए र २ लाख ५० हजार विद्यार्थीको सिकाइ अवरुद्ध भयो।[७]

बाढी पहिरोका कारण ग्रामीण क्षेत्रका सडक गोरेटा बाटा र पुलहरू बारम्बार अवरुद्ध हुँदा विद्यार्थीलाई विद्यालय जान कठिनाइ हुन्छ। फलस्वरूप विद्यार्थी हरेक वर्ष हप्तौं वा महिनौंसम्म पनि जान सक्दैनन् । धेरै बालबालिकाहरूलाई बारम्बार विस्थापन, आफ्नो सरसामान गुमाउनुपर्ने अवस्था र भविष्यमा आउन सक्ने विपत्को चिन्ताले उनीहरूको सिक्ने क्षमता, एकाग्रता र विद्यालयमा हुने संलग्नतामा असर पार्छ।[८] विषेशगरी छात्राहरू र साना बालबालिकाहरू वर्षायाममा आवतजावतमा हुने समस्याले गर्दा विद्यालय छोड्ने बढी जोखिममा हुन्छन्। यसबाहेक विपत् प्रभावितहरूको परिवार विस्थापित हुने र उनीहरूले अविभावकलाई आयआर्जनका काममा सघाउनुपर्ने हुन सक्छ जसले गर्दा उनीहरू पढाइबाट टाढा हुँदै जाने र विद्यालय छाड्ने दरसमेत बढाउँछ।[९]

## २.३ जैविक तथा स्वास्थ्य जोखिम र विद्यालय शिक्षामा यसको असर

कोभिड-१९ महामारीले विश्वव्यापी रूपमा शिक्षा प्रणालीमा गहिरो असर पुऱ्यायो। नेपालको शिक्षा क्षेत्र पनि यस महामारीको प्रभावबाट अलग रहन सकेन। मार्च २०२० मा सरकारले महामारीबाट सुरक्षाका लागि शिक्षण सिकाइ तथा सबै शैक्षिक परीक्षाहरू र कार्यक्रमसहित सम्पूर्ण शिक्षण संस्थाहरू बन्द गर्ने निर्णय गऱ्यो। यसबाट करिब ४०,००० शिक्षण संस्थाहरूमा आबद्ध ८७ लाख विद्यार्थीको सिकाइ प्रभावित भयो।[१०] कोभिडको दोस्रो लहरका कारण खुलेको तीन महिनापछि अप्रिल २०२१ मा शिक्षण संस्थाहरू पुनः बन्द गर्नुपऱ्यो। भौतिक उपस्थितिमा हुने सिकाइ सञ्चालन हुन सकेन। जसले नेपालका लाखौं बालबालिकाहरूमा मानसिक स्वास्थ्य र भविष्यको सिकाइ

---

[4]NEC (2024). Post-Disaster Learning Continuity Damage and Needs Assessment Report. Nepal Education Cluster https://sites.google.com/view/educationclusternepal/guidelines-resources/jajarkot-eq-assessment-report

[5] NDRRMA (2020). Monsoon Season Report: Impact on Education. National Disaster Risk Reduction and Management Authority, Kathmandu.
[6] UNICEF (2021). Annual Report on Flood and Landslide Impact on Education in Nepal.
[7] UNRC (2024). Joint Response Plan.
[8] WB (2020). Enhancing Access to Education in Flood-Prone Areas. World Bank.
[9] UNESCO (2020). Psychosocial Impact of Disasters on School Children in South Asia.
[10] MOEST (2022). School Education Sector Plan 2022. Ministry of Education Science and Technology, Kathmandu.

उपलब्धिमा गम्भीर असर पुग्यो।[११] स्रोतको सीमिततासँग जुधिरहेको नेपालको शिक्षा प्रणाली कोभिड-१९ का कारण नराम्ररी प्रभावित भयो।

यसभन्दा अगि वैकल्पिक माध्यमबाट सिकाइ निरन्तरताका लागि तयारी नहुँदा लामो समयसम्म विद्यालय सञ्चालन हुन सकेनन्। वैकल्पिक माध्यमबाट शिक्षण गरी कोभिड-१९ को प्रभावलाई कम गर्न नीतिगत र कार्यक्रमगत प्रयास भए। सन् २०२० मा शैक्षिक क्षतिको आपुरण गरी शिक्षण सिकाइलाई निरन्तरता दिन शिक्षा क्षेत्रको आकस्मिक योजना तयार पारियो र विभिन्न निर्देशिका तयार गरियो। विद्यालयको पाठ्यक्रममा आधारित भई अनलाइन र अफलाइन सिकाइ सामग्री तयार पारियो। न्यूनतम् सिकाइ सुनिश्चितताका लागि पाठ्यक्रमअनुरूप पाठ्यवस्तु समायोजन गरियो । पाठहरू रेडियो र टेलिभिजनबाट प्रसारण गरिनुका साथै वेबसाइटहरूमा पनि उपलब्ध गराइयो। जुन २०२० मा सरकारले वैकल्पिक माध्यमबाट शिक्षण सञ्चालन गर्ने निर्णय गऱ्यो।

यस अवधिमा सिकाइ निरन्तरताका लागि विकास, व्यवस्थापन, र सञ्चालन गरिएका विभिन्न वैकल्पिक सिकाइका विधिहरूमध्ये प्रविधिमा आधारित विधिहरू प्रमुख थिए। तर त्यस वेला नेपालमा केवल १२% घरपरिवारमा मात्र इन्टरनेटको पहुँच थियो भने ग्रामीण क्षेत्रमा यो पहुँच अझै कम थियो।[१२] वैकल्पिक सिकाइको अनलाइन प्रविधिमा जाँदा इन्टरनेटको पहुँच, उपकरण र डिजिटल साक्षरताको अभावले धेरै विद्यार्थीहरू यस प्रक्रियामा सहभागी हुन सकेनन्। यसले नेपालको शिक्षामा रहेको गहिरो असमानता र डिजिटल विभेदलाई उजागर मात्र गरेन शिक्षामा रहेको असमानतालाई झनै बढायो। विशेष गरी छात्राहरू, न्यून आय भएका परिवारका बालबालिका र ग्रामीण क्षेत्रका बालबालिकाहरूमा वैकल्पिक सिकाइको पहुँच सीमित देखियो।[१३]

लामो समयसम्मको विद्यालय बन्द र एक्लोपनले विद्यार्थीको मानसिक स्वास्थ्य तथा हितमा नकारात्मक असर पुऱ्यायो। महामारीका वेला ठुलो सङ्ख्यामा विद्यार्थीमा डिप्रेसन र चिन्ताका लक्षण देखिए । धेरै विद्यार्थीले आफ्नो शिक्षा र भविष्यबारे चिन्ता, तनाव र अनिश्चितताको अनुभव गरे, जुन उनीहरूका परिवारले सामना गरेको आर्थिक चुनौतीले थप जटिल बनायो।[१४] महामारीले ल्याएको आर्थिक कठिनाइले केही परिवारलाई आफ्ना बालबालिकालाई स्थायी रूपमै विद्यालय छुटाउन बाध्य बनायो।[१५] विद्यालय छाड्ने दरमा देखिएको वृद्धिले नेपालको शैक्षिक उपलब्धि र जनशक्ति विकासमा दीर्घकालीन असर पार्न सक्ने देखिन्छ।[१६] कोभिड-१९ महामारीले नेपालको शिक्षा प्रणालीमा रहेको वैकल्पिक सिकाइ तथा सिकाइ निरन्तरताको अपर्याप्ततालाई उजागर गऱ्यो। शिक्षा प्रणालीको उत्थानशीलताका लागि वैकल्पिक विधि, माध्यम, पूर्वाधारमा काम गर्नुपर्ने आवश्यकता देखियो।

## २.४ प्राविधिक जोखिम र विद्यालय शिक्षामा यसको असर

संरचना भत्किने, औद्योगिक दुर्घटना, र साइबर खतरासँग सम्बन्धित प्राविधिक जोखिमहरूले विद्यालय शिक्षा प्रणालीमा ठुलो चुनौती खडा गरेका छन्। विद्यालयमा विद्युतीय कारणबाट हुने आगलागी, जीर्ण पूर्वाधार भत्किने अवस्था र प्रविधिजन्य जोखिमका लागि आवश्यक पूर्वतयारी पर्याप्त छैन। पछिल्लो समयमा विद्यालयले विद्यार्थीका लागि प्रयोग गर्ने सवारी साधनहरूको दुर्घटना बढेको र विद्यार्थीको ज्यानसमेत जाने गरेको छ ।यसका अतिरिक्त डिजिटल शैक्षिक

[11] UNICEF (2020). COVID-19: Are Children Able to Continue Learning During School Closures.
[12] NTA (2020). Annual Report 2020. Nepal Telecommunications Authority. Kathmandu
[13] WB (2021). Nepal COVID-19 Emergency Response for Education Sector.
[14] SC (2021). Education Disrupted: The Impact of COVID-19 on Schooling in Nepal. Save the Children.
[15] UNICEF (2020). COVID-19: Are Children Able to Continue Learning During School Closures
[16] WB (2021). Nepal COVID-19 Emergency Response for Education Sector. World Bank.

उपकरणहरूमा बढ्दो निर्भरताले साइबर आक्रमण, डाटा चुहावट, र डिजिटल प्लेटफर्महरूको दुरुपयोग जस्ता जोखिमबाट विद्यार्थीको सुरक्षा, हित तथा सिकाइमा बाधा पुग्न सक्ने देखिन्छ।

## २.५ द्वन्द्व, हिंसा तथा दैनिक जोखिम र विद्यालय शिक्षामा यसको असर

विभिन्न प्रकारका प्रकारका दुर्व्यवहार, द्वन्द्व तथा हिंसाले विद्यार्थी र शिक्षकहरूको सुरक्षा, हित र सिकाइ वातावरणमा असर पार्छ। राजनीतिक द्वन्द्व, बन्द हडताल, सामुदायिक विवाद वा सामाजिक अशान्तिका वेला विद्यालय अनायासै निशाना बन्ने गर्दछन्।यसबाट शिक्षक विद्यार्थी असुरक्षित हुने र पठनपाठनसमेत अवरुद्ध हुने गर्दछ। विद्यालयमा बुलिङ (धम्की वा हेप्ने कार्य), हैरानी (उत्पीडन) र भेदभाव जस्ता कार्य हुन्छन् भने विद्यालयभित्र विद्यार्थी तथा शिक्षकले सुरक्षा महसुस गर्न सक्दैनन् जसले विद्यार्थीको मानसिक र भावनात्मक विकासमा असर पार्छ। केही क्षेत्रहरूमा लैङ्गिक हिंसा र सामाजिक असमानताले छात्राहरू र सीमान्तकृत समुदायका लागि विद्यालय असुरक्षित हुन सक्छन्। यी चुनौतीलाई न्यूनीकरण गर्न आवश्यक रणनीतिक व्यवस्था, सामुदायिक सहभागिता, रिपोटिङ संयन्त्र, मनोसामाजिक सहयोगको प्रबन्ध तथा विद्यालय शान्ति क्षेत्रप्रतिको प्रतिवद्धताले विद्यालयलाई हिंसामुक्त र समावेशी वातावरणसहितको सुरक्षित सिकाइ स्थानका रूपमा विकास गर्न सहयोग पुग्छ।

# ३. नीति तथा शासकीय ढाँचा

## ३.१ विपत् जोखिम न्यूनीकरण, जलवायु परिवर्तन र विद्यालय सुरक्षासम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय नीति उपकरण

सन् २०१५ पछि, विपत् जोखिम न्यूनीकरण, जलवायु परिवर्तन, दिगो विकास र विद्यालय सुरक्षाका लागि महत्त्वपूर्ण कार्यढाँचा विकास गरिए। यी नीतिगत उपकरणहरूले आआफ्नो क्षेत्रमा आगामी दिशा र प्राथमिकता निर्धारण गरेका छन्। यी दस्तवेजहरू एक अर्कामा अन्तरसम्बन्धित छन् र सामूहिक रूपमा विश्वलाई उत्थानशील, सुरक्षित र जलवायु अनुकूलित बनाउन दिशानिर्देश गर्दछन्। यी उपकरणहरूले प्रत्यक्ष वा परोक्ष रूपमा विद्यालय सुरक्षा र उत्थानशीलताको महत्त्वलाई समावेश गरेका छन् जसले राष्ट्रिय तहमा विद्यालय सुरक्षा नीति, योजना निर्माण र कार्यान्वयनका लागि मार्गदर्शन प्रदान गर्दछन्। यहाँ सम्बन्धित प्रमुख अन्तराष्ट्रिय नीतिगत उपकरणहरूको सङ्क्षेपमा समीक्षा गरिएको छ।

| नीति उपकरण | | विद्यालय सुरक्षाकासँग सम्बन्धित व्यवस्था |
|---|---|---|
| १. | **बाल अधिकार सम्बन्धी महासन्धि, १९८९** | बाल अधिकारसम्बन्धी महासन्धिले शिक्षा क्षेत्रमा बालबालिकाको अधिकार र उत्थानशीलतालाई समर्थन गर्दछ, जुन बृहत् विद्यालय सुरक्षा अवधारणाको मूल आधार हो। बालबालिकालाई हिंसा, दुर्व्यवहार र उपेक्षाबाट जोगाउनु, विपत् वा सङ्कटको समयमा उनीहरूको सुरक्षा सुनिश्चित गर्ने (धारा १९), स्वास्थ्यको उच्चतम मापदण्ड प्रवर्धन गर्ने र विद्यालयभित्र भौतिक सुरक्षा सुनिश्चित गर्ने (धारा २४), तथा आपत्कालीन अवस्थामा समेत सुरक्षित वातावरणमा गुणस्तरीय शिक्षामा पहुँच सुनिश्चित गर्ने (धारा २८) विषय समावेश छन्। यसका अतिरिक्त यस महासन्धिले बालबालिकालाई जोखिमहरूसँग अनुकूलन हुन र उत्थानशीलता तथा महत्त्वपूर्ण जीवनोपयोगी सिप सिकाउने शिक्षामा जोड दिएको छ (धारा २९)। |
| २. | **विपत् जोखिम न्यूनीकरणका लागि सेन्डाई कार्यढाँचा ( २०१५-२०३०)** | विपत् जोखिम न्यूनीकरणका लागि सेन्डाई कार्यढाँचा, २०१५—२०३० विपत् जोखिम र यसबाट हुने क्षतिलाई उल्लेखनीय रूपमा घटाउने लक्ष्य लिएको बृहत् रणनीति हो। यसले प्रतिकार्य, पुनर्लाभ, पुनर्स्थापना र पुनर्निर्माणमा समावेशी, लैङ्गिक-समतामूलक र विश्वव्यापी रूपमा पहुँचयोग्य दृष्टिकोणहरूको नेतृत्व र प्रवर्धन गर्न महिला र अपाङ्गता भएका व्यक्तिलाई सशक्तीकरण गर्न जोड दिन्छ। सेन्डाई कार्यढाँचाले शिक्षालगायत सबै क्षेत्रहरूमा विपत् जोखिम न्यूनीकरण गर्न र उत्थानशीलता विकास गर्न एकीकृत ढाँचा प्रस्तुत गरेको छ । यस कार्यढाँचाले शिक्षा प्रणालीको सुरक्षा र विपत्का समयमा र त्यसपछि पनि सिकाइ निरन्तरता सुनिश्चितका लागि जोड दिएको छ। सेन्डाई कार्यढाँचाका चार प्राथमिकताका क्षेत्रहरूमध्ये प्राथमिकता एक: विपत् जोखिम न्यूनीकरण सम्बन्धी ज्ञान र चेतना बढाउन सरकारी अधिकारी र नागरिक समाजको क्षमता विकासमा केन्द्रित छ। विद्यालय क्षेत्रको जोखिम लेखाजोखा तथा पहिचान, विद्यालय सुरक्षा तथा विपत् व्यवस्थापन योजनाको विकास, सुरक्षित विद्यालय पूर्वाधार निर्माण र मर्मतसम्भार, |

| | | |
|---|---|---|
| | | विपत् पूर्वतयारी, प्रतिकार्य र पुनर्लाभका उपायहरूका विषयमा शिक्षक, विद्यार्थी र विद्यालय व्यवस्थापन समितिको क्षमता विकास, पाठ्यक्रममा विपत् जोखिम न्यूनीकरण अवधारणाहरू समावेश, विपत् पूर्वतयारी र प्रतिकार्यलाई सुदृढ पार्न विद्यालय, अभिभावक र स्थानीय सरोकारवालाहरूबिच सहकार्य जस्ता विद्यालय सुरक्षासँग सम्बन्धित विषय यस कार्यढाँचामा समावेश छन्। |
| ३. | **पेरिस सम्झौता, २०१५** | संयुक्त राष्ट्रसङ्घीय जलवायु परिवर्तनसम्बन्धी महासन्धि (UNFCCC) अन्तर्गत सन् २०१५ मा भएको पेरिस सम्झौताले जलवायु परिवर्तनको सामना गर्न र यसका प्रभावहरूसँग अनुकूलन हुन प्रतिबद्धता प्रस्तुत गरेको छ । यस सम्झौताले शिक्षा लगायत सबै क्षेत्रहरूमा उत्थानशीलता निर्माणमा जोड दिएको छ । शिक्षामा उत्थानशीलताले नीति, पाठ्यक्रम र विद्यालय पूर्वाधारमा जलवायु परिवर्तन अनुकूलन र विपत् जोखिम न्यूनीकरणलाई एकीकृत गर्दछ । यस सम्झौताले शिक्षाको माध्यमबाट जलवायुसम्बन्धी मुद्दाहरूबारे चेतना र ज्ञान अभिवृद्धि गर्न राष्ट्रहरूलाई प्रोत्साहित गर्दछ, जसले समुदायहरूलाई जलवायु परिवर्तनका चुनौतीहरूको प्रभावकारी रूपमा सम्बोधन गर्न सक्षम बनाउँछ। विद्यार्थी र शिक्षकहरूमा ज्ञान र सिप निर्माण गर्न पाठ्यक्रममा जलवायु परिवर्तन र विपत् जोखिम न्यूनीकरणका विषयहरू समावेश गर्ने; जलवायुजन्य प्रकोप तथा जोखिमहरूको सामना गर्न विद्यालय पूर्वाधारलाई सुदृढ गर्ने; हरित विद्यालय पहलजस्ता दिगो अभ्यासहरूलाई प्रवर्धन गर्ने; विपत् पूर्वतयारी र प्रतिकार्य योजनाहरू तर्जुमा तथा कार्यान्वयनमा समुदाय र सरोकारवालाहरूलाई संलग्न गराउने जस्ता रणनीतिहरूले शिक्षा क्षेत्रको उत्थानशीलता विकासमा जोड दिएको छ। |
| ४. | **दिगो विकास लक्ष्यहरू (SDGs)** | सन् २०१५ मा संयुक्त राष्ट्रसङ्घका सदस्य राष्ट्रहरूद्वारा अपनाइएका दिगो विकास लक्ष्यहरूले सन् २०३० सम्ममा संवृद्ध र दिगो विश्वको भविष्यका लागि तय गरिएका १७ विश्वव्यापी लक्ष्यहरूको सँगालो हो। यी लक्ष्यहरूले गरिबी, असमानता, वातावरणीय दिगोपना र शान्ति जस्ता विश्वव्यापी चुनौतीको सम्बोधन गर्दछन्। विशेष गरी लक्ष्य ४, सबैका लागि समावेशी र समतामूलक गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने र जीवनपर्यन्त सिकाइका अवसरहरूको प्रवर्धनमा केन्द्रित छ । लक्ष्य ४ (गुणस्तरीय शिक्षा) ले शिक्षा प्रणाली उत्थानशील, दिगो र सबैका लागि पहुँचयोग्य भएको सुनिश्चित गर्दछ। यसले वातावरणीय जोखिम न्यूनीकरण र जलवायु अनुकूलताका लागि विद्यालयलाई तयार गरी लक्ष्य १३ (जलवायु कार्य) र लक्ष्य १६ (शान्ति, न्याय र बलियो संस्थाहरू) सँग पनि सामञ्जस्य राख्छ। यस प्रकार दिगो विकास लक्ष्य र बृहत् विद्यालय सुरक्षाले बालबालिकाको हित तथा बालअधिकारलाई केन्द्रमा राखी सुरक्षित सिकाइ वातावरणको सुनिश्चिततामा जोड दिन्छन्। |
| ५. | **दिगो विकासका लागि शिक्षा (ESD)** | दिगो विकासका लागि शिक्षा संयुक्त राष्ट्रसङ्घीय निकायहरू र नागरिक संस्थाहरूद्वारा तयार गरिएको गुणस्तरीय र उत्थानशील शिक्षाको दृष्टिकोण हो। यसले विपत् जोखिम न्यूनीकरण लगायत अन्तरसम्बन्धित विषयहरूलाई एकीकृत गर्दछ। दिगो विकासका लागि शिक्षाले विपद्को समयमा जीवन बचाउने र चोटपटक लाग्न |

| | | |
|---|---|---|
| | | नदिने, अवरोधहरू रोक्ने, आपत्कालीन समयमा सिकाइ सुचारू गर्ने, शीघ्र पुनर्लाभ गर्ने तथा विपत्का घटनाहरूको आर्थिक, सामाजिक र सांस्कृतिक प्रभावहरू कम गर्न सक्ने उत्थानशील जनशक्ति विकास गर्ने जस्ता पक्षहरूलाई समेट्छ। दिगो विकासका लागि शिक्षाले निर्णय प्रक्रियामा दीर्घकालीन दृष्टिकोण, आलोचनात्मक चिन्तन, र समस्या समाधानका लागि समग्र र नवीन दृष्टिकोणहरूलाई प्रोत्साहित गर्दछ। यसको उद्देश्य शिक्षा नीति निर्माताहरू, शिक्षा योजनाकारहरू, र शिक्षक तालिम प्रदान गर्ने संस्थाहरू, सामुदायिक सिकाइ केन्द्रहरू समेतको क्षमता सुदृढ गरी जलवायु परिवर्तन शिक्षा, विपत् पूर्वतयारीका लागि शिक्षा र दिगो विकासका लागि शिक्षा प्रणालीमा एकीकृत गर्न सकियोस् भन्ने हो। |
| ६. | **बृहत् विद्यालय सुरक्षा कार्यढाँचा (२०२२-२०३०)** | बृहत् विद्यालय सुरक्षा कार्यढाँचा २०२२—२०३० शिक्षा क्षेत्रका नीति निर्माताहरू, योजनाकारहरू, विद्यालय प्रशासकहरू र साझेदारहरूलाई बाल अधिकार, दिगो विकास र उत्थानशीलता प्रवर्धनमा मदत गर्न तयार गरिएको कार्यढाँचा हो। यसले बालबालिकाको सिकाइ तथा बाल संरक्षणलाई असर गर्ने प्रकोप तथा जोखिमलाई सम्बोधन गर्न समग्र अवधारणा प्रस्तुत गर्दछ। बृहत् विद्यालय सुरक्षा कार्यढाँचाले सुरक्षित सिकाइ सुविधाहरू; विद्यालय सुरक्षा तथा सिकाइ निरन्तरता व्यवस्थापन; र जोखिम न्यूनीकरण तथा उत्थानशीलता शिक्षालाई विद्यालय सुरक्षाका तीन स्तम्भ र सक्षम प्रणाली र नीतिहरूलाई प्रमुख आधारको रूपमा लिएको छ । तीव्र गतिमा बढिरहेको जलवायु जोखिम, कोभिड-१९ जस्ता महामारी, द्वन्द्व हिंसा र अन्य उदीयमान जोखिमलाई सम्बोधन गर्न बहुप्रकोप तथा बहुजोखिमको अवधारणामा आधारित बाल अधिकार र शिक्षा क्षेत्रको उत्थानशीलतालाई केन्द्रमा राखेर यो कार्यढाँचा तयार गरिएको छ। यो कार्यढाँचा यसअगि २०१२ र २०१६ मा प्रस्तुत गरिएका कार्यढाँचाहरूको परिमार्जित रूप हो। प्राकृतिक प्रकोप, जलवायु परिवर्तन, महामारी, हिंसा र द्वन्द्वलगायत बहुप्रकोपले बालबालिका, विशेष गरी लैङ्गिक, अपाङ्गता र सामाजिक असमानताको सामना गरिरहेकाहरूलाई असामान्य रूपमा प्रभाव पर्दछ। यसले सबैका लागि गुणस्तरीय शिक्षामा सुरक्षित, निरन्तर र समतामूलक पहुँच सुनिश्चित गर्न चाल्नु पर्ने कदमहरूका लागि बृहत् विद्यालय सुरक्षा कार्यढाँचाले दिशानिर्देश गर्दछ। |
| ७. | **हरित विद्यालय गुणस्तर मापदण्ड, २०२४** | जलवायु परिवर्तनले पृथ्वी र मानव अस्तित्व माथिनै जोखिम सिर्जना गरेको छ । यस सन्दर्भमा जलवायु परिवर्तनजन्य प्रभावलाई न्यूनीकरण गर्न विद्यार्थी र समुदायमार्फत जलवायु अनुकूलन कार्य अगि बढाउन विद्यालय तथा शिक्षण संस्थाहरूको भूमिका महत्त्वपूर्ण हुन्छ। यसलाई सम्बोधन गर्न, युनेस्कोले हरित विद्यालय गुणस्तर मापदण्ड २०२४ प्रस्तुत गरेको छ, जुन विद्यालय र सिकाइ वातावरणमा दिगो अभ्यासहरूलाई प्रवर्धन गर्नका लागि तयार गरिएको एक बृहत् दस्तावेज हो। यो हरित शिक्षा साझेदारीको माध्यमबाट सन् २०३० सम्ममा सबै देशहरूमा कम्तीमा ५०% विद्यालयलाई हरित विद्यालय बनाउने विश्वव्यापी लक्ष्यतर्फ काम गर्न सरोकारवालाहरूका लागि एकीकृत कार्यक्रम हो। यो मापदण्ड विद्यालय सुशासन, सुविधा तथा सञ्चालन, शिक्षण सिकाइ र सामुदायिक संलग्नता |

| | |
|---|---|
| | जस्ता चार मुख्य क्षेत्रहरूमा केन्द्रित छ। यस गुणस्तर मापदण्ड हरित अभ्यासमार्फत जलवायु परिवर्तनका चुनौतीहरू र शिक्षा क्षेत्रमा उत्पन्न जोखिम सम्बोधन गर्न नीति निर्माताहरू, शिक्षा क्षेत्रका अधिकारीहरू, आधिकारिक निकायहरू, शिक्षक र समुदायहरूका लागि समेत महत्त्वपूर्ण र उपयोगी रहेको छ। |

## ३.२ विपत् जोखिम न्यूनीकरण, जलवायु परिवर्तन र विद्यालय सुरक्षासम्बन्धी राष्ट्रिय नीति उपकरण

विद्यालय सुरक्षा, विपत् जोखिम न्यूनीकरण, जलवायु परिवर्तन अनुकूलन र दिगो विकासप्रतिको अन्तर्राष्ट्रिय प्रतिबद्धताअनुरूप नेपालले विगत दशकमा थुप्रै नीति तथा योजनाहरू विकास गरेको छ। यी दस्तावेजहरूले आगामी दिनको दिशा निर्देशन र समग्र नीतिगत ढाँचा प्रदान गर्दछन्। विश्वव्यापी प्रतिबद्धताहरूलाई मुलुकको सन्दर्भमा अनुकूलन गरी विद्यालय सुरक्षा र उत्थानशील शिक्षाका लागि नीतिगत ढाँचा र दिशानिर्देश गरेका छन्। राष्ट्रिय नीति तथा योजनामा भएका विद्यालय सुरक्षा र शिक्षा क्षेत्रको उत्थानशीलतासम्बन्धी प्रावधानहरूको यहाँ सङ्क्षेपमा पुनरवलोकन गरिएको छ।

| नीति उपकरण | | विद्यालय सुरक्षासम्बन्धी व्यवस्था |
|---|---|---|
| १. | **नेपालको संविधान** | नेपालको संविधानले विपत् जोखिम न्यूनीकरणलाई राज्यका नीतिका रूपमा प्राथमिकता दिएको छ। प्राकृतिक स्रोतको व्यवस्थापन र उपयोगसम्बन्धी नीतिहरूले प्रकोप तथा विपत्बाट हुने जोखिम न्यूनीकरण गर्न पूर्व सूचना प्रणाली, विपत् पूर्वतयारी, उद्धार कार्य, राहत र पुनर्स्थापना पहलहरूको महत्त्वलाई जोड दिन्छ। संविधानले स्थानीय सरकारहरूलाई आधारभूत तथा माध्यमिक शिक्षा, विपत् जोखिम व्यवस्थापन र जलवायु परिवर्तन अनुकूलनको भूमिका र जिम्मेवारी तोकेकोले बृहत् विद्यालय सुरक्षा कार्यक्रमको कार्यान्वयन स्थानीय सरकारको जिम्मेवारीभित्र पर्दछ। |
| २. | **विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४** | विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ ले संविधानका सिद्धान्तहरूसँग सामञ्जस्य राख्दै विपत् व्यवस्थापन, जोखिम न्यूनीकरण र पुनर्लाभका सबै चरणहरूलाई विस्तृत रूपमा सम्बोधन गरेको छ। यस ऐनले विपत् व्यवस्थापनको समग्र ढाँचा र सबै तहको संरचना निर्धारण गरेको छ। ऐनको एक प्रमुख विशेषता भनेको राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको स्थापना हो, जुन विपत् जोखिम व्यवस्थापन, रणनीतिक योजनाहरू कार्यान्वयन, र विपत् सुसूचित विकास पहलहरूमार्फत उत्थानशीलता प्रवर्धन गर्ने जिम्मेवारी पाएको एक स्थायी निकाय हो। विद्यालय सुरक्षाको सन्दर्भमा यस ऐनले प्राथमिक विद्यालयदेखि उच्च शिक्षासम्मका शैक्षिक पाठ्यक्रमहरूमा विपत् व्यवस्थापनका विषयहरूलाई एकीकृत गर्न अनिवार्य गरेको छ (दफा ८)। |
| ३. | **स्थानीय सरकार सञ्चालन ऐन, २०७४** | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले संविधानका स्थानीय तहमा अधिकारको बाँडफाँडसम्बन्धी प्रावधानहरू कार्यान्वयन गर्न सहजीकरण गर्दछ। यस ऐनले स्थानीय सरकारको व्यवस्थापकीय, कार्यकारिणी र अर्धन्यायिक कार्यहरूलाई संस्थागत गर्न कानुनी ढाँचा प्रदान गर्दछ। यस ऐनअनुसार, आधारभूत र माध्यमिक शिक्षा (दफा ११. ज), विपत् तथा जलवायु जोखिम लेखाजोखा, न्यूनीकरण र व्यवस्थापन (दफा |

| | | |
|---|---|---|
| | | ११. ञ) को अधिकार स्थानीय सरकारहरूमा निहित छ। विद्यालय सुरक्षा, जलवायु अनुकूलन र विपत् व्यवस्थापनसम्बन्धी काम गर्ने मुख्य जिम्मेवारी स्थानीय सरकारलाई तोकेको छ। |
| ४. | **हरित विद्यालय कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७५** | नेपाल सरकारद्वारा प्रस्तुत हरित विद्यालय कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७५ ले विद्यालय र तिनका वरपरका क्षेत्रहरूमा व्यापक हरियालीमार्फत दिगो विकास प्रवर्धन गर्ने लक्ष्य राखेको थियो। "एक विद्यालय, एक बगैँचा" पहलमा केन्द्रित यो कार्यक्रमले हरित, शान्तिपूर्ण र सुरक्षित विद्यालय वातावरण सिर्जना गर्दै पारिस्थितिक सन्तुलन कायम गर्ने र प्रदूषण न्यूनीकरण गर्ने उद्देश्य राखेको थियो। विद्यालयहरूलाई सैद्धान्तिक ज्ञानलाई व्यावहारिक र जीवन उपयोगी अभ्यासहरूसँग जोड्न, र विद्यार्थीलाई व्यावहारिक सिप र आत्मनिर्भरता प्रदान गर्न हरित विद्यालयलाई जीवन्त प्रयोगशालाका रूपमा परिकल्पना गरिएको छ। निर्देशिकाका मुख्य उद्देश्यहरूमा जैविक बगैँचाहरू स्थापना गर्ने, नमुना हरित केन्द्रहरू विकास गर्ने, संरक्षण प्रयासहरूमा समुदायलाई संलग्न गराउने र विद्यार्थी, शिक्षक र अभिभावकहरूबिच वातावरणीय जिम्मेवारी प्रवर्धन गर्ने कार्यक्रमहरू समावेश छन्। |
| ५. | **विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नीति, २०७५** | विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नीति, २०७५ मा विद्यालयदेखि उच्च शिक्षा तहसम्मका शैक्षिक पाठ्यक्रमहरूमा विपत् जोखिमसम्बन्धी विषयहरू समावेश गरिने (७.१)। विपत्सम्बन्धी जानकारी, बुझाइ र सिकाइमा व्यापक पहुँच सुनिश्चित गर्न प्रभावकारी सञ्चार माध्यमहरूको उपयोग गरी सचेतनामूलक र सूचनामूलक कार्यक्रमहरू विकास गरिने र सामुदायिक स्तरसम्म विस्तार गरिने (७.२)। चेतना बढाउनका लागि शिक्षा लगायत विभिन्न क्षेत्रमा विपत् जोखिमको प्रभावलाई दस्तावेजीकरण र नक्साङ्कन गरिने (७.६)। सार्वजनिक संरचनाहरू ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र बालबालिकालगायत सबैका लागि पहुँचयोग्य बनाइने (७.२२)। विकास निर्माणमा जोखिम संवेदनशील पूर्वाधार नीतिहरू अनुसरण गर्ने र जलवायु उत्थानशील निर्माणलाई प्रवर्धन गर्ने (७.२५)। विपद्बाट हुन सक्ने सम्भावित क्षतिलाई बहन गर्न शैक्षिक सुविधाको अनिवार्य बिमालाई प्रोत्साहित गरिने (७.३९)। शैक्षिक संस्थाहरू, अस्पतालहरू र आश्रय स्थलहरूलाई आपत्कालीन अवस्थामा व्यावहारिक प्रयोगका लागि स्तरोन्नति गरिने (७.४८) व्यवस्था छ। |
| ६. | **विपत् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना, २०१८-२०३०** | विपत् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना, २०१८—२०३० ले विद्यालय सुरक्षासँग प्रत्यक्ष रूपमा सम्बन्धित तीनओटा लक्ष्यहरू समावेश गरेको छः उत्थानशीलता बढाउन कक्षाकोठाहरूको मर्मत, सम्भार र सुदृढीकरण (लक्ष्य ४.२), उत्थानशीलता सुधार गर्न विद्यालय भवनहरूको प्रबलीकरण (लक्ष्य ४.३) र विद्यमान विद्यालयहरूबाट विपत् जोखिम न्यूनीकरणका लागि नमुना विद्यालयहरू विकास गर्ने (लक्ष्य ४.४)। रणनीतिक कार्ययोजनाले विद्यालय सुरक्षा प्रवर्धन गर्ने धेरै रणनीतिक कार्यहरू समेटेको छ जस्तैः विद्यालय भवन जस्ता जोखिमयुक्त पूर्वाधारका लागि बहुप्रकोप र जलवायु जोखिम मूल्याङ्कन तथा नक्साङ्कन गर्ने । विद्यालयदेखि विश्वविद्यालय तहसम्म विपत् जोखिम न्यूनीकरण र व्यवस्थापनसँग सम्बन्धित विषय विशेष, अन्तरविषय पाठ्यक्रमहरू विकास गर्ने र अध्ययन, शिक्षण तथा अनुसन्धान |

| | | |
|---|---|---|
| | | प्रणालीलाई संस्थागत गर्ने, सूचनामूलक सामग्रीहरू विकास गर्ने र विपत् जोखिम न्यूनीकरण र व्यवस्थापनमा विद्यार्थी, अभिभावक र शिक्षकहरूको भूमिकाबारे सचेतना अभियान, तालिम र अनुभव आदानप्रदान सञ्चालन गर्ने। विद्यालयहरूमा विपत् जोखिम व्यवस्थापन समितिहरू स्थापना गर्ने। जोखिमयुक्त विद्यालय पूर्वाधारको प्रबलीकरणका लागि निर्देशिकाहरू तयार गर्ने। विद्यालयहरूलाई सबैभन्दा बलियो संरचनाको रूपमा निर्माण, पुनर्निर्माण र सुदृढीकरण गर्ने र सुरक्षित आपत्कालीन आश्रय सेवाहरू प्रदान गर्ने क्षमतामा सुधार गर्ने। विद्यालय प्रबलीकरणमा लगानी बढाउने र विपत् जोखिम न्यूनीकरणका लागि नमुना विद्यालयहरू स्थापना गर्ने। विद्यालय र आश्रय स्थलहरूलाई बालबालिका, ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्ति-मैत्री बनाउने। सबै विद्यालय भवनहरूमा धुवाँ पत्ता लगाउने यन्त्र (smoke detectors) र अग्नि सचेतक (fire alarms) जडान गर्ने। प्रभावकारी पूर्वतयारी र प्रतिकार्यका लागि विभिन्न तहमा (सङ्घीय, प्रदेश, स्थानीय, समुदाय र विद्यालय) नियमित रूपमा नमुना विपत् अभ्यासहरू सञ्चालन गर्ने। विपत्पश्चात् आपत्कालीन अवस्थामा शिक्षा, स्वास्थ्य, पोषण र खानेपानी व्यवस्थापनको प्रावधान सुनिश्चित गर्ने। |
| ७. | **राष्ट्रिय जलवायु परिवर्तन नीति, २०७६** | राष्ट्रिय जलवायु परिवर्तन नीति, २०७६ मा जलवायु परिवर्तनका कारण र प्रभावहरू तथा जलवायुमैत्री परम्परागत ज्ञान, सिप र अभ्यासहरूसँग सम्बन्धित विषयवस्तुहरूलाई औपचारिक र अनौपचारिक शैक्षिक पाठ्यक्रमहरूमा समावेश गर्ने प्रावधान छ। विद्यालयका सम्पर्क व्यक्ति (focal point) लाई जलवायु परिवर्तनसम्बन्धी तालिम प्रदान गरिने र माध्यमिक विद्यालयहरूमा जलवायु परिवर्तनसम्बन्धी गतिविधिहरू सञ्चालन गर्न इकोक्लब गठन गरिने छ (नीति ८.१०)। सङ्घीय र प्रदेश सरकारअन्तर्गतका सम्बन्धित निकायहरू, गैरसरकारी संस्थाहरू, निजी क्षेत्र, शैक्षिक संस्थाहरू र अन्य सरोकारवालाहरूसँग समन्वय र सहकार्यमा जलवायु परिवर्तन न्यूनीकरण र अनुकूलन कार्यक्रमहरू सञ्चालन गरिने। |
| ८. | **राष्ट्रिय अनुकूलन योजना, २०२१-२०५०** | राष्ट्रिय अनुकूलन योजना (NAP) दिगो विकासका लागि २०३० को एजेन्डा र पेरिस सम्झौताका मूल सिद्धान्तहरूसँग मेल खान्छ। राष्ट्रिय अनुकूलन योजनाले स्थानीय तहमा अनुकूलन योजनाहरूको विकास, शैक्षिक पाठ्यक्रमहरूमा जलवायु परिवर्तनका विषयवस्तु एकीकरणमा जोड, जलवायु-अनुकुलन पूर्वाधार विकासलाई जोड दिएको छ । यसले विद्यालय पूर्वाधार र सार्वजनिक भवनका लागि जलवायु उत्थानशील डिजाइन निर्देशिकाहरू विकास गर्ने र विभिन्न शैक्षिक कार्यक्रमहरूमा जलवायु परिवर्तनको जोखिम र अनुकूलन योजनालाई सम्बोधन गर्ने पाठ्यक्रम समावेश गर्न वकालत गर्दछ, जसले सुरक्षित र दिगो विद्यालय वातावरण तयार गर्न जोड दिन्छ। |
| ९. | **नेपालका लागि दिगो विकास लक्ष्य (SDG) को मार्गचित्र** | दिगो विकास लक्ष्य (SDG) ४ ले सबैका लागि समावेशी र समतामूलक गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने र जीवनपर्यन्त सिकाइका अवसरहरू प्रवर्धन गर्ने लक्ष्य राखेको छ। दिगो विकास मार्गचित्रमा उल्लिखित लक्ष्य ४ अन्तर्गत शिक्षा क्षेत्रका आठ प्रमुख हस्तक्षेपहरूमध्ये, विपत् जोखिम न्यूनीकरण र विद्यालयहरूको भौतिक सुरक्षालाई प्राथमिकता दिइएको छ। विद्यालय सुरक्षा दुई मुख्य लक्ष्यहरूसँग जोडिएको छः लक्ष्य ४ र लक्ष्य १३। लक्ष्य ४, बालमैत्री, अपाङ्गता समावेशी र |

| | | |
|---|---|---|
| | | लैङ्गिक संवेदनशील शैक्षिक सुविधाहरू निर्माण र स्तरोन्नतिमा केन्द्रित छ भने लक्ष्य १३ जलवायु परिवर्तनसँग सम्बन्धित छ, यसले जलवायु परिवर्तन अनुकूलन, प्रभाव न्यूनीकरण र पूर्व सूचना प्रणालीका लागि शिक्षा, सचेतना, र व्यक्ति तथा संस्थाहरूको क्षमता अभिवृद्धिमा जोड दिन्छ। यसमा जलवायु परिवर्तन शिक्षाले समेटेका विद्यालयहरूको अनुपात बढाउने प्रावधान पनि समावेश छ। |
| १०. | **राष्ट्रिय शिक्षा नीति, २०७६** | राष्ट्रिय शिक्षा नीति, २०७६ ले विद्यालयका भौतिक पूर्वाधारहरूलाई बृहत् विद्यालय सुरक्षाको अवधारणानुरूप विपत् उत्थानशील स्थानका रूपमा तयार गरी सबै विद्यालयहरूलाई सुरक्षित र हरित विद्यालयको रूपमा विकास गर्ने नीति लिएको छ (नीति ४५)। यसका लागि विद्यालयहरूमा भौतिक पूर्वाधार र सिकाइ वातावरणलाई विपत् उत्थानशील बनाइने छ। शैक्षिक संस्थाहरूमा सुरक्षित विद्यालय र विपत् व्यवस्थापनको सैद्धान्तिक र व्यावहारिक ज्ञान प्रदान गरिने, विपत् पूर्वतयारी, प्रतिकार्य, जोखिम न्यूनीकरण, पुनर्लाभ, र सुरक्षित विद्यालय अभ्यासहरू नियमित रूपमा सञ्चालन गरिने, पाठ्यक्रममा विपत् जोखिम न्यूनीकरणका लागि प्रावधानहरू समावेश गरिने, विद्यालयहरूलाई बालमैत्री, लैङ्गिक संवेदनशील, अपाङ्गतामैत्री, हिंसामुक्त र भयमुक्त सिकाइ केन्द्रका रूपमा विकास गरिने नीति लिएको छ । सबैका लागि सुरक्षित र अनुकूलित सिकाइ वातावरण तयार गर्ने समग्र दृष्टिकोण शिक्षा नीतिका रूपमा समावेश गरेको छ। |
| ११. | **विद्यालय शिक्षा क्षेत्र योजना (SESP), २०२२** | विद्यालय शिक्षा क्षेत्र योजना (SESP) २०२२-२०३० ले आपत्कालीन र सङ्कटको समयमा शिक्षाको प्रावधान, विद्यालय पूर्वाधार विकास र विद्यालय सुरक्षामा जोड दिएको छ। यस योजनाले विद्यालयहरूले आपत्कालीन, सङ्कट, वा महामारीलगायत कुनै पनि परिस्थितिमा बालबालिकाको शिक्षाको अधिकारको सुनिश्चितता गर्दछ। सबै विद्यालयहरूमा बालमैत्री, अपाङ्गतामैत्री, विपत् उत्थानशील र सुरक्षित पूर्वाधार तयार भएको हुनेछ र एक समावेशी शैक्षिक वातावरणप्रति पनि प्रतिबद्धता जनाउँछ जहाँ सबै पृष्ठभूमिका बालबालिकाहरूले संरक्षण र हिंसा रोकथाम नीति, प्रणाली र पाठ्यक्रमलाई एकीकृत वातावरणमा सिक्न पाउने छन्। विद्यालयभित्र र वरपर हिंसा वा बहिष्करणको सामना गरिरहेका बालबालिकाहरूलाई आवश्यक सेवा र शिक्षामा उनीहरूको पहुँच सुनिश्चित गर्ने प्रावधानहरू समावेश गरिएको छ। |

# ४. नेपालमा विद्यालय सुरक्षाका लागि विगतमा भएका प्रयास

## ४.१ नेपालमा विद्यालय सुरक्षाका लागि भएका प्रमुख प्रयास

नेपालमा सुरक्षित विद्यालयको अवधारणा तथा कार्यहरूको सुरुआत सन् १९८८ (२०४५ साल) को उदयपुर भूकम्पपछि भएको हो। त्यसपछि विगत ३५ वर्षदेखि विद्यालय सुरक्षासम्बन्धी निरन्तर प्रयास हुँदै आएको छ। यसमा विद्यालय सुरक्षाका संरचनात्मक र गैरसंरचनात्मक पक्षहरू, विपत् प्रतिकार्यका लागि पूर्वतयारी, शिक्षण सिकाइ अभ्यासहरू तथा नीति र सुशासनका पक्षमा काम भएको छ। तलको तालिकामा नेपालमा विद्यालय सुरक्षा प्रवर्धनका लागि भएका प्रमुख प्रयासलाई सङ्क्षिप्त रूपमा प्रस्तुत गरिएको छ।

| वर्ष | प्रमुख कार्य |
|---|---|
| १९८८-१९९५ | पूर्वी नेपालमा २०४५ साल (सन् १९८८) को भूकम्पपछि जाईका (JICA) को सहयोगमा गरिएको विद्यालयहरूको पुर्ननिर्माणमा भूकम्प सुरक्षित प्रविधिको प्रयोग गरिएको थियो। |
| १९९०-१९९४ | भौतिक योजना तथा निर्माण मन्त्रालय स्थापना गऱ्यो। सुरक्षित भवन निर्माणका लागि भवन संहिता तर्जुमा गरियो। |
| १९९७-१९९९ | भूकम्प प्रविधि राष्ट्रिय समाज (NSET) र जियोह्याजाड्‌र्स इन्टरनेसनलको सहकार्यमा काठमाडौं उपत्यमा समुदायमा आधारित विद्यालय भूकम्प सुरक्षा कार्यक्रम (SESP) मार्फत ९५ ओटा सरकारी विद्यालयहरूको प्रबलीकरण गरियो। |
| १९९९ | नेपाल सरकारले भवन ऐन स्वीकृत गऱ्यो। सहरी विकास तथा भवन निर्माण विभाग (DUDBC), युएनडिपी (UNDP) र एनसेट (NSET) को सहकार्यमा नगरपालिकाका अधिकृतहरूका लागि भवनसँग सम्बन्धित भूकम्पीय जोखिमबारे तालिम सञ्चालन भयो। |
| १९९९-२००० | धेरै अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूले विद्यालय, अस्पताल र अन्य मुख्य भवनको भूकम्पीय जोखिम अद्यावधिक गर्न संरचनात्मक र गैरसंरचनात्मक जोखिम लेखाजोखा कार्यक्रमहरू सञ्चालन गरे। |
| २००३ | दसौं पञ्चवर्षीय योजना (२००२-२००७) मा विकास परियोजनाहरूको विपत् प्रभाव मूल्याङ्कन अनिवार्य गरियो। |
| २००६-२०११ | विद्यालयमा आधारित विपत् जोखिम न्यूनीकरण परियोजनाले विद्यालय पाठ्यक्रममा विपत् जोखिम न्यूनीकरणलाई एकीकृत गरी पाठ्यपुस्तक सुधारको काम गऱ्यो। |
| २००६-२०१४ | राष्ट्रिय पाठ्यक्रम प्रारूप (२००६-२०१४) ले स्थानीय विषयवस्तुमा जोड दिँदै विपत् जोखिम न्यूनीकरणको विषयवस्तुलाई २०% अंशका रूपमा समावेश गऱ्यो। |
| २००९-२०११ | विपत् जोखिम व्यवस्थापनका लागि राष्ट्रिय रणनीति तयार गरी यसको कार्यान्वयनका लागि नेपाल सरकारलाई सहयोग गर्न नेपाल जोखिम न्यूनीकरण कार्यमञ्च स्थापना भयो। यस कार्यमञ्चले पाँच प्रमुख प्राथमिकता प्राप्त कार्यक्रमहरूमध्ये विद्यालय सुरक्षालाई पहिलो प्राथमिकताका रूपमा राखी यसमा विद्यालयहरूको भौतिक पूर्वाधार सुधार समावेश गरियो। |
| २००९-२०१५ | विद्यालय क्षेत्र सुधार योजना (२००९-२०१५) मा विद्यालय सुरक्षालाई एकीकृत गरियो यसमा पूर्वाधार सुदृढीकरण, क्षमता विकास, जलवायु उत्थानशीलता र संयुक्त विषयगत कार्यसमूह स्थापना गर्ने जस्ता विषय समावेश गरियो। |

| | |
|---|---|
| २०१० | पाठ्यक्रम विकास केन्द्रले युनेस्कोका लागि नेपाल राष्ट्रिय आयोगको सहकार्यमा विद्यालय पाठ्यक्रममा विपत् जोखिम न्यूनीकरणसम्बन्धी विषयवस्तु समावेश गर्न सुरु गर्‍यो। |
| २०१० | बालमैत्री विद्यालय ढाँचा (२०१०) को सुरुआतले स्वास्थ्य, सुरक्षा र संरक्षणको महत्त्वलाई थप जोड दिँदै विद्यालयमा प्राथमिक उपचार र आगलागी नियन्त्रणका लागि विशेष आवश्यकताहरू समावेश गरिए। |
| २०११ | द्वन्द्वको समयमा बाल संरक्षण र सिकाइ निरन्तरता सुनिश्चित गर्ने राजनीतिक प्रतिबद्धता अनुरूप विद्यालय शान्ति क्षेत्र (SZOP) राष्ट्रिय ढाँचा तथा कार्यान्वयन निर्देशिका लागु गरियो। |
| २०१२ | युनिसेफ, युनेस्को र सेभ द चिल्ड्रेनको सहयोगमा नेपालमा शिक्षा क्षेत्रका विपत् जोखिम न्यूनीकरणसम्बन्धी सरोकारवालाहरू र पहलहरूको विस्तृत नक्साङ्कन गरी नेपालको शिक्षा क्षेत्रको विपत् जोखिम न्यूनीकरणका लागि मार्गचित्र तयार पारियो। शिक्षा नीति र योजना निर्माणमा विपत् जोखिम न्यूनीकरणको मूलप्रवाहीकरण, पठन पाठनमा विपत् जोखिम न्यूनीकरण समावेशीकरण, विद्यालय सुरक्षा र विपत् जोखिम व्यवस्थापनको प्रवर्धन यस रोडम्यापमा चारओटा प्रमुख रणनीतिहरू थिए। |
| २०१४ | बृहत् विद्यालय सुरक्षा र आपत्कालीन अवस्थामा शिक्षाका लागि नेपाल शिक्षा क्षेत्रको एक झलक (Nepal Education Sector Snapshot) तयार गरियो। एसियाली विकास बैङ्क र शिक्षा मन्त्रालयको सहकार्यमा नेपालभरका विद्यालयमा विपत् उत्थानशीलता प्रवर्धन गर्न दूरगामी रणनीति विकास गरियो। |
| २०१५ | सन् २०१५ को भूकम्प लगत्तै विपत्पश्चात्को आवश्यकता लेखाजोखा (PDNA) का साथै १४ भूकम्प प्रभावित जिल्लाहरूमध्ये ११ जिल्लाका ५,१४६ विद्यालयहरूको संरचनात्मक लेखाजोखा गरियो। यस भूकम्पपछिको शिक्षा पुनर्लाभ कार्यक्रमले बृहत् विद्यालय सुरक्षालाई प्रवर्धन र सुदृढ गर्न एक महत्त्वपूर्ण अवसर प्रदान गर्‍यो। धेरै संस्थाहरूले विद्यालय व्यवस्थापन समितिको अभिमुखीकरण, शिक्षक तालिम र स्थानीय सरकारहरूको क्षमता विकासमा विद्यालय सुरक्षाको विषय समावेश गरे। |
| २०१५-२०१९ | विश्व बैङ्कको विपत् जोखिम न्यूनीकरण तथा पुनर्लाभका लागि विश्वव्यापी सुविधा (GFDRR) अन्तर्गतको सुरक्षित विद्यालयका लागि विश्वव्यापी कार्यक्रमको रूपमा नेपाल सुरक्षित विद्यालय कार्यक्रम (NSSP) ले विद्यालयमा भएको क्षतिको विस्तृत सर्वेक्षण गर्‍यो । यसमा भूकम्पबाट सबैभन्दा बढी प्रभावित १४ जिल्लाका १८,००० भन्दा बढी विद्यालय भवनहरूको स्थलगत निरीक्षण गरिएको थियो। यसको आधारमा विद्यालय पुनर्निर्माणका लागि प्राथमिकतामा आधारित लगानी योजना विकास गरियो। |
| २०१६ | प्राथमिक विद्यालय व्यवस्थापन सुधार सहयोग परियोजनाले बालकेन्द्रित विपत् जोखिम न्यूनीकरण कन्सोर्टियमको सहयोगमा विद्यालय सुधार योजना तर्जुमा निर्देशिकामा विद्यालय सुरक्षाका विषयवस्तु समावेश गर्‍यो । यसबाट एकैपटक देशव्यापी कार्यान्वयनका लागि मदत पुग्यो । |
| २०१६-२०२२ | विद्यालय क्षेत्र विकास योजना २०१६/१७-२०२२/२३ ले बृहत् विद्यालय सुरक्षालाई प्राथमिकता राखी विद्यालय शिक्षालाई उत्थानशील बनाउने प्रतिबद्धता गर्‍यो। यस योजनाले विद्यालय तहमा विपत् जोखिम व्यवस्थापनलाई सुदृढ गरी विद्यार्थी र समुदायहरूमा |

| | |
|---|---|
| | उत्थानशीलता बढाएर शिक्षा क्षेत्रमा बृहत् विद्यालय सुरक्षा र विपत् जोखिम न्यूनीकरणलाई मूलप्रवाहीकरण गर्ने कुरामा सहयोग पुग्यो। |
| २०१६ | शिक्षा तथा मानव स्रोत विकास केन्द्रले बालबालिका केन्द्रित विपत् जोखिम न्यूनीकरण कन्सोर्टियमको सहयोगमा प्रधानाध्यापक र शिक्षकहरूका लागि बृहत् विद्यालय सुरक्षासम्बन्धी तालिम प्याकेज विकास गऱ्यो। |
| २०१७ | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले सन् २०३० सम्ममा देशभर बृहत् विद्यालय सुरक्षा कार्यान्वयन गर्ने लक्ष्यका साथ बृहत् विद्यालय सुरक्षा गुरुयोजना, २०१७ लागु गऱ्यो। यो गुरुयोजना यस अगि विद्यालय सुरक्षासम्बन्धी भएका पहलहरू र विश्वव्यापी बृहत् विद्यालय सुरक्षा कार्यढाँचाको आधारमा तयार गरिएको थियो। |
| २०१८ | बृहत् विद्यालय सुरक्षा गुरुयोजनाका रणनीतिक उद्देश्य र कार्यढाँचाअनुसार विद्यालयमा कार्यान्वयन गर्नको लागि बृहत् विद्यालय सुरक्षा न्यूनतम प्याकेज, २०१८ तयार गरियो । यस न्यूनतम प्याकेजमा बृहत् विद्यालय सुरक्षा कार्यढाँचाका तीन स्तम्भहरू अन्तर्गत १६ ओटा क्रियापलापहरू न्यूनतम् गतिविधिका रूपमा समावेश गरिएको थियो। |
| २०१९ | राष्ट्रिय शिक्षा नीति, २०७६ ले विद्यालय भवनलगायत सम्पूर्ण भौतिक पूर्वाधार विपत् जोखिममुक्त बनाउनुका साथै सबै विद्यालयलाई सुरक्षित एवम् हरित विद्यालयको रूपमा विकास गर्ने नीति समावेश गरेको छ। |
| २०१९ | बृहत् विद्यालय सुरक्षा गुरुयोजना र न्यूनतम प्याकेजको कार्यान्वयनलाई सहजीकरण गर्न बृहत् विद्यालय सुरक्षा कार्यान्वयन कार्यविधि, २०७५ तयार गरियो। यस कार्यविधिले बृहत् विद्यालय सुरक्षा कार्यान्वयनमा विद्यालय, स्थानीय सरकार र अन्य सरोकारवालाहरूको भूमिका र जिम्मेवारी स्पष्ट पार्नुका साथै अनुसूचीमा विद्यालय सुरक्षा लेखाजोखा औजारहरू र अन्य सहयोगी सामग्रीहरू राखी विद्यालय सुरक्षा गतिविधिहरूको प्रभावकारी कार्यान्वयनलाई सहजीकरण गर्ने स्रोत सामग्रीको रूपमा तयार गरियो। |
| २०१९ | सुरक्षित विद्यालयहरूको महत्त्वबारे चेतना जगाउन र बृहत् विद्यालय सुरक्षा गुरुयोजना र न्यूनतम् प्याकेजबारे सरोकारवालाहरूलाई जानकारी गराउन बृहत् विद्यालय सुरक्षा सञ्चार तथा सम्प्रेषण रणनीति, २०१९ तयार गरियो। |
| २०२१ | भूकम्प प्रविधि राष्ट्रिय समाजको प्राविधिक सहयोगमा विद्यालय प्रबलीकरण निर्माण मापदण्ड तयार गरियो। यस मापदण्डले निर्माणकर्मीको स्वास्थ्य र सुरक्षा, सामग्रीको विवरण, इन्जिनियरिङ निर्माण रेखाचित्र, चरणबद्ध निर्माण प्रक्रियाहरू, र उच्च निर्माण गुणस्तर मापदण्डहरू सुनिश्चित गर्न विस्तृत मार्गदर्शन प्रदान गऱ्यो। |
| २०२२ | आपत्कालीन तथा सङ्कटका समयमा शिक्षा विद्यालयको भौतिक पूर्वाधार विकास र विद्यालय सुरक्षा जस्ता तीनओटा बृहत् विद्यालय सुरक्षासँग सम्बन्धित अन्तरसम्बन्धित क्षेत्रहरू राखी विद्यालय शिक्षा क्षेत्र योजना (२०२२) ले बृहत् विद्यालय सुरक्षासम्बन्धी कार्यक्रम समावेश गरेको छ। |
| २०२३ | देशभरका विद्यालयको विद्यालयको पूर्वाधार विकास तथा व्यवस्थापनमा एकरूपता कायम गरी सुरक्षित, गुणस्तरीय र सिकाइमैत्री विद्यालय पूर्वाधार निर्माणमा सहयोग पुऱ्याउन विद्यालय भौतिक पूर्वाधार निर्माण मापदण्ड, २०२३ लागु गरियो। |

*प्रमुख प्रयासहरूको सारांश*

२०४५ साल (सन् १९८८) मा उदयपुर केन्द्रबिन्दु भएर आएको भूकम्पले नेपालको पूर्वी भागमा गम्भीर असर पुऱ्यायो। लगभग १४,००० कक्षाकोठाहरूमा क्षति पुग्यो र यसबाट करिव तीन लाखभन्दा बढी बालबालिकाको सिकाइमा अवरोध पुग्यो।[१७] उक्त भूकम्पपछिको पुनर्निर्माणमा पहिलो पटक सुरक्षित निर्माण अभ्यास सुरु गरियो। यसपछि विद्यालय भूकम्प सुरक्षा कार्यक्रम, राष्ट्रिय भवन ऐन र विद्यालयको जोखिम लेखाजोखा जस्ता पहलहरू भए। यसरी सन् २००० भन्दा अगिको अवधि नेपालमा विद्यालय सुरक्षा अभ्यासको प्रारम्भिक चरण थियो।

सन् २००० र २०१५ का बिचमा, विद्यालय शिक्षा क्षेत्रमा विपत् जोखिम न्यूनीकरणलाई एकीकरण गर्ने प्रयासहरूको विस्तार भयो जसमा विद्यालय विपत् व्यवस्थापन र पाठ्यक्रमसम्बन्धी दुवै गतिविधि समावेश भए। यद्यपि यी प्रयास धेरैजसो परियोजनामा आधारित र छरिएका थिए। यस अवधिमा शिक्षा क्षेत्रमा विपत् जोखिम न्यूनीकरणका लागि मार्गचित्र, २०१२ र नेपालका विद्यालयका लागि विपत् उत्थानशीलता विकास रणनीति,२०१४ प्रमुख कोसेढुङ्गा थिए। त्यसैगरी विद्यालय क्षेत्र सुधार कार्यक्रम २००९ मा उत्थानशीलतालाई कार्यक्रमको एक महत्त्वपूर्ण अंशका रूपमा समावेश गरियो। यद्यपि विद्यालय सुरक्षाको अवधारणा अझै मूलप्रवाहीकरण भने हुन सकेको थिएन।

सन् २०१५, विपत् जोखिम न्यूनीकरण, जलवायु परिवर्तन र दिगो विकासको विश्वव्यापी नीतिगत परिदृश्यमा एक महत्त्वपूर्ण कोसेढुङ्गा थियो। यो वर्ष नेपालका लागि पनि त्यत्तिकै महत्त्वपूर्ण थियो । नेपालमा नयाँ सङ्घीय संविधान लागु भयो । नेपालको इतिहासकै सबैभन्दा विनाशकारी विपत् मध्येको, २०७२ वैशाखको गोरखा भूकम्पबाट जनधनको ठुलो क्षति भयो । हजारौं विद्यालयहरूमा क्षति पुग्यो र लाखौं बालबालिकाको शिक्षा अवरुद्ध भयो। यसबाट विद्यालय सुरक्षालाई तत्काल प्राथमिकतामा राख्नुपर्ने आवश्यकता महसुस गरी शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले बृहत् विद्यालय सुरक्षा गुरुयोजना र यसको कार्यान्वयनका लागि कार्यविधिहरू तयार गऱ्यो। यी प्रबन्धले शिक्षा क्षेत्रमा विपत् जोखिम न्यूनीकरण र उत्थानशीलताको लागि आधारभूत कार्यढाँचा तयार गऱ्यो। सन् २०१५ पछिको अवधिमा, विपत् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना, विद्यालय क्षेत्र विकास योजना, दिगो विकास लक्ष्य, राष्ट्रिय अनुकूलन योजना र विद्यालय शिक्षा क्षेत्र योजनाले विद्यालय सुरक्षाको अवधारणा र कार्यक्रम समावेश गरे। सन् २०१५ पछिको अवधिमा बृहत् विद्यालय सुरक्षा अवधारणाको अन्य योजनाहरूसँग एकीकरणको चरण थियो।

## ४.२ बृहत् विद्यालय सुरक्षा गुरुयोजना, २०१७ र सम्बन्धित कार्यविधिको समीक्षा

**बृहत् विद्यालय सुरक्षा गुरुयोजना, २०१७** विभिन्न सरोकारवालाहरूद्वारा गरिँदै आएका विद्यालय सुरक्षासम्बन्धी प्रयास र शिक्षा क्षेत्रमा विपत् जोखिम न्यूनीकरण र उत्थानशीलताका लागि विश्वव्यापी अभियान (GADRRRES) ले प्रस्तुत गरेको बृहत् विद्यालय सुरक्षा कार्यढाँचाका आधारमा तयार गरिएको थियो। बृहत् विद्यालय सुरक्षा गुरुयोजनाले विद्यालयको सुरक्षित पूर्वाधार विकास, विद्यालय सञ्चालनमा विपत् जोखिम न्यूनीकरणको प्रबन्ध, र पाठ्यक्रम तथा अतिरिक्त गतिविधिहरूमार्फत उत्थानशील शिक्षाका गतिविधि सञ्चालन गरी सन् २०३० सम्ममा सबै विद्यालय सुरक्षित बनाउने लक्ष्यका साथ विद्यालय सुरक्षाको बृहत् कार्यढाँचा प्रस्तुत गऱ्यो।

[17] MoHA (2016). Gorkha Earthquake 2015: Experience and Learning. Ministry of Home Affairs, Kathmandu.

गुरुयोजनाको कार्यान्वयन सुनिश्चितताका लागि बृहत् विद्यालय सुरक्षा न्यूनतम् प्याकेज र कार्यान्वयन कार्यविधि र संचार तथा सम्प्रेषण रणनीति तयार गरियो।

बृहत् विद्यालय सुरक्षा गुरुयोजनाको कार्यान्वयका लागि तयार गरिएको बृहत् **विद्यालय सुरक्षा न्यूनतम प्याकेज, २०१८** मा बृहत् विद्यालय सुरक्षा कार्यढाँचाका तीन स्तम्भहरूअन्तर्गत १६ ओटा क्रियाकलापहरू न्यूनतम् गतिविधिका रूपमा समावेश गरिएको थियो। बृहत् विद्यालय सुरक्षा कार्यान्वयनको स्थिति न्यून देखिँदा परियोजना सञ्चालन भएका ठाउँमा समेत बृहत् विद्यालय सुरक्षा भनेकै न्यूनतम् प्याकेजको कार्यान्वयन हो भन्ने बुझाइको सिमितता रहयो। यसो हुँदा बृहत् विद्यालय सुरक्षाको समग्र पक्षमा काम हुन सकेन।

बृहत् विद्यालय सुरक्षा गुरुयोजना र न्यूनतम प्याकेजको कार्यान्वयनलाई सहजीकरण गर्न **बृहत् विद्यालय सुरक्षा कार्यान्वयन कार्यविधि, २०१९** तयार गरिएको थियो। यस कार्यविधिले बृहत् विद्यालय सुरक्षा कार्यान्वयनको सन्दर्भमा विद्यालय, स्थानीय सरकार र अन्य सरोकारवालाहरूको भूमिका र जिम्मेवारी निर्धारण गऱ्यो। यसमा संस्थागत प्रबन्ध, कार्यविवरण, क्षमता विकासका, लेखाजोखा विधि र औजारहरू र कार्ययोजना तर्जुमा प्रक्रिया समावेश गरिएको थियो। यस कार्यविधिमा बदलिँदो परिवेशमा कोभिड १९ लगायतका नयाँ जोखिम, जलवायु जोखिमको गतिशीलतालाई सम्बोधन गर्नका लागि विधि तथा औजारसमेत पर्याप्त भएनन्।

विद्यालय सुरक्षाको महत्त्वबारे सचेतना जगाउन र सरोकारवालाहरूलाई गुरुयोजना तथा न्यूनतम् प्याकेज र कार्यान्वयन कार्यविधिका सम्बन्धमा जानकारी गराउन **बृहत् विद्यालय सुरक्षा सञ्चार तथा सम्प्रेषण रणनीति, २०१९** तयार गरिएको थियो। यस रणनीतिले बृहत् विद्यालय सुरक्षाको प्रभावकारी रूपमा सञ्चार र प्रवर्धन गर्न सञ्चार तथा सम्प्रेषणका विभिन्न विधि र माध्यमहरूको रूपरेखा प्रदान गरेको छ ।यद्यपि थोरै विद्यालयमा मात्र बृहत् विद्यालय सुरक्षा कार्यान्वयन हुनु र सम्बन्धित सरोकारवालाहरूको समेत यस विषयमा सीमित मात्र जानकारी हुनुले यस रणनीतिको राम्ररी प्रयोग नभएको देखिन्छ ।

सन् २०२३ सम्ममा, बृहत् विद्यालय सुरक्षा गुरुयोजना कार्यान्वयनमा आएको सात वर्षपछि बृहत् विद्यालय सुरक्षाका गतिविधिहरू ८,००० (२३%) विद्यालयहरूमा मात्र कार्यान्वयन भएको देखियो।[१८] यसमध्ये पनि अधिकांश सन् २०१५ को भूकम्पबाट प्रभावित क्षेत्रहरूमा पुनर्निर्माणका क्रममा भएका थिए । मुख्यतः विकास साझेदारहरूबाट सञ्चालित परियोजनाअन्तर्गत गरिएका थिए। यसबाट बृहत् विद्यालय सुरक्षालाई राष्ट्रव्यापी रूपमा कार्यान्वयन गर्न योजनाबद्ध र रणनीतिक प्रयासको अपर्याप्तता र सन् २०३० सम्ममा नेपालका सबै विद्यालयलाई सुरक्षित बनाउने गुरुयोजनाको लक्ष्य हासिल गर्न चुनौतीपूर्ण देखिन्छ ।

## ४.३ बृहत् विद्यालय सुरक्षा कार्यान्वयनमा देखिएका कठिनाइ

### *नीति तथा सुशासनसँग सम्बन्धित कठिनाइ*

- बृहत् विद्यालय सुरक्षा राष्ट्रिय प्राथमिकताको विषय भए तापनि यसलाई स्थानीय सरकारका शिक्षा, जलवायु परिवर्तन र विपत् जोखिम न्यूनीकरणसम्बन्धी योजनाहरूमा एकीकृत गरी स्रोत परिचालनको सुनिश्चितता नहुनु।

[18] GADRRRES (2024). Case Study: Transforming School Safety in Nepal, GADRRRES.

- विद्यालय तहमा तयार गरिने कार्ययोजनाहरूको स्थानीय जलवायु अनुकूलन, विपत् जोखिम न्यूनीकरण र शिक्षा योजना तथा कार्यक्रमसँग समान्जस्यता नहुनु।
- बृहत् विद्यालय सुरक्षासम्बन्धी मार्गदर्शक दस्तावेजहरूमा जलवायुसम्बन्धी जोखिमहरूको लेखाजोखा र योजना तर्जुमाका लागि आवश्यक औजार तथा विधि अपर्याप्त हुनु
- बृहत् विद्यालय सुरक्षा कार्यान्वयनका लागि विद्यालयमा परिकल्पना गरिएको संस्थागत संयन्त्र गठन प्रक्रिया जटिल तथा अस्पष्ट हुनु
- शिक्षा क्षेत्र र अन्य प्रमुख सरकारी निकायहरू (जस्तैः गृह मन्त्रालय, वन तथा वातावरण मन्त्रालय, र सहरी विकास मन्त्रालय) बिच विद्यालय सुरक्षा कार्यान्वयनको सवालमा पर्याप्त समन्वय तथा सहकार्य नहुनु।
- पाठ्यक्रमलाई विपत् तथा जलवायु उत्थानशीलतासँग जोड्ने, शिक्षकहरूको क्षमता विकास गर्ने र 'हरित विद्यालय' को अवधारणालाई प्रभावकारी रूपमा एकीकृत गर्ने नीतिगत ढाँचा नहुनु।

### सुरक्षित सिकाइ सुविधासँग सम्बन्धित कठिनाइ

- नेपालमा ७० प्रतिशतभन्दा बढी विद्यालय भवन सुरक्षित निर्माणसम्बन्धी तालिम नपाएका स्थानीय निर्माणकर्मीद्वारा निर्माण गरिएका छन्। ६० प्रतिशतसम्म विद्यालय भवनहरूको संरचना अझै पनि जोखिमयुक्त छन्।[19] निर्माणकर्मीहरूलाई सुरक्षित निर्माणसम्बन्धी तालिम पुगेको छैन।
- सुरक्षित र दिगो विद्यालय पूर्वाधारको बढ्दो माग पूरा गर्न स्रोतको अपर्याप्तता र विद्यालयहरूको निर्माण, पुनर्निर्माण र प्रबलीकरणमा सुरक्षा र वातावरणीय दिगोपनामा लागि पर्याप्त काम हुन सकेको छैन।
- विद्यालयको पूर्वाधार निर्माणमा सुरक्षित स्थल छनोट र भवन संहिताको कार्यान्वयन तथा ऊर्जा किफायती, नवीकरणीय स्रोतहरूको प्रयोग र जलवायु उत्थानशील तथा हरित निर्माण अभ्यास हुन सकेको छैन।
- विपत्को समयमा जोखिम कम गर्न फर्निचर र उपकरणहरू सुरक्षित गर्ने, स्पष्ट निकास मार्गहरू र भेला हुने स्थानहरू जस्ता गैरसंरचनात्मक न्यूनीकरणका उपायहरू विद्यालय भवन डिजाइन र सुरक्षा योजनामा एकीकृत हुन सकेको छैन।
- भवन निर्माणसम्बन्धी नमुना डिजाइनले स्थानीय भौगोलिक, जलवायु र सांस्कृतिक पक्षलाई सम्बोधन गर्न नसक्दा नमुना डिजाइनहरू सबै ठाउँमा उपयुक्त नहुने र निर्माणक्रममा सुपरिवेक्षण तथा गुणस्तर नियन्त्रणमा पनि अपर्याप्ता देखिएको छ।

### विद्यालय सुरक्षा र सिकाइ निरन्तरता व्यवस्थापनसँग सम्बन्धित कठिनाइ

- नेपालमा विपत्को बढ्दो आवृत्ति र तीव्रताले विद्यार्थीको सिकाइ क्षति बढाएको छ । तर यी चुनौतीहरूलाई सम्बोधन गर्ने प्रयासहरू पर्याप्त छैनन्। विद्यालय र स्थानीय तहसँग आपत्कालीन अवस्थामा सिकाइ निरन्तरता सुनिश्चित गर्ने संयन्त्र र तयारी अपर्याप्त छ।
- अस्थायी सिकाइ केन्द्र सञ्चालन, वैकल्पिक सिकाइ विधिको प्रयोग, सामग्रीको तयारी तथा आपूर्ति र आपत्कालीन समयमा सिकाइ निरन्तरता लागि शिक्षकहरूको क्षमता विकास पर्याप्त छैन।

[19] Nepal Education Sector Analysis: 2021

- पूर्वतयारी तथा सिकाइ निरन्तरता योजना तर्जुमा र कार्यान्वयन गर्ने अभ्यास नियमित रूपमा हुन सकेको छैन। स्थानीय सरकार र विद्यालयहरूको शिक्षा क्षेत्रको आपत्कालीन प्रतिकार्यका लागि प्रणालीगत क्षमता अपर्याप्त छ।
- कोभिड-१९ महामारीले नेपालको शिक्षाको विशेषगरी डिजिटल पहुँच, दूर शिक्षाका लागि तयारी, डिजिटल पूर्वाधार र अनलाइन शिक्षाका लागि विद्यालय र शिक्षकहरूको तयारीमा ठुलो रिक्तता देखाएको छ।
- प्राथमिक उपचार सामग्री, आगो निभाउने उपकरण, खोज तथा उद्धारका सामग्री र अन्य आवश्यक आपत्कालीन सामग्रीहरूको प्रबन्ध सबै विद्यालयहरू हुन सकेको छैन।
- विद्यालयहरूले स्थानीय प्रकोप अनुरूप नियमित रूपमा नमुना अभ्यास तथा सिमुलेसन अभ्यासहरू सञ्चालन गर्न सकेका छैनन्।
- सम्पर्क शिक्षक र कर्मचारीहरूमा यी गतिविधिहरूलाई सहजीकरण गर्न वा सुरक्षित बहिर्गमन वा सुरक्षित आश्रय जस्ता सुरक्षा अभ्यासहरूका लागि स्तरीय सञ्चालन प्रक्रियाहरू (SOPs) विकास र सञ्चालन गर्ने क्षमता र स्रोतको अर्पयाप्तता छ।
- शिक्षा समूह गठन तथा सञ्चालन निर्देशिका, २०८० ले स्थानीय तहमा शिक्षा समूहको स्थापना र सक्रियतालाई अनिवार्य गरे तापनि अधिकांश स्थानीय सरोकारवालाहरूलाई यस विषयमा जानकारी नभएको अवस्था छ।
- विद्यालयहरूलाई सहयोग एवम् सहजीकरण गर्न स्थानीय तहका शिक्षा एकाइमा कार्यारत जनशक्तिको पर्याप्त क्षमता विकास हुन सकेको छैन।

### जोखिम न्यूनीकरण र उत्थानशीलता शिक्षासँग सम्बन्धित कठिनाइ

- विपत् जोखिम न्यूनीकरण र जलवायु परिवर्तन अनुकूलनका विषयवस्तु विद्यालय पाठ्यक्रममा समावेश गरिएको भएता पनि यो पर्याप्त छैन। स्थानीय पाठ्यक्रममा स्थानीय प्रकोप तथा विपत् जोखिमलाई सम्बोधन गर्ने विषयवस्तु पर्याप्त मात्रामा समावेश गरिएको पाइँदैन। यसमा स्थानीय स्तरमा प्राविधिक क्षमताको कमी देखिएको छ।
- जलवायु अनुकूलन तथा हरित विद्यालयका प्रयोगात्मक कार्यलाई विद्यार्थीको उपलब्धि मूल्याङ्कनसँग जोड्न नसक्दा व्यावहारिक सिकाइ अभ्यास सञ्चालन गर्न चुनौती देखिएको छ।
- शिक्षकहरूमा विपत् जोखिम न्यूनीकरण जलवायु परिवर्तन अनुकूलन र हरित विद्यालयसम्बन्धी विषयवस्तु र शिक्षण विधि दुवैमा क्षमता विकास गर्नुपर्ने आवश्यकता छ।
- विद्यालयको सुरक्षित पूर्वाधार निर्माण कार्यलाई विद्यार्थी र समुदायलाई सुरक्षा, उत्थानशीलता र दिगोपनबारे सिकाउने एक व्यावहारिक एवम् वास्तविक अवसरका रूपमा प्रयोग गर्न सकेको छैन।

### विद्यालय सुरक्षामा समावेशिता र समतासँग सम्बन्धित कठिनाइ

- विद्यालय सुरक्षा तथा विपत् जोखिम न्यूनीकरणसम्बन्धी योजना र अभ्यासहरूमा अपाङ्गता भएका व्यक्तिहरूको सवाल पर्याप्त रुपमा एकीकृत हुन सकेको छैन, जसले गर्दा आपत्कालीन अवस्थामा उनीहरूको सुरक्षा र समावेशीता सुनिश्चित गर्न चुनौतीपूर्ण देखिएको छ।

- विद्यालय सुरक्षाका लागि गरिने बजेट प्रावधानले जोखिममा रहेका समूह तथा समुदाय विशेषगरी सीमान्तकृत जनसङ्ख्याको आवश्यकताहरूलाई पर्याप्त रूपमा सम्बोधन गर्न नसक्दा यस प्रकारका समूहमाथि थप जोखिम बढेको छ।
- अधिकांश विद्यालयहरूमा आपत्कालीन अवस्थामा अपाङ्गता भएका बालबालिकाहरूलाई समायोजन गर्न पहुँचयोग्य पूर्वाधार र सेवाको प्रबन्ध हुन सकेको छैन।

**अनुगमन, मूल्याङ्कन र सिकाइसँग सम्बन्धित कठिनाइ**

- सङ्घीय तहका विद्यालय सुरक्षासँग सम्बन्धित नीति तथा योजनाहरू र स्थानीय तहमा तिनको वास्तविक कार्यान्वयनबिच ठुलो रिक्तता छ, स्पष्ट रणनीतिक योजना र प्रभावकारी अनुगमनको एकीकृत ढाँचाको कमी छ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) मा विद्यालय सुरक्षासम्बन्धी आवश्यक सूचकहरू समावेश नहुँदा विद्यालयहरूको जोखिम अवस्था, प्रकोप तथा सङ्कटासन्नतासम्बन्धी विस्तृत डाटाबेस तयार गर्न सकिएको छैन। जसले गर्दा तथ्यमा आधारित भई योजना तर्जुमा गर्न कठिनाइ भएको छ।
- विद्यालयहरूलाई विद्यालय सुरक्षाका गतिविधि कार्यन्वयनको प्रगति मापन गर्नका लागि आवश्यक स्वमूल्याङ्कनका सूचक तथा औजारहरूको विकास र यस्ता पहलहरू लागु गर्नका लागि कुनै प्रोत्साहनको व्यवस्था भएको देखिँदैन।
- विद्यालय र स्थानीय तहबाट यस क्षेत्रमा भएका असल अभ्यास र कार्यक्रम कार्यान्वयनको प्रतिवेदन प्राप्त नहुँदा त्यसको प्रबोधीकरण हुन सकेको छैन।
- सन् २०३० सम्ममा सबै विद्यालय सुरक्षित र उत्थानशील हुनेछन् भनिएको छ। तर हालसम्मको अवस्थाको आधिकारिक प्रतिवेदन तयार हुन सकेको छैन।

# ५. बृहत् विद्यालय सुरक्षा गुरुयोजना

## ५.१ दुरदृष्टि, लक्ष्य, उद्देश्य र अपेक्षित परिणाम

**दुरदृष्टिः** सबै बालबालिका तथा युवालाई गुणस्तरीय सिकाइ उपलब्धिका लागि सुरक्षित, हरित र जलवायु-अनुकूलित सिकाइ वातावरणको पहुँच हुने छ।

**ध्येयः** सन् २०३० सम्ममा नेपालका सबै विद्यालयलाई सुरक्षित, हरित र जलवायु अनुकूलित विद्यालयको रूपमा विकास गर्ने।

**लक्ष्यः** शिक्षा क्षेत्रमा सक्षम प्रणाली र नीति, सुरक्षित सिकाइ सुविधा, विद्यालय सुरक्षा तथा सिकाइ निरन्तरता व्यवस्थापन र जोखिम न्यूनीकरण तथा जलवायु उत्थानशील शिक्षाका माध्यमबाट सामान्य र आपत्कालीन अवस्थामा समेत सबै बालबालिका र युवामा सुरक्षित र निरन्तर सिकाइ सुनिश्चित गर्ने।

**उद्देश्य**

१. सबै तहमा सुदृढ प्रणाली र नीतिको विकास गरी विद्यालय सुरक्षा र उत्थानशील शिक्षाका लागि अनुकूल वातावरण तयार गर्नु
२. सुरक्षित र हरित पूर्वाधारको विकास गरी विद्यालय र अन्य सिकाइ स्थलमा हुने सबै प्रकारका प्रकोप तथा जोखिमबाट विद्यालय समुदायलाई सुरक्षित गर्नु
३. सबै प्रकारका प्रकोप तथा जोखिमबाट विद्यालय सञ्चालनमा हुनसक्ने अवरोध न्यूनीकरण गरी सिकाइ निरन्तरताको सुनिश्चिता गर्नु
४. विद्यार्थी, शिक्षक, समुदाय र सरोकारवालाहरूको विपत् जोखिम न्यूनीकरण तथा जलवायु उत्थानशील शिक्षासम्बन्धी ज्ञान, सिप तथा कार्यदक्षता विकास गर्नु

**अपेक्षित परिणाम**

१. विपत् तथा अन्य जोखिमका कारण शिक्षक विद्यार्थी तथा कर्मचारीको विद्यालयमा हुनसक्ने मृत्यु एवम् घाइते हुने दरमा उल्लेख्य रूपमा कमी आएको हुने
२. आपत्कालीनलगायत सबै अवस्थामा सिकाइ निरन्तरता कायम भई विद्यार्थीको सिकाइ क्षतिमा उल्लेख्य रूपमा कमी आएको हुने
३. विपत्का कारण शिक्षा क्षेत्रमा गरिएको लगानीमा हुने क्षतिमा उल्लेख्य रूपमा कमी आएको हुने
४. सबै तहमा बृहत् विद्यालय सुरक्षा नीति तथा योजना तर्जुमा र कार्यान्वयन भएका हुने
५. सबै तहमा बृहत् विद्यालय सुरक्षाको लागि प्रभावकारी अनुगमन तथा मूल्याङ्कन प्रणाली विकास भई सञ्चालन भएको हुने
६. सबै विद्यालयमा सुरक्षित र हरित पूर्वाधार विकास भएको हुने
७. विद्यालय समुदाय सबै प्रकारका प्रकोप तथा विपत् प्रतिकार्यका लागि तयार सुरक्षित र उत्थानशील भएको हुने
८. विद्यालयको पाठ्यक्रममा सबै प्रकारका प्रकोप, जोखिम तथा उत्थानशीलतासम्बन्धी विषयवस्तु समावेश भएको हुने

९. जोखिम न्यूनीकरण तथा उत्थानशील शिक्षा प्रणालीलाई प्रभावकारी रूपमा सहजीकरण गर्न शिक्षक तथा सरोकारवालाहरूको क्षमता विकास भएको हुने ।

## ५.२ मार्गदर्शक सिद्धान्त


- **बाल अधिकरमा केन्द्रित:** बृहत् विद्यालय सुरक्षा अवधारणाले विद्यालय शिक्षा क्षेत्रमा बालबालिकाको जीवन रक्षा, संरक्षण, विकास र सहभागिताको अधिकारको सुनिश्चिततामा जोड ।
- **प्रमाणमा आधारित:** योजनाको प्रभावकारिताका लागि प्रमाणमा आधारित अभ्यास र अभ्यासमा आधारित प्रमाणहरूको प्रवर्धन।
- बृहत् विद्यालय सुरक्षा गुरुयोजना सुरक्षित, सहयोगी र सम्मानजनक विद्यालय समुदाय निर्माण गर्ने मान्यतामा **प्रतिबद्ध**।
- **राष्ट्रिय तथा अन्तर्राष्ट्रिय नीति तथा ढाँचाहरूसँग सामञ्जस्यता:** विपत् जोखिम न्यूनीकरण, जलवायु परिवर्तन अनुकूलन, दिगो विकास र हरित तथा सुरक्षित विद्यालयको प्रवर्धन सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय नीति र कार्यढाँचाहरूसँग सामञ्जस्यता।
- **सबै प्रकारका प्रकोप र जोखिमको सम्बोधन:** बृहत् विद्यालय सुरक्षाको लक्ष्य हासिल गर्न जोखिम लेखाजोखा, योजना तर्जुमा र कार्यान्वयनमा सबै प्रकारका प्रकोप तथा जोखिमलाई समेट्ने समग्र दृष्टिकोण।
- **कुनै हानि नगर्ने:** विद्यालय समुदायका सबै सदस्यहरूलाई विद्यालय सुरक्षित छ भनी आस्वस्त हुने र विद्यालयमा सुरक्षित महसुस गर्ने तथा असल अभिप्रायले गरिएको कुनै पनि कार्यबाट कसैलाई कुनै पनि हानि नोक्सानी नहोस् भन्ने कुरामा सचेत।
- **बाल केन्द्रित र सहभागितामूलक:** बालबालिका र समुदाय दुवैका लागि बालकेन्द्रित बालमैत्री तथा र सहभागितामूलक प्रणाली, नीति, र योजना निर्माण।
- **समता र सामाजिक समावेशीकरण:** लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण र कुनै पनि प्रकारको भेदभावप्रति रूपान्तरणकारी दृष्टिकोण।
- **समग्र दृष्टिकोण:** जोखिम न्यूनीकरण, उत्थानशीलता निर्माण, बाल संरक्षण, स्वास्थ्य तथा पोषण, मानसिक स्वास्थ्य, जलवायु परिवर्तनसम्बन्धी कार्य, हिंसा रोकथाम, द्वन्द्व संवेदनशीलता र शान्ति स्थापनालाई विद्यालय शिक्षा प्रणालीमा एकीकरण।
- **समन्वय र सहकार्य:** विद्यालय सुरक्षाका लागि बहु-सरोकारवालाहरूको प्रयासलाई एकीकृत गर्न सङ्घ, प्रदेश, र स्थानीय तहमा समन्वय र बृहत् विद्यालय सुरक्षा गुरुयोजनाका रणनीतिक कार्यहरू कार्यान्वयन गर्न सार्वजनिक, सामुदायिक र निजी स्रोतहरूको परिचालन।

## ५.३ बृहत् विद्यालय सुरक्षा कार्यढाँचा

एक आधार र तीन अन्तरसम्बन्धित स्तम्भहरूबाट बृहत् विद्यालय सुरक्षा कार्यढाँचा तयार भएको छ । प्रत्येक तत्त्वहरूका लागि उपलब्धि सूचक, रणनीति, क्रियाकलाप, जिम्मेवारी र अनुगमन तथा मूल्याङ्कनका सूचक निर्धारण गरिएको छन्। बृहत् विद्यालय सुरक्षाका चार तत्त्व देहायबमोजिम छन्;

१. **आधार:** सक्षम प्रणाली र नीति
२. **स्तम्भ १:** सुरक्षित सिकाइ सुविधा
३. **स्तम्भ २:** विद्यालय सुरक्षा तथा सिकाइ निरन्तरता व्यवस्थापन
४. **स्तम्भ ३:** जोखिम न्यूनीकरण र उत्थानशील शिक्षा

चित्र १ ले चारैओटा तत्त्वअन्तर्गतका मुख्य कार्यहरू, विभिन्न क्रियाकलापहरूको अन्तरसम्बन्ध र शिक्षा क्षेत्रका नीति र विपत् व्यवस्थापन योजनासँगको सामञ्जस्यतालाई प्रस्तुत गर्दछ।




*चित्र १: बृहत् विद्यालय सुरक्षा कार्यढाँचा*

### ५.३.१ आधारः सक्षम प्रणाली र नीति

बृहत् विद्यालय सुरक्षा गुरुयोजनाको आधारले यसका तीन स्तम्भहरूको प्रभावकारी कार्यान्वयन सुनिश्चितताका लागि आवश्यक प्रणाली र नीतिको विकासलाई समेट्छ। यसअन्तर्गत सम्पूर्ण विद्यालय समुदायको सुरक्षा, स्वास्थ्य तथा हित सुनिश्चित गर्ने उद्देश्यले बनाइएका प्रणाली, संयन्त्र, नीति, योजनाहरू पर्दछन्। साथै यसले आपत्कालीन तथा सङ्कटको समयमा सिकाइ निरन्तरताका प्रभावकारी उपायहरू प्रदान गर्ने; दिगोपनाका लागि शिक्षामा गरिएको लगानीको संरक्षण गर्ने र सुरक्षा तथा उत्थानशीलताको संस्कृति प्रवर्धनका लागि आधार प्रदान गर्दछ। यसले समान अवसर प्राप्तिका लागि, जोखिम रोकथाम एवम् न्यूनीकरण तथा क्षमता विकासका लागि जोखिम सुसूचित र बाल केन्द्रित नीति तथा योजना निर्माणमा जोड दिन्छ।

#### उपलब्धि सूचक

१. बृहत् विद्यालय सुरक्षा नीति तथा कार्यान्वयन संयन्त्र सरकारका सबै तह र विद्यालयहरूमा स्थापना भई सञ्चालन भएको हुने

२. बृहत् विद्यालय सुरक्षाका तत्त्वहरू सरकारका सबै तहका शिक्षा योजनामा एकीकृत भएको हुने

३. बालकेन्द्रित प्रकोप तथा जोखिम लेखाजोखा र योजना निर्माण प्रक्रिया विद्यालय तथा अन्य सिकाइ संस्थाहरूमा व्यवस्थित रूपमा सञ्चालन गरिएको हुने

४. बृहत् विद्यालय सुरक्षाका लागि नेतृत्व र समन्वय संयन्त्र सबै तहमा प्रभावकारी रूपमा संस्थागत भई क्रियाशील भएको हुने

५. विद्यालय सुरक्षाका लागि दिगो वित्तीय प्रबन्ध सरकारका सबै तहमा अभ्यास गरिएको र नियमित स्रोत सुनिश्चित गरिएको हुने

६. प्रभावकारी अनुगमन तथा मूल्याङ्कनका लागि बृहत् विद्यालय सुरक्षाका सूचक विकास भई एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा एकीकृत भएको हुने

७. बृहत् विद्यालय सुरक्षा कार्यान्वयनको सुनिश्चितताका लागि सरकारका सबै तहमा प्रणालीगत क्षमता विकास भएको हुने।

#### रणनीति

***१. नीति एवम् निर्देशिकाको परिमार्जन सुदृढीकरण तथा उपलब्धता***

- जलवायु जोखिम लेखाजोखा र योजनालगायत सबै प्रकारका प्रकोप तथा जोखिम सम्बोधन गर्न नवीनतम् उपकरण, औजार र प्रक्रियालाई समावेश गरी बृहत् विद्यालय सुरक्षा कार्यान्वयन कार्यविधि, कार्यान्वयन मार्गदर्शन तथा सहजीकरण पुस्तिका तयार गर्ने
- बृहत् विद्यालय सुरक्षा गुरुयोजना, कार्यान्वयन कार्यविधि एवम् कार्यान्वयन मार्गदर्शन तथा सहजीकरण पुस्तिका र अन्य सम्बन्धित समग्रीहरूमा सबै स्थानीय तह र विद्यालयको सहज पहुँच सुनिश्चित गर्ने।

***२. बहुप्रकोप तथा जोखिम लेखाजोखा र तथ्यमा आधारित योजना निर्माण***

- जोखिम सुसूचित योजना र कार्यक्रम तयार गर्न बहुप्रकोप तथा बाल केन्द्रित जोखिम लेखाजोखाका लागि आवश्यक मार्गदर्शन तथा औजारहरू तयार गर्ने
- रणनीतिक प्राथमिकताहरूलाई मार्गदर्शन गर्न लक्ष्य र सूचक विकास गरी शिक्षा, जलवायु तथा विपत् जोखिम व्यवस्थापन योजनासँग मेल खाने गरी विद्यालय सुरक्षाको कार्यढाँचा विकास गर्ने।

### ३. *बहुसरोकारवालाबिच समन्वय र सहकार्य*

- शिक्षा, विपत् व्यवस्थापन, जलवायु अनुकूलन कार्य, र बाल संरक्षण एवम् मानवीय सहायताका क्षेत्रहरूबिच सहकार्य सुनिश्चित गर्दै सबै तहमा अन्तर समूह समन्वय संयन्त्रमार्फत सबै सरोकारवालाहरूसँग सहकार्य गर्ने।

### ४. *सामुदायिक संलग्नता तथा बाल क्लब परिचालन*

- नीतिगत प्राथमिकताहरूलाई मार्गदर्शन गर्न विपत् जोखिम न्यूनीकरण, बाल संरक्षण र द्वन्द्व रोकथामलगायत विद्यालय सुरक्षामा समुदायको सहभागिता, जागरूकता र प्रतिबद्धता बढाउने
- लैङ्गिक उत्तरदायी, बाल केन्द्रित र सहभागितामूलक योजना प्रक्रियाको मान्यताअनुरूप योजना निर्माण, अनुगमन र मूल्याङ्कनलगायतका गतिविधिमा शिक्षक, विद्यार्थी, अभिभावक र स्थानीय समुदायलाई संलग्न गराई सशक्तिकरण गर्ने
- व्यावहारिक सिकाइ प्रक्रियाको रूपमा जोखिम न्यूनीकरण, जलवायू अनुकूलन तथा हरित विद्यालयका गतिविधिहरूमा बालबालिकालाई सहभागी गराउन र समुदायमा सचेतना अभिवृद्धि गर्नको लागि बाल क्लब परिचालन गर्ने।

### ५. *क्षमता विकास तथा ज्ञान आदानप्रदान*

- बृहत् विद्यालय सुरक्षासम्बन्धी प्रशिक्षणका लागि सङ्घीय सरकारले प्रशिक्षण पाठ्यक्रम र कार्यविधि तयार गर्ने, प्रदेश सरकारले स्थानीय तहका अधिकृतका लागि प्रशिक्षण सञ्चालन गर्ने र स्थानीय सरकारले विद्यालयका शिक्षकका लागि तालिम सञ्चालन गरी विद्यालयसम्म सम्प्रेषणको सुनिश्चितता गर्ने
- राष्ट्रिय र स्थानीय दुवै तहमा जोखिम सुसूचित र उत्थानशील शिक्षा योजनालाई सुदृढ गर्न नीति निर्माता, योजनाकार र प्रशासकका लागि क्षमता विकासका कार्यक्रम कार्यान्वयन गर्ने
- बृहत् विद्यालय सुरक्षासम्बन्धी प्रशिक्षणलाई शिक्षकको पेसागत विकाससँग एकीकृत गरी शिक्षकको क्षमता विकास गर्ने
- विद्यालय सुरक्षा, जलवायु अनुकूलन तथा उत्थानशील शिक्षाका उत्कृष्ट अभ्यासहरूलाई विद्यालय सुरक्षा नीति र कार्यक्रमहरूमा एकीकृत गर्न अनुसन्धान तथा सिकाइ आदानप्रदानलाई सहजीकरण गर्ने।

### ६. *प्रमुख सूचकको विकास र शिक्षा व्यवस्थापन सूचना प्रणालीमा एकीकरण*

- बृहत् विद्यालय सुरक्षा कार्यान्वयनको स्थिति अनुगमन तथा मूल्याङ्कनका लागि मुख्य सूचक तथा स्वमूल्याङ्कनका सूचकहरू विकास गरी एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा एकीकृत गर्ने
- जोखिम न्यूनीकरण, पूर्वसूचना, पूर्वतयारी, प्रतिकार्य र पुनर्लाभ योजनाका लागि वर्गीकृत तथ्याङ्क सङ्कलन र विश्लेषण गर्न एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) लाई सुदृढ गर्ने।

### ७. *नियमित स्रोत परिचालन तथा व्यवस्थापन*

- तीनओटै तहको सरकारको वार्षिक योजना तथा कर्यक्रममार्फत शिक्षा क्षेत्रअन्तर्गत बृहत् विद्यालय सुरक्षाका लागि बजेट विनियोजनको प्रबन्ध गर्ने
- विपत् जोखिम न्यूनीकरण तथा जलवायु अनुकूलन कार्यक्रमसँग विद्यालय सुरक्षा र शिक्षा क्षेत्रको उत्थानशीलतालाई सामान्जस्य गरी स्रोत परिचालन गर्ने
- शिक्षा क्षेत्रको कार्यक्रम तथा बजेटमा सुरक्षित विद्यालयका गतिविधिलाई एकीकृत गरी स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय साझेदारहरूबाट वित्तीय स्रोत परिचालनको प्रबन्ध गर्ने ।

### ८. *प्रभावकरी सञ्चार तथा संप्रेषण*

- राष्ट्रिय नीति निर्मातादेखि स्थानीय समुदायसम्मका सबै सरोकारवालाहरूका लागि बृहत् विद्यालय सुरक्षासम्बन्धी सन्देश प्रवाह सुनिश्चित गर्न बहुमाध्यम सञ्चार रणनीतिलाई सुदृढ गरी कार्यान्वयन गर्ने
- स्थानीय सरकार तथा विद्यालयको भूमिका र जिम्मेवारी स्पष्ट पार्न, बृहत् विद्यालय सुरक्षाको लेखाजोखा गर्न, योजना तर्जुमा तथा कार्यान्वयनमा सहजीकरणका लागि स्तरीय मार्गदर्शन, पुस्तिका तथा औजारहरूको विकास गरी प्रसार गर्ने
- विद्यार्थी, शिक्षक र बृहत् समुदायमाझ विद्यालय सुरक्षाका मुख्य अवधारणा र अभ्यासबारे सचेतना अभिवृद्धि गर्न र तिनलाई सुदृढ पार्न, डिजिटल सामग्री (छोटा भिडियो, एनिमेसन, कमिक्स) तथा छापा माध्यम (पोस्टर, इन्फोग्राफिक्स) लगायतका विविध सूचना, शिक्षा तथा सञ्चार (IEC) सामग्रीहरू उत्पादन तथा वितरण गर्ने।
- बृहत् विद्यालय सुरक्षा गुरुयोजनाको प्रसार तथा कार्यान्वयनको पैरवीका लागि विद्यालय व्यवस्थापन समिति महासङ्घ, शिक्षक महासङ्घ, अविभावका संस्था तथा सञ्जाल र नगरपालिका एवम् गाउँपालिका महासङ्घ जस्ता संस्था तथा संयन्त्रहरू प्रयोग गर्ने।

रणनितिक कार्य तथा क्रियाकलापः

| क्र.स. | रणनीतिक कार्य | क्रियाकलाप | लक्ष्य | जिम्मेवारी | | समय सीमा | बजेट (रु. लाखमा) |
|---|---|---|---|---|---|---|---|
| | | | | नेतृत्व | सहयोग | | |
| १. | सबै तहमा बृहत् विद्यालय सुरक्षासम्बन्धी नीति तथा योजनाको विकास एवम् कार्यान्वयन | बृहत् विद्यालय सुरक्षा गुरुयोजना अद्यावधिक गर्ने | १ | शिक्षा तथा खेलकुद मन्त्रालय/ शिक्षा विभाग | विकास साझेदार | २०२५ | १० |
| | | बृहत् विद्यालय सुरक्षा कार्यान्वयन कार्यविधि र सम्बन्धित निर्देशिकाहरू अद्यावधिक गर्ने | १ | शिक्षा तथा खेलकुद मन्त्रालय/ शिक्षा विभाग | विकास साझेदार | २०२५ | ५ |
| | | विद्यालय सुरक्षा कार्ययोजनालाई स्थानीय तहको शिक्षा योजनासँग एकीकृत गर्ने | ७५३ | स्थानीय सरकार | DOE/शिक्षा समूह/विकास साझेदार | २०३० | ३७६.५ |
| | | बृहत् विद्यालय सुरक्षाका गतिविधिलाई स्थानीय विपत् जोखिम न्यूनीकरण र जलवायु परिवर्तन अनुकूलनसम्बन्धी नीति तथा योजनामा एकीकृत गर्ने | ७५३ | स्थानीय सरकार | विकास साझेदार | २०३० | ३७६.५ |
| २. | विद्यालय शिक्षा क्षेत्रको योजना निर्माणमा बालकेन्द्रित प्रकोप तथा जोखिम लेखाजोखा सञ्चालन | सबै तहमा विद्यालय क्षेत्रको योजना निर्माणमा बालकेन्द्रित जोखिम लेखाजोखा गर्ने | ७५३ | स्थानीय सरकार | DOE /विकास साझेदार | २०२८ | ७५३ |
| | | जोखिम लेखाजोखाका औजारलाई स्थानीय प्रकोप तथा जोखिम सम्बोधन गर्ने गरी तयार गर्ने | ७५३ | स्थानीय सरकार | DOE /विकास साझेदार | २०२८ | ३७६.५ |

| क.स. | रणनीतिक कार्य | क्रियाकलाप | लक्ष्य | जिम्मेवारी | | समय सीमा | बजेट (रु. लाखमा) |
|---|---|---|---|---|---|---|---|
| | | | | नेतृत्व | सहयोग | | |
| | | विद्यालयको सबै प्रकारका प्रकोप, सङ्कटासन्नता तथा जोखिम लेखाजोखा गर्ने | ३५,००० | विद्यालय | स्थानीय सरकार/ DDOE/विकास साझेदार | २०२८ | १७५० |
| ३ | बृहत् विद्यालय सुरक्षा कार्यान्वयनका लागि सहयोग गर्न सबै तहमा नेतृत्व र समन्वय संयन्त्रको सुदृढीकरण | केन्द्र तथा प्रदेश तहका सम्बन्धित निकायमा बृहत् विद्यालय सुरक्षा सम्पर्क व्यक्ति तोक्ने | ९ | शिक्षा तथा खेलकुद मन्त्रालय/ शिक्षा विभाग | DOE | २०२५ | - |
| | | शिक्षासम्बन्धी काम गर्ने निकायका लागि बृहत् विद्यालय सुरक्षाबारे अभिमुखीकरण सञ्चालन गर्ने | ७६१ | शिक्षा तथा खेलकुद मन्त्रालय/ शिक्षा विभाग | विकास साझेदार | २०२६ | ३८१.५ |
| | | बृहत् विद्यालय सुरक्षासम्बन्धी विद्यालय व्यवस्थापन समितिको भूमिका परिभाषित गरी बृहत् विद्यालय सुरक्षा कार्यान्वयन समिति गठन गर्ने | ३५,००० | विद्यालय व्यवस्थापन समिति | स्थानीय सरकार | २०२६ | - |
| | | विद्यालयमा बृहत् विद्यालय सुरक्षा र लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्पर्क शिक्षक मनोनयन गर्ने | ३५,००० | विद्यालय | विद्यालय व्यवस्थापन समिति | २०२६ | - |
| | | विद्यालयमा आपत्कालीन प्रतिकार्य कार्यदल (खोज तथा उद्धार, प्राथमिक उपचार, र सञ्चार तथा समन्वय) गठन गर्ने | ३५,००० | विद्यालय | विद्यालय व्यवस्थापन समिति | २०२८ | - |
| | | विद्यालय समुदायका लागि बृहत् विद्यालय सुरक्षा र हरित विद्यालयसम्बन्धी अभिमुखीकरण सञ्चालन गर्ने | ३५,००० | विद्यालय | विद्यालय व्यवस्थापन समिति | २०२८ | ३५०० |

| क.स. | रणनीतिक कार्य | क्रियाकलाप | लक्ष्य | जिम्मेवारी | | समय सीमा | बजेट (रु. लाखमा) |
|---|---|---|---|---|---|---|---|
| | | | | नेतृत्व | सहयोग | | |
| ४. | विद्यालय शिक्षा क्षेत्रको जोखिम न्यूनीकरण, सिकाइ निरन्तरता र उत्थानशील सिकाइका लागि दिगो कोष तथा वित्तीय स्रोतको प्रबन्ध | बृहत् विद्यालय सुरक्षा गुरुयोजना कार्यान्वयन गर्न सङ्घीय तथा प्रदेश सरकारबाट स्रोत व्यवस्था गर्ने | - | शिक्षा तथा खेलकुद मन्त्रालय/ प्रदेशका शिक्षा हेर्ने मन्त्रालय | विकास साझेदार | नियमित | - |
| | | बृहत् विद्यालय सुरक्षाको दीर्घकालीन वित्तीय व्यवस्थाका लागि रणनीतिहरू विकास गर्ने | १ | शिक्षा तथा खेलकुद मन्त्रालय/ शिक्षा विभाग | विकास साझेदार | २०२६ | - |
| | | विद्यालयका लागि बृहत् विद्यालय सुरक्षा कार्यान्वयन गर्न स्थानीय सरकारबाट वार्षिक स्रोत विनियोजन गर्ने | - | स्थानीय सरकार | - | नियमित | - |
| | | विद्यालयमा बृहत् विद्यालय सुरक्षा कार्यान्वयनका लागि विपत् जोखिम न्यूनीकरण तथा जलवायु परिवर्तन अनुकूलनका स्रोतहरू परिचालन गर्ने | - | स्थानीय सरकार | विकास साझेदार | नियमित | - |
| | | शिक्षा समूहको आपत्कालीन प्रतिकार्य र सिकाइ निरन्तरताका लागि नियमित स्रोतको प्रबन्ध गर्ने | - | सङ्घ/प्रदेश/ स्थानीय सरकार | विकास साझेदार | नियमित | - |
| ५. | बृहत् विद्यालय सुरक्षाका लागि तथ्यमा आधारित अनुगमन तथा मूल्याङ्कन प्रणालीको स्थापना र सञ्चालन | बृहत् विद्यालय सुरक्षा कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कनको ढाँचा विकास गर्ने | १ | शिक्षा तथा खेलकुद मन्त्रालय/ शिक्षा विभाग | विकास साझेदार | २०२५ | ५ |
| | | बृहत् विद्यालय सुरक्षाका सूचकहरूलाई एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा (IEMIS) एकीकरण गर्ने | १ | शिक्षा विभाग | विकास साझेदार | २०२५ | १ |

| क्र.स. | रणनीतिक कार्य | क्रियाकलाप | लक्ष्य | जिम्मेवारी | | समय सीमा | बजेट (रु. लाखमा) |
|---|---|---|---|---|---|---|---|
| | | | | नेतृत्व | सहयोग | | |
| | | विद्यालयका लागि बृहत् विद्यालय सुरक्षाका स्व-मूल्याङ्कन सूचक र औजारहरू विकास गर्ने | १ | शिक्षा विभाग | विकास साझेदार | २०२६ | ५ |
| | | स्थानीय तहमा बृहत् विद्यालय सुरक्षाको प्रगतिको वार्षिक समीक्षा आयोजना गर्ने | ७५३ | स्थानीय सरकार | शिक्षा विभाग / विकास साझेदार | नियमित | ३७६.५ |
| | | विद्यालयले प्रगतिको स्वमूल्याङ्कन गर्ने र अनुगमन प्रणालीमा नियमित रूपमा अद्यावधिक गर्ने | ३५,००० | विद्यालय/विव्यस | स्थानीय सरकार | नियमित | - |

### ५.३.२ स्तम्भ १ः सुरक्षित तथा हरित सिकाइ सुविधा

सुरक्षित तथा हरित सिकाइ सुविधाले नयाँ निर्माण हुने र हाल सञ्चालनमा रहेका विद्यालय भौतिक पूर्वधार सुविधाहरू सुरक्षित एवम् हरित हुनुपर्ने विषयलाई समेट्छ। भौतिक, जैविक, प्राविधिक, रासायनिक तथा सामाजिक जोखिमबाट सुरक्षाको सुनिश्चितता गर्न, सिकाइका सुविधाहरूको गुणस्तर अभिवृद्धि गर्न र प्रयोगकर्ताको स्वास्थ्य तथा हित संरक्षणका लागि नयाँ संरचना निर्माण गर्दा स्थल छनोट, डिजाइन र निर्माण प्रक्रियामा सुरक्षित र हरित निर्माण मापदण्ड अपनाउनुपर्दछ । त्यसैगरी हाल सञ्चालनमा रहेका सुविधालाई मर्मत, प्रबलीकरण, प्रतिस्थापन वा स्थानान्तरण गर्नुपर्ने संरचनाहरूको पहिचान गरी प्राथमिकीकरण गर्ने तथा भौतिक सिकाइ सुविधाहरूको नियमित मर्मत सम्भार गर्ने कार्य पर्दछन्। यस स्तम्भले सुरक्षित र उत्थानशील शिक्षा प्रणालीको विकास तथा वातावरणीय दिगोपना हासिल गर्ने लक्ष्यलाई टेवा पुऱ्याउँछ।

सुरक्षित सिकाइ वातावरणको पहुँचअन्तर्गत भवनको संरचनात्मक सुदृढता, गैरसंरचनात्मक सुरक्षा, जलवायु उत्थानशील एवम् समावेशी विद्यालय पूर्वाधार (जस्तैः शारीरिक अपाङ्गता र लैङ्गिक संवेदनशीलतालाई ध्यान दिइएको सुरक्षित आवतजावतका मार्गहरू, पर्याप्त खानेपानी, सरसफाइ तथा स्वच्छताको प्रबन्ध, प्रभावकारी आपत्कालीन निकास, उचित भेन्टिलेसन), सुरक्षा तथा सिकाइ निरन्तरतामा सघाउ पुऱ्याउने उपकरण एवम् सेवाहरू (पूर्वसूचना प्रणाली) र उर्जा तथा पानी किफायती उपकरणहरूको जडान तथा सामग्रीहरूको प्रयोग पर्दछन्।

**उपलब्धि सूचक**

१. सुरक्षित, हरित, वातावरणमैत्री र दिगो विद्यालय सुविधा निर्माणका लागि सुरक्षित स्थल छनोट, डिजाइन र निर्माण अभ्यास अवलम्बन गरिएको हुने
२. संरचनात्मक र गैरसंरचनात्मक लेखाजोखा गरी पूर्वाधारको जोखिम न्यूनीकरण गरिएको हुने
३. ऊर्जा र पानीको किफायती प्रयोग, वातावरणमैत्री, हरित तथा जलवायु अनुकूलित निर्माण प्रविधिको विकास र प्रयोग गरिनुका साथै सुरक्षित र पहुँचयोग्य खानेपानी, सरसफाइ तथा स्वच्छतासम्बन्धी सुविधा सुनिश्चित भएको हुने
४. विद्यालयको सुरक्षा र कार्यसञ्चालनको दिगोपनाका लागि नियमित मर्मत सम्भार पद्धति स्थापना गरी प्रभावकारी रूपमा लागु गरिएको हुने
५. आपत्कालीन अवस्थामा विद्यालयलाई अस्थायी सामूहिक केन्द्रका रूपमा सुरक्षित प्रयोग गर्न आवश्यक नियम तथा पूर्वाधारहरू तर्जुमा गरी कार्यान्वयन गरिएको हुने
६. विद्यार्थी, शिक्षक र कर्मचारी विद्यालय हाताभित्र र विद्यालय आवतजावत गर्ने क्रममा हुन सक्ने जोखिम तथा खतराबाट सुरक्षित भएको हुने
७. जलवायु जोखिम न्यूनीकरण, अनुकूलन तथा वातावरणीय दिगोपनालाई टेवा पुऱ्याउन विद्यालय सञ्चालन र पूर्वाधार विकास गरिएको हुने।

**रणनीति**

१. **जोखिम नक्साङ्कन तथा विद्यालयको प्राथमिकीकरणः** प्राकृतिक प्रकोप, जलवायु जोखिम र अन्य स्थानगत खतराहरूका लागि विद्यालयको सङ्कटासन्नता लेखाजोखा गरी जोखिम नक्साङ्कन गर्ने र प्राथमिकताका आधारमा न्यूनीकरणका कार्यहरू गर्ने ।

२. **सुरक्षित, हरित र जलवायु उत्थानशील पूर्वाधार निर्माणः** विद्यालय पूर्वाधार निर्माण, पुनर्निर्माण र प्रबलीकरणका आयोजनालाई सुरक्षित, हरित र विपत् एवम् जलवायु उत्थानशील बनाउने।

३. **नमुना विद्यालय पूर्वाधार डिजाइनको अवलम्बनः** नयाँ तथा पुराना सबै सिकाइ सुविधाका लागि सुरक्षित, हरित, जलवायु उत्थानशील र लैङ्गिक उत्तरदायी अपाङ्गता तथा बालमैत्री विद्यालय पूर्वाधार डिजाइनलाई मानकीकरण गरी कार्यान्वयनमा ल्याउने।

४. **पूर्वाधार लगानीमा सुरक्षाको सुनिश्चितताः** विपत् जोखिम न्यूनीकरण र जलवायु उत्थानशीलतालाई विद्यालय पूर्वाधारसम्बन्धी सबै लगानीको अभिन्न अङ्ग बनाउने, जसमा दिगो र हरित निर्माण प्रविधि तथा सामग्रीको प्रयोग, ऊर्जा दक्षता र हरियाली प्रवर्धनमा जोड दिने।

५. **विद्यालय सुविधाको हरितकरणः** जलवायु जोखिम न्यूनीकरण एवम् अनुकूलन कार्य तथा वातावरणीय दिगोपना अभिवृद्धि गर्न विद्यालय पूर्वाधारमा हरित अभ्यासलाई एकीकृत गर्न लागत प्रभावी उपायहरूको विकास गर्ने।

६. **तथ्यमा आधारित निर्णय प्रक्रियाः** प्रमाणमा आधारित योजना तर्जुमा र जोखिम न्यूनीकरणका लागि विद्यालय सुविधाहरूको अवस्थाको लेखाजोखा, अनुगमन र नक्साङ्कन गर्न एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) को उपयोग गर्ने।

७. **सुरक्षित निर्माणका अभ्यासका लागि क्षमता अभिवृद्धिः** सुरक्षित र दिगो विद्यालय पूर्वाधार सुनिश्चित गर्न डिजाइनर, योजनाकार, इन्जिनियर, सुपरीवेक्षक तथा निर्माण कामदारलाई सुरक्षित, हरित र उत्थानशील निर्माण प्रविधिसम्बन्धी तालिम दिने।

८. **पूर्वधार निर्माणमा गुणस्तर सुनिश्चितताः** विद्यालय पूर्वाधारको निर्माण, पुनर्निर्माण र पुनर्स्थापनासम्बन्धी कार्यको सबै तह र चरणमा गुणस्तर सुनिश्चितता गर्ने।

रणनीतिक कार्य तथा क्रियाकलापः

| क्र.स. | रणनीतिक कार्य | क्रियाकलाप | लक्ष्य | जिम्मेवारी | | समय सीमा | बजेट (रू. लाखमा) |
|---|---|---|---|---|---|---|---|
| | | | | नेतृत्व | सहयोग | | |
| १. | नयाँ विद्यालय निर्माण गर्दा सुरक्षित स्थल छनोट, सुरक्षित एवम् हरित डिजाइन र निर्माण कार्यलाई व्यवस्थित गर्न आवश्यक नियम तथा अनुगमन प्रणालीको विकास र कार्यान्वयन | विद्यालयका लागि सुरक्षित स्थल छनोट, सुरक्षित, हरित तथा समावेशी ढाँचा एवम् निर्माणसम्बन्धी मापदण्ड एवम् निर्देशिका तर्जुमा/अद्यावधिक गर्ने | १ | शिक्षा तथा खेलकुद मन्त्रालय/ शिक्षा विभाग | विकास साझेदारहरू | २०२५ | ५ |
| | | निर्माण कार्यमा संलग्न जनशक्ति (निजी क्षेत्रसमेत) को हरित तथा सुरक्षित निर्माणसम्बन्धी क्षमता अभिवृद्धि गर्ने | ७५३ | स्थानीय सरकार | शिक्षा विभाग /विकास साझेदारहरू | २०२८ | ५,२७१ |
| २. | सञ्चालनमा रहेका विद्यालयको संरचनात्मक सुरक्षाको लेखाजोखा, विद्यालयको स्तरोन्नति वा प्रतिस्थापन एवम् सुरक्षित र सुविधायुक्त खानेपानी, सरसफाइ तथा स्वच्छता (WASH) प्रवर्धन | विद्यालयहरूको संरचनात्मक सुरक्षा लेखाजोखा गर्ने | ७५३ | स्थानीय सरकार | शिक्षा विभाग | २०२८ | ७५३ |
| | | विद्यालयमा आवश्यक न्यूनतम संरचनात्मक सुरक्षाका कार्यहरू पहिचान गरी प्राथमिकीकरण गर्ने | ३५,००० | स्थानीय सरकार | शिक्षा विभाग /शिक्षा हेर्ने प्रदेश मन्त्रालय | २०२६ | - |
| | | लेखाजोखाको आधारमा उच्च जोखिममा रहेका विद्यालयलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्ने | - | स्थानीय/ प्रदेश सरकार | शिक्षा विभाग /शिक्षा मन्त्रालय | २०३० | - |
| | | पहिचान गरिएका विद्यालयको लेखाजोखा गरी न्यूनतम सुरक्षा सुनिश्चित गर्न मर्मतसम्भार तथा प्रबलीकरण जस्ता उपायहरू कार्यान्वयन गर्ने | - | स्थानीय सरकार | प्रदेश सरकार | २०३० | - |
| ३ | नियमित मर्मतसम्भारको प्रबन्ध र गैरसंरचनात्मक जोखिम न्यूनीकरणका उपायहरूको अवलम्बन | विपत्बाट हुन सक्ने क्षति रोकथामका लागि कक्षाकोठाका सामग्रीलाई सुरक्षित रूपमा व्यवस्थापन गर्ने | ३५,००० | विद्यालय | स्थानीय सरकार | नियमित | १७,५०० |
| | | सुरक्षित खानेपानी, सरसफाइ तथा स्वच्छता (WASH) सुविधाको नियमित मर्मत सम्भार गर्ने | ३५,००० | विद्यालय | स्थानीय सरकार | नियमित | १७,५०० |

| क्र.स. | रणनीतिक कार्य | क्रियाकलाप | लक्ष्य | जिम्मेवारी | | समय सीमा | बजेट (रू. लाखमा) |
|---|---|---|---|---|---|---|---|
| | | | | नेतृत्व | सहयोग | | |
| | | विद्यालयमा आगलागीबाट बच्न  सुरक्षाका प्रबन्ध मिलाउने | ३५,००० | विद्यालय | स्थानीय सरकार | २०२८ | १७,५०० |
| ४. | विद्यालय आवतजावत गर्ने मार्गमा बालबालिकालाई हुन सक्ने दुर्घटना, चोटपटक तथा अन्य हानि नोक्सानीबाट जोगाउन आवश्यक सुरक्षाका उपायहरू अवलम्बन | विद्यालय हाता र आवतजावत गर्ने बाटोमा बालबालिकालाई हुन सक्ने जोखिमको लेखाजोखा गर्ने | ३५,००० | विद्यालय | स्थानीय सरकार | २०२८ | ३,५०० |
| | | विद्यालयसम्म पुग्ने सडक तथा पैदल मार्गको मर्मतसम्भार तथा सुधार गर्ने | ३५,००० | स्थानीय सरकार | - | नियमित | - |
| | | विद्यालय यातायात प्रणालीको सुरक्षा परीक्षण (सेफ्टी अडिट) गर्ने | ७५३ | स्थानीय सरकार | विद्यालय | २०२८ | ७५३ |
| | | विद्यालय आउजाउ गर्ने बाटो र सडक सुरक्षासम्बन्धी जनचेतनामूलक अभियान सञ्चालन गर्ने | ७५३ | स्थानीय सरकार | विद्यालय/विकास साझेदार/ट्राफिक प्रहरी | नियमित | ३७६.५ |
| ५ | जलवायु अनुकूलन तथा वातावरणीय दिगोपनामा टेवा पुऱ्याउन विद्यालय सञ्चालन तथा पूर्वाधार विकासमा हरित अभ्यासको प्रवर्धन | विद्यालयबाट निस्कने फोहोर छुट्याई उचित तरीकाले फोहोरमैला व्यवस्थापन गर्ने पद्धति विकास गर्ने | ३५,००० | विद्यालय | स्थानीय सरकार/ विकास साझेदार | नियमित | १७,५०० |
| | | विद्यालय भवनहरूमा सोलार प्यानल, लिड बत्ती, तथा ऊर्जा किफायती उपकरणहरू जडान गर्ने | ३५,००० | विद्यालय | स्थानीय तथा प्रदेश सरकार/ विकास साझेदार | नियमित | ७०,००० |
| | | विद्यालयमा आकाशे पानी संकलन प्रणाली, पानी कम खपत हुने धारा, र अन्य पानी किफायती प्रविधि जडान गर्ने | ३५,००० | विद्यालय | स्थानीय सरकार/ विकास साझेदार | नियमित | ७०,००० |
| | | विद्यालयमा करेसाबारी, वृक्षारोपण र खुला सिकाइ स्थलको विकास सहित हरित क्षेत्र प्रवर्धन गर्ने | ३५,००० | विद्यालय | स्थानीय सरकार/ विकास साझेदार | नियमित | ३५,००० |

### ५.३.३ स्तम्भ २ः विद्यालय सुरक्षा तथा सिकाइ निरन्तरता व्यवस्थापन

यस स्तम्भअन्तर्गत शिक्षा क्षेत्रमा बालबालिका तथा कर्मचारीले सामना गर्नुपर्ने सबै प्रकारका प्रकोप तथा जोखिमको सन्दर्भमा सिकाइ निरन्तरता सुनिश्चित गर्नका लागि बालबालिकाको स्वास्थ्य, सुरक्षा र सर्वोपरी हितलाई ध्यानमा राखी योजना तर्जुमा गर्ने विषयलाई सम्बोधन गरिएको छ। यसले प्रभावित समुदायको अर्थपूर्ण सहभागिता र उनीहरूप्रतिको जवाफदेहितामार्फत उत्थानशीलताका लागि पूर्वानुमान गर्ने, आघात सहन सक्ने, अनुकूलन हुने तथा रूपान्तरणकारी क्षमता विकासमा जोड दिन्छ। यसमा बृहत् तथा सबै प्रकारका प्रकोप तथा जोखिमको लेखाजोखा, न्यूनीकरण, अनुकूलन, रोकथाम र प्रतिकार्यका लागि योजना निर्माण तथा कार्यान्वयन जस्ता पक्षहरू समावेश छन्।

#### उपलब्धि सूचक

१. विद्यालयमा सहभागितामूलक विद्यालय सुरक्षा कार्ययोजना तर्जुमा, कार्यान्वयन र नियमित पुनरवलोकन गरिएको हुने
२. विद्यालयहरूले सबै विद्यार्थी तथा शिक्षक, कर्मचारीका लागि सुरक्षित सिकाइ वातावरण र संरक्षणको सुनिश्चितता गरिएको हुने
३. विद्यालयहरूमा स्तरीय विद्यालय सुरक्षा घटना अभ्यासहरू नियमित रूपमा सञ्चालन र समीक्षा गरिएको हुने
४. विद्यालय स्वास्थ्य तथा पोषण प्रणालीलाई सुदृढ गरी विद्यार्थीको हितका लागि प्रभावकारी रूपमा परिचालन गरिएको हुने
५. जोखिम न्यूनीकरण जलवायु अनुकूलन तथा हरित विद्यालय योजना निर्माण र कार्यान्वयनमा समुदायको सहभागिता भएको हुने

#### रणनीति

१. **जोखिम लेखाजोखा र योजना निर्माणः** विद्यालयमा वार्षिक रूपमा सबै प्रकारका जोखिमको लेखाजोखा गरी त्यसलाई संस्थागत गर्ने र प्राप्त निष्कर्षलाई विद्यालय सुधार योजना र अन्य योजनामा एकीकृत गर्ने।
२. **विद्यालय प्रशासक तथा शिक्षकहरूको क्षमता विकासः** विद्यालय प्रशासक, स्थानीय शिक्षा अधिकारी, र शिक्षकलाई सहभागितामूलक विद्यालय सुरक्षा र सिकाइ निरन्तरताका लागि आवश्यक पर्ने नेतृत्वदायी ज्ञान तथा सिप विकास गर्न सेवापूर्व तथा सेवाकालीन तालिम सञ्चालन गर्ने।
३. **विपत् प्रतिकार्यका लागि स्तरीय कार्यविधि (SOPs) तर्जुमाः** विद्यालयमा विपत् प्रतिकार्यका लागि स्पष्ट कार्यविधि विकास गरी कार्यान्वयन गर्ने, जसमा अभ्यास, पूर्वसूचना प्रणाली र आपत्कालीन प्रतिकार्य सामग्रीको व्यवस्थापन समावेश हुन्छन्।
४. **आपत्कालीन अवस्थामा सिकाइ निरन्तरताको सुनिश्चितताः** समतामा आधारित शैक्षिक निरन्तरता योजना विकास गर्ने, जसमा वैकल्पिक सिकाइ स्थल, डिजिटल तथा न्यून-प्रविधिमा आधारित सिकाइका उपायहरू र विद्यालयलाई अस्थायी आश्रयस्थलको रूपमा प्रयोग गर्ने अभ्यासलाई न्यूनीकरण गर्ने मापदण्डहरू समावेश हुन्छन्।

५. **विद्यालयमा जोखिम न्यूनीकरण तथा अनुकूलनका उपायहरूको कार्यान्वयनः** विद्यालयमा जोखिम न्यूनीकरणका लागि संरचनात्मक, गैरसंरचनात्मक, वातावरणीय तथा जलवायु जोखिम न्यूनीकरण तथा अनुकूलनका उपयुक्त उपायहरूको पहिचान गरी कार्यान्वयन गर्ने।

६. **आपत्कालीन पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माणः** विद्यालयमा विपद्को प्रभावकारी प्रतिकार्यका लागि स्पष्ट जिम्मेवारी, सम्पर्क विवरण र आवश्यक स्रोत परिचालन सहितको पूर्वतयारी तथा प्रतिकार्य योजना विकास गर्ने।

७. **विद्यालय सञ्जाल तथा सहकर्मी सहयोग संयन्त्रः** सिकाइमा हुने अवरोध न्यूनीकरण गर्न साझा सिकाइ, पारस्परिक सहयोग र समन्वयात्मक विद्यालय सुरक्षा योजनालाई सहजीकरण गर्न स्थानीय स्तरमा विद्यालय समूह (क्लस्टर) र सञ्जाल स्थापना तथा सञ्चालन गर्ने।

८. **विपत् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन नीति तथा योजनासँग एकीकरणः** शिक्षा क्षेत्रको उत्थानशीलताका विकासका लागि बृहत् दृष्टिकोणका आधारमा विद्यालय सुरक्षाका रणनीतिहरूलाई विपत् जोखिम न्यूनीकरण, जलवायु उत्थानशीलता र बाल संरक्षण नीतिसँग सामञ्जस्य कायम गरी कार्यान्वयन गर्ने।

९. **विद्यालयमा द्वन्द्व तथा हिंसा रोकथामः** द्वन्द्व तथा हिंसा प्रभावित क्षेत्रहरूमा शान्ति स्थापना, सामाजिक सद्भाव र शिक्षाको संरक्षणलाई प्रवर्धन गर्न विद्यालय सुरक्षा प्रवर्धन गर्ने। विद्यालयलाई शान्ति क्षेत्रको रूपमा विकास गर्न सरोकारवालाको प्रतिबद्धता कायम गर्ने।

## रणनीतिक कार्य तथा क्रार्यकलाप

| क्र.स. | रणनीतिक कार्य | क्रियाकलाप | लक्ष्य | जिम्मेवारी | | समय सीमा | बजेट (रु. लाखमा) |
|---|---|---|---|---|---|---|---|
| | | | | नेतृत्व | सहयोग | | |
| १. | विद्यालय तहमा सहभागितामूलक बृहत् विद्यालय सुरक्षा कार्ययोजना निर्माण तथा कार्यान्वयन | विद्यालय सुरक्षा लेखाजोखाका लागि सबै प्रकारका प्रकोप तथा जोखिम लेखाजोखासम्बन्धी औजार एवम् निर्देशिका तर्जुमा गर्ने | १ | शिक्षा तथा खेलकुद मन्त्रालय /शिक्षा विभाग | - | २०२५ | ५ |
| | | प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति तथा शिक्षकका लागि बृहत् विद्यालय सुरक्षा योजना तर्जुमा तथा कार्यान्वयनसम्बन्धी प्रशिक्षण सञ्चालन गर्ने | २,५०० | स्थानीय सरकार | शिक्षा विभाग | २०३० | ६,२५० |
| | | विद्यालयमको प्रकोप तथा जोखिम पहिचान गर्न सबै प्रकारका जोखिम तथा सङ्कटासन्नताको लेखाजोखा गर्ने | ३५,००० | विद्यालय | स्थानीय सरकार/ विकास साझेदार | २०२८ | - |
| | | विद्यालय तहमा बृहत् विद्यालय सुरक्षा कार्ययोजना (विपत् जोखिम न्यूनीकरण, जलवायु अनुकूलन तथा हरित विद्यालय, पूर्वतयारी तथा प्रतिकार्य, सिकाइ निरन्तरता एवम् बाल संरक्षण) तर्जुमा गर्ने | ३५,००० | विद्यालय | स्थानीय सरकार/ विकास साझेदार | २०२८ | ३,५०० |
| | | बृहत् विद्यालय सुरक्षा कार्ययोजनालाई विद्यालय सुधार योजना (SIP) सँग एकीकृत गरी कार्यान्वयन गर्ने | ३५,००० | विद्यालय | स्थानीय सरकार/ विकास साझेदार | २०२८ | - |
| | | डिजिटल माध्यम रेडियो/टेलिभिजनमा आधारित शिक्षा तथा स्व-अध्ययन सामग्रीलगायतका वैकल्पिक सिकाइ संयन्त्रको प्रबन्ध गर्ने | १ | स्थानीय सरकार/ विद्यालय | शिक्षा विभाग /प्रदेश सरकार | २०२८ | ५ |
| २. | भयरहित सिकाइ सुनिश्चितताका लागि सुरक्षित तथा समावेशी सिकाइ वातावरण प्रवर्धन | हिंसा तथा दुर्व्यवहार रोकथामसम्बन्धी निर्देशिका तर्जुमा/ पुनरवलोकन गर्ने | १ | शिक्षा तथा खेलकुद मन्त्रालय | शिक्षा विभाग | २०२६ | ५ |
| | | विद्यालयमा हुने दुर्व्यवहार तथा हिंसा सम्बोधनका लागि विद्यालय स्तरीय उजुरी सुनुवाइ प्रणालीलाई थप क्रियशील बनाउने | १ | शिक्षा तथा खेलकुद शिक्षा | - | २०२६ | १ |

| क्र.स. | रणनीतिक कार्य | क्रियाकलाप | लक्ष्य | जिम्मेवारी | | समय सीमा | बजेट (रु. लाखमा) |
|---|---|---|---|---|---|---|---|
| | | | | नेतृत्व | सहयोग | | |
| | | | | शिक्षा तथा खेलकुद मन्त्रालय / शिक्षा विभाग | | | |
| | | मनोसामाजिक परामर्श तथा भावनात्मक सहयोग प्रदान गर्न विद्यालयमा बालमैत्री स्थलको व्यवस्था गर्ने | ३५,००० | विद्यालय | स्थानीय सरकार | २०२६ | - |
| | | विद्यालयमा प्राथमिक उपचार बाकस/सामग्रीको व्यवस्था गरी त्यसको नियमित सम्भार तथा पुनर्भरण गर्ने | ३५,००० | विद्यालय | स्थानीय सरकार/ विकास साझेदार | २०२६ | ७,००० |
| ३ | विपत् तथा आपत्कालीन अवस्थाको तयारीका लागि कार्यसञ्चालन विधि (SOPs) तर्जुमा तथा कार्यान्वयन | विद्यालयमा सुरक्षा घटना तथा सिमुलेसन अभ्यसलाई सञ्चालनका लागि स्तरीय निर्देशिका तर्जुमा गर्ने | १ | शिक्षा विभाग | विकास साझेदार | २०२६ | ५ |
| | | शिक्षक तथा विद्यालयका कर्मचारीलाई विद्यालय सुरक्षा घटना अभ्यास सहजीकरण तथा सञ्चालनका सम्बन्धी तालिम दिने | ७५३ | स्थानीय सरकार | विकास साझेदार | २०२८ | ३७६.५ |
| | | शिक्षा समूहका सदस्यहरूलाई आपत्कालीन शिक्षा समूह सञ्चालनसम्बन्धी तालिम दिने | ७५३ | स्थानीय सरकार | विकास साझेदार | २०२८ | ३७६.५ |
| | | विद्यालयमा सुरक्षा घटना तथा सिमुलेसन अभ्यसलाई स्थानीय तहको वार्षिक शैक्षिक कार्यतालिकामा समावेश गरी कार्यान्वयन गर्ने | ७५३ | स्थानीय सरकार | स्थानीय शिक्षा समूह | नियमित | - |
| | | विद्यालयमा नियमित रूपमा विद्यालय सुरक्षा अभ्यासहरू आयोजना तथा सञ्चालन गर्ने | ३५,००० | विद्यालय | स्थानीय सरकार/ विकास साझेदार | नियमित | - |
| ४. | विद्यालय स्वास्थ्य तथा पोषण प्रणालीको सुदृढीकरण | सबै विद्यालयमा पर्याप्त तथा स्वच्छ पिउने पानीको व्यवस्था सुनिश्चित गर्ने | ३५,००० | विद्यालय | स्थानीय सरकार | नियमित | - |
| | | पोषणसम्बन्धी शिक्षा र स्वस्थ खानपानलाई सहयोग पुऱ्याउन विद्यालय करेसाबारीको विकास गर्ने | ३५,००० | विद्यालय | स्थानीय सरकार | नियमित | १७,५०० |
| | | महिनावारी स्वच्छता सहयोगसहित लैङ्गिकमैत्री सरसफाइ सुविधाको प्रबन्ध गर्ने | ३५,००० | विद्यालय | स्थानीय सरकार | नियमित | ८,७५० |

| क्र.स. | रणनीतिक कार्य | क्रियाकलाप | लक्ष्य | जिम्मेवारी | | समय सीमा | बजेट (रु. लाखमा) |
|---|---|---|---|---|---|---|---|
| | | | | नेतृत्व | सहयोग | | |
| | | विद्यालय स्वास्थ्य तथा पोषण प्रणालीबारे सचेतना तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने | ७५३ | स्थानीय सरकार | विकास साझेदार | २०२८ | ३७६.५ |
| ५. | विद्यालय सुरक्षाका गतिविधिमा समुदायको सहभागिता | अपनत्वको भावना र सचेतना विकासका लागि विद्यालयको पूर्वतयारी तथा योजना प्रक्रियामा समुदायलाई संलग्न गराउने | ३५,००० | विद्यालय | विद्यालय व्यवस्थापन समिति | नियमित | - |
| | | विद्यालयको जोखिम न्यूनीकरणका क्रियाकलापहरूमा समुदायलाई संलग्न गराउने | ३५,००० | विद्यालय | विद्यालय व्यवस्थापन समिति | नियमित | - |

### ५.३.४ स्तम्भ ३ः जोखिम न्यूनीकरण तथा उत्थानशिलता शिक्षा

यस स्तम्भअन्तर्गत बालबालिका, शिक्षक कर्मचारी तथा विद्यालय समुदाय (अभिभावकसमेत) ले सामना गर्नुपर्ने जोखिमको सन्दर्भमा उनीहरूको व्यक्तिगत तथा सामुदायिक उत्थानशीलता अभिवृद्धि गर्ने उद्देश्यले आवश्यक विषयवस्तु, प्रक्रिया र सिकाइका अवसर सिर्जना गर्ने कार्यमा जोड दिइएको छ। यसमा विपत् जोखिम न्यूनीकरण, जलवायु परिवर्तन अनुकूलन, स्वास्थ्य प्रवर्धन तथा महामारी, बाल संरक्षण, हिंसा तथा द्वन्द्व रोकथाम, सामाजिक सद्भावको सुदृढीकरण र मनोसामाजिक सुस्वास्थ्य जस्ता विषय समावेश हुन्छन् ।

**उपलब्धि सूचक**

१. जलवायु परिवर्तन, उत्थानशिलतालगायतका जोखिम न्यूनीकरणसम्बन्धी विषयवस्तु औपचारिक विद्यालय पाठ्यक्रममा समावेश भएको हुने
२. अनौपचारिक तथा प्रयोगात्मक तथा पहुँचयोग्य सिकाइ अवसरमार्फत जलवायु जोखिमका अभ्यासहरूलगायत विद्यालयको उत्थानशीलतामा विद्यार्थी र उनीहरूका परिवारलाई सहभागिता गराइएको हुने
३. जलवायु सचेत जोखिम न्यूनीकरण तथा उत्थानशिलतालाई प्रभावकारी रूपमा शिक्षण र मूल्याङ्कन गर्नका लागि शिक्षक, पाठ्यक्रम विकासकर्ता तथा पाठ्यपुस्तक लेखकहरूको क्षमता विकास भएको हुने
४. जलवायु तथा विपत् जोखिम न्यूनीकरण, उत्थानशिलता र विद्यार्थी हितमा केन्द्रित उच्च गुणस्तरीय शिक्षण सामग्रीमा सहज पहुँच सुनिश्चित भएको हुने
५. जलवायु सचेत उत्थानशील शिक्षाको प्रभावकारिता र सान्दर्भिकता सुनिश्चित गर्न विद्यार्थीको सिकाइ उपलब्धिलाई नियमित रूपमा मूल्याङ्कन तथा परीक्षण प्रणालीको विकास गरिएको हुने
६. सचेतना र विपत् तथा जलवायु उत्थानशीलता शिक्षाका लागि मुख्य सन्देशहरू विकास गरी प्रभावकारी रूपमा प्रसार गरिएको हुने।

**रणनीति**

१. **विपत् तथा जलवायु उत्थानशिलतालाई विद्यालय शिक्षामा एकीकृत गर्नेः** जोखिम न्यूनीकरण पूर्वतयारी र प्रतिकार्य क्षमता निर्माणका लागि औपचारिक पाठ्यक्रम, अनौपचारिक सिकाइ गतिविधि र अतिरिक्त क्रियाकलापमार्फत विपत् जोखिम न्यूनीकरण र जलवायु उत्थानशीलता शिक्षा सञ्चालन गर्ने
२. **पाठ्यक्रम समीक्षा तथा सुदृढीकरण गर्नेः** जोखिम पहिचान, सुरक्षा, स्वास्थ्य, सरसफाइ, जलवायु परिवर्तन अनुकूलन तथा न्यूनीकरण, वातावरणीय दिगोपना, र सामाजिकलसंवेगात्मक सिकाइसम्बन्धी ज्ञान र व्यावहारिक सिपलाई एकीकृत गर्न पाठ्यक्रम र पाठ्यपुस्तकको नियमित समीक्षा र अद्यावधिक गर्ने
३. **विद्यार्थीलाई अनौपचारिक सिकाइमा संलग्न गराउनेः** विद्यालयको प्रार्थना सभा, इको क्लब, युवा अभियान, खेलकुद तथा सामुदायिक गतिविधिमार्फत विद्यार्थी, शिक्षक र कर्मचारीलाई जोखिम पहिचान, जलवायु अनुकूलन कार्य र उत्थानशीलता निर्माणका पहलमा सक्रिय रूपमा संलग्न गराउने
४. **जोखिम न्यूनीकरणका मुख्य सन्देश विकास गर्नेः** विद्यालय तथा घरपरिवारको जोखिम कम गर्नका लागि स्पष्ट र कार्यमूलक सन्देश विकास गर्ने र औपचारिक एवम् अनौपचारिक शैक्षिक माध्यमबाट व्यापक प्रचारप्रसार सुनिश्चित गर्ने।

५. **सिकाइ सामग्रीको पहुँच अभिवृद्धि गर्ने:** सिकाइ अवरोधहरू हटाउनका लागि सिकाइ सामग्री र मुख्य सन्देशहरूलाई अल्पसङ्ख्यक भाषा, ब्रेल, साङ्केतिक भाषा, र डिजिटल पहुँचका उपकरणसहित विभिन्न माध्यममा उपलब्ध गराउने।

६. **उत्थानशिलता शिक्षाका लागि शिक्षकको क्षमता विकास गर्ने:** उत्थानशिलता शिक्षालाई प्रभावकारी रूपमा प्रदान गर्न, सामाजिक संवेगात्मक सिकाइलाई प्रवर्धन गर्न र अवरोधका समयमा सिकाइ निरन्तरता कायम गर्न शिक्षकलाई तालिम, डिजिटल उपकरण र नवीन विधिको प्रयोगको गर्ने क्षमता विकास गर्ने।

७. **मनोसामाजिक सहयोग तथा संरक्षण संयन्त्रलाई सुदृढ गर्ने:** आघात र संरक्षणसम्बन्धी उल्लंघनलाई सम्बोधन गर्न शिक्षक, स्याहारकर्ता र विद्यार्थीका लागि समकक्षी सहयोग सञ्जाल, सिफारिस संयन्त्र, र मनोसामाजिक सहयोगसम्बन्धी तालिमको विकास गर्ने।

८. **सिकाइमा समता र समावेशिता प्रवर्धन गर्ने:** समावेशी र संरक्षणयुक्त सिकाइ वातावरण सुनिश्चित गर्न विद्यालय पाठ्यक्रममा लैङ्गिक समानता, अपाङ्गता समावेशीकरण, बाल अधिकार, हिंसा रोकथाम, शान्ति शिक्षा, र आलोचनात्मक चिन्तनलाई समावेश गर्ने।

९. **द्वन्द्व तथा लैङ्गिक उत्तरदायी सिकाइ सामग्री सुनिश्चित गर्ने:** सिकाइ सामग्रीहरू सन्दर्भ सापेक्ष, सामाजिक रूपमा समावेशी, लैङ्गिक उत्तरदायी र कुनै पनि प्रकारको पूर्वाग्रह वा असहिष्णुताका सन्देशबाट मुक्त छन् भनी सुनिश्चित गर्न परीक्षण गर्ने।

१०. **विज्ञ तथा सामुदायिक अगुवालाई संलग्न गराउने:** अतिथि व्याख्यान, स्थलगत भ्रमण, र अनुभवजन्य सिकाइ गतिविधिमार्फत विपत् जोखिम व्यवस्थापन, जलवायु अनुकूलन कार्य, बाल संरक्षण र वातावरण विज्ञहरूसँग सहकार्य गर्ने।

११. **सुरक्षित तथा समावेशी सिकाइ वातावरण प्रवर्धन गर्ने:** विद्यार्थीहमा पर्ने लैङ्गिक प्रभावलाई ध्यानमा राख्ने रणनीति लागु गर्ने र समावेशी एवम् सुरक्षित सिकाइ वातावरण सिर्जना गर्न सुरक्षाका उपायहरूलाई एकीकृत गर्ने।

## रणनीतिक कार्य तथा क्रियाकलापः

| क्र.स. | रणनीतिक कार्य | क्रियाकलाप | लक्ष्य | जिम्मेवारी | | समय सीमा | बजेट (रु. लाखमा) |
|---|---|---|---|---|---|---|---|
| | | | | नेतृत्व | सहयोग | | |
| १. | जलवायु सचेत जोखिम न्यूनीकरण र उत्थानशिलतासम्बन्धी विषयवस्तुको विद्यालय पाठ्यक्रममा समावेशीकरण | राष्ट्रिय पाठ्यक्रम प्रारुपमा जलवायु परिवर्तन, विपत् जोखिम न्यूनीकरण, तथा हरित विद्यालय शिक्षासम्बन्धी विषयवस्तु समावेश गर्ने | १ | पाठ्यक्रम विकास केन्द्र | शिक्षा विभाग | नियमित | १० |
| | | स्थानीय पाठ्यक्रम विकासमा जलवायु परिवर्तन, विपत् जोखिम न्यूनीकरण, तथा हरित विद्यालय शिक्षालाई एकीकृत गर्ने | ७५३ | स्थानीय सरकार | शिक्षा विभाग / पाठ्यक्रम विकास केन्द्र | २०३० | ७५३ |
| | | विद्यालयहरूमा जलवायु परिवर्तन अनुकूलन, विपत् जोखिम न्यूनीकरण, तथा हरित विद्यालयसम्बन्धी अतिरिक्त क्रियाकलाप सञ्चालन गर्ने | ३५,००० | विद्यालय | शिक्षा विभाग | नियमित | - |
| २. | जलवायु जोखिम न्यूनीकरण, उत्थानशिलता र सुस्वास्थ्य प्रवर्धन गर्न विद्यार्थी तथा परिवारका लागि अनौपचारिक एवम् व्यावहारिक सिकाइ कार्यक्रम सञ्चालन | समुदायसँगको समन्वयमा अन्तरक्रियात्मक सत्र तथा सचेतनामूलक कार्यक्रमलगायतका बृहत् विद्यालय सुरक्षा एवम् हरित विद्यालयसम्बन्धी गतिविधि सञ्चालन गर्ने | ३५,००० | विद्यालय | विद्यालय / विकास साझेदार | नियमित | १,७५० |
| | | व्यावहारिक सिकाइका लागि विद्यार्थीलाई प्रकोप तथा जोखिम लेखाजोखा, नक्साङ्कन, एवम् बृहत् विद्यालय सुरक्षा योजना तर्जुमा गतिविधिहरूमा संलग्न गराउने | ३५,००० | विद्यालय | विद्यालय व्यवस्थापन समिति / विकास साझेदार | नियमित | - |
| | | जोखिम न्यूनीकरण तथा पूर्वतयारीसम्बन्धी विद्यार्थीको बुझाइ अभिवृद्धि गर्न विपत् प्रभावित क्षेत्रहरूमा स्थलगत भ्रमण आयोजना गर्ने (सुरक्षा संवेदनशीलताको ख्याल गरी सुरक्षित भएमा मात्र) | ३५,००० | विद्यालय | विद्यालय व्यवस्थापन समिति/ विकास साझेदार | | ३,५०० |
| | | बृहत् विद्यालय सुरक्षा एवम् विपत् तथा जलवायु उत्थानशिलता शिक्षासम्बन्धी जनचेतनाका लागि मुख्य सन्देश तयार गर्ने | १ | शिक्षा विभाग | विकास साझेदार | २०२६ | ५ |

| क्र.स. | रणनीतिक कार्य | क्रियाकलाप | लक्ष्य | जिम्मेवारी | | समय सीमा | बजेट (रु. लाखमा) |
|---|---|---|---|---|---|---|---|
| | | | | नेतृत्व | सहयोग | | |
| | | बृहत् विद्यालय सुरक्षा एवम् विपत् तथा जलवायु उत्थानशीलता शिक्षासम्बन्धी जनचेतनाका लागि तयार गरिएका मुख्य सन्देशहरू प्रसार गर्ने | ७५३ | स्थानीय सरकार | CEHRD | नियमित | ७५३ |
| ३. | विपत् तथा जलवायु जोखिम न्यूनीकरण, हरित विद्यालय र उत्थानशीलताका विषयवस्तुको सहजीकरणका लागि शिक्षकको क्षमता अभिवृद्धि | बृहत् विद्यालय सुरक्षासम्बन्धी शिक्षक प्रशिक्षण पाठ्यक्रम र प्रशिक्षण निर्देशिका विकास गरी शिक्षक पेशागत विकास कार्यक्रममा समावेश गर्ने | १ | शिक्षा मन्त्रालय/ CEHRD | पाठ्यक्रम विकास केन्द्र | २०२८ | ५ |
| | | पाठ्यक्रम तथा पाठ्यपुस्तक विकासकर्ताका लागि बृहत् विद्यालय सुरक्षा तथा उत्थानशील शिक्षासम्बन्धी तालिम/कार्यशाला गोष्ठी आयोजना गर्ने | २ | CEHRD | पाठ्यक्रम विकास केन्द्र | २०२६ | ५ |
| | | सङ्घ तथा प्रदेश स्तरमा बृहत् विद्यालय सुरक्षासम्बन्धी प्रशिक्षक प्रशिक्षण (ToT) सञ्चालन गर्ने | ८ | CEHRD | विकास साझेदार | २०२८ | ८० |
| | | विद्यालयमा शिक्षक तथा विद्यालय व्यवस्थापन समितिका सदस्यहरूका लागि बृहत् विद्यालय सुरक्षासम्बन्धी अभिमुखीकरण आयोजना गर्ने | ३५,००० | विद्यालय | स्थानीय सरकार | २०३० | १,७५० |
| ४. | विद्यालयमा जलवायु सचेत जोखिम न्यूनीकरण र उत्थानशीलता सम्बन्धी शिक्षा प्रदान गर्नका लागि पर्याप्त एवम् गुणस्तरीय शिक्षण सामग्रीको उपलब्धता | सिकाइ निरन्तरता सुनिश्चितताका लागि डिजिटल सिकाइ सामग्रीहरू विकास गर्ने | १ | शिक्षा तथा खेलकुद मन्त्रालय/ शिक्षा विभाग | विकास साझेदार | २०२६ | ५ |
| | | सिकाइ सामग्रीको डिजिटल भण्डार (रिपोजिटरी) को विकास गर्ने | १ | शिक्षा तथा खेलकुद मन्त्रालय/ शिक्षा विभाग | विकास साझेदार | २०२६ | ५ |
| | | उत्थानशीलता शिक्षासम्बन्धी क्रियाकलापमा सहयोग पुऱ्याउन फ्ल्यासकार्ड तथा बोर्डगेम जस्ता अन्तरक्रियात्मक शैक्षिक सामग्री (किट) विकास गर्ने | १ | शिक्षा तथा खेलकुद मन्त्रालय/ शिक्षा विभाग | विकास साझेदार | २०२६ | ५ |

| क्र.स. | रणनीतिक कार्य | क्रियाकलाप | लक्ष्य | जिम्मेवारी | | समय सीमा | बजेट (रु. लाखमा) |
|---|---|---|---|---|---|---|---|
| | | | | नेतृत्व | सहयोग | | |
| | | समावेशी, बालमैत्री तथा अपाङ्गता-मैत्री सिकाइ सामग्रीहरू विकास गर्ने | १ | शिक्षा मन्त्रालय/ शिक्षा विभाग | विकास साझेदार | २०२६ | ५ |
| | | शिक्षण सिकाइ क्रियाकलापका लागि स्थानीय स्तरमा उपलब्ध तथा वातावरणमैत्री शिक्षण सामग्रीको विकास तथा प्रवर्धन गर्ने | ७५३ | स्थानीय सरकार | विकास साझेदार | २०२८ | ७५३ |
| ५. | विपत् एवम् जलवायु जोखिम न्यूनीकरण तथा उत्थानशीलता शिक्षामा विद्यार्थीको सिकाइ उपलब्धि अनुगमन तथा मूल्याङ्कन प्रणाली स्थापना | सुरक्षित तथा हरित विद्यालयका अभ्यासहरूको व्यावहारिक सिकाइ उपलब्धि मापनको लागि विद्यार्थी मूल्याङ्कन पद्धति विकास गर्ने | १ | शिक्षा मन्त्रालय/ शिक्षा विभाग | - | २०२६ | ५ |
| | | सुरक्षित तथा हरित विद्यालयसम्बन्धी गतिविधिमा विद्यार्थीले गरेको प्रयोगात्मक अभ्यासका आधारमा सिकाइ उपलब्धि मूल्याङ्कन गर्ने | ३५,००० | विद्यालय | स्थानीय सरकार | नियमित | - |

## ५.४ बृहत् विद्यालय सुरक्षा अनुगमन तथा मूल्याङ्कन ढाँचा

बृहत् विद्यालय सुरक्षासम्बन्धी क्रियाकलाप, यसका आधार र तीनओटा स्तम्भअन्तर्गत पहिचान गरिएका मुख्य कार्यमा आधारित रहेर विकास गरिएका छन् । अनुगमन तथा मूल्याङ्कनका सूचकहरू उक्त रणनीतिक क्रियाकलापका आधारमा तयार गरिएका छन्। तीन तहका सरकार तथा विद्यालय तहको विस्तृत अनुगमन ढाँचा बृहत् विद्यालय सुरक्षा कार्यान्वयन मार्गदर्शनमा समावेश गरिनेछ।

### १. आधारः सक्षम प्रणाली र नीति

| क्र.स. | नतिजा | उपलब्धि | सूचक | पुष्ट्याईंको आधार | जिम्मेवारी |
|---|---|---|---|---|---|
| १. | सबै तहमा बृहत् विद्यालय सुरक्षा नीति तथा कार्यान्वयन संयन्त्रहरू स्थापना भई सञ्चालनमा रहेका हुने | बृहत् विद्यालय सुरक्षा गुरुयोजना अद्यावधिक गरिएको हुने | अद्यावधिक बृहत् विद्यालय सुरक्षा गुरुयोजना | बृहत् विद्यालय सुरक्षा गुरुयोजना | सङ्घीय सरकार |
| | | बृहत् विद्यालय सुरक्षा कार्यान्वयन कार्यविधि अद्यावधिक गरिएको हुने | अद्यावधिक बृहत् विद्यालय सुरक्षा कार्यान्वयन कार्यविधि | बृहत् विद्यालय सुरक्षा कार्यान्वयन कार्यविधि | सङ्घीय सरकार |
| | | विद्यालय सुरक्षा कार्ययोजनालाई स्थानीय शिक्षा क्षेत्र योजना तथा स्थानीय विकास योजनासँग आबद्ध गरिएको हुने | विद्यालय सुरक्षा समावेश गरिएका स्थानीय शिक्षा योजनाको सङ्ख्या | स्थानीय शिक्षा योजना | सङ्घीय सरकार/ प्रदेश सरकार |
| | | बृहत् विद्यालय सुरक्षालाई स्थानीय विपत् जोखिम न्यूनीकरण तथा जलवायु परिवर्तन अनुकूलन नीति तथा योजनामा एकीकृत गरिएको हुने | विद्यालय सुरक्षा समावेश गरिएका स्थानीय विपत् एवम् जलवायु अनुकूलन योजनाको सङ्ख्या | स्थानीय विपत् तथा जलवायु अनुकूलन योजना | सङ्घीय सरकार/ प्रदेश सरकार |
| २. | शिक्षा क्षेत्रमा बाल केन्द्रित प्रकोप तथा जोखिम लेखाजोखा एवम् योजना तर्जुमा गरिएको हुने | शिक्षा क्षेत्रको योजना तर्जुमामा बाल-केन्द्रित जोखिम लेखाजोखा गरिएको हुने | बाल केन्द्रित जोखिम लेखाजोखा गरिएका स्थानीय शिक्षा योजनाको सङ्ख्या | स्थानीय शिक्षा योजना | सङ्घीय सरकार |
| | | विद्यालय तहमा सबै प्रकारका प्रकोप तथा जोखिमको लेखाजोखा औजारहरूको स्थानीयकरण गरिएको हुने | विद्यालय सुरक्षा लेखाजोखा औजारहरू उपलब्ध भएका विद्यालय सङ्ख्या | प्रकाशित लेखाजोखा औजारहरू | सङ्घीय सरकार |
| | | विद्यालय तहमा सबै प्रकारका प्रकोप तथा जोखिमको लेखाजोखा सम्पन्न गरिएको हुने | विद्यालय सुरक्षा लेखाजोखा गरिएका विद्यालय सङ्ख्या | विद्यालय सुरक्षा लेखाजोखा प्रतिवेदन | स्थानीय सरकार |
| ३. | बृहत् विद्यालय सुरक्षा कार्यान्वयनका लागि सहयोग गर्न सबै तहमा | सङ्घीय तथा प्रदेश तहमा बृहत् विद्यालय सुरक्षा सम्पर्क व्यक्ति (फोकल पर्सन) मनोनयन गरिएको हुने | बृहत् विद्यालय सुरक्षा सम्पर्क व्यक्ति तोकिएका शिक्षासँग सम्बन्धित निकायको सङ्ख्या | निर्णय पुस्तिका | सङ्घीय सरकार |

| क्र.स. | नतिजा | उपलब्धि | सूचक | पुष्ट्याईंको आधार | जिम्मेवारी |
|---|---|---|---|---|---|
| | नेतृत्व र समन्वय संयन्त्रको सुदृढीकरण भएको हुने | सबै तहका शिक्षा अधिकृतलाई बृहत् विद्यालय सुरक्षासम्बन्धी अभिमुखीकरण गरिएको हुने | अभिमुखीकरण गरिएको सङ्ख्या | अभिमुखीकरण प्रतिवेदन | सङ्घीय सरकार/ प्रदेश सरकार |
| | | बृहत् विद्यालय सुरक्षासम्बन्धी विद्यालय व्यवस्थापन समितिको भूमिका परिभाषित गरी बृहत् विद्यालय सुरक्षा कार्यान्वयन समिति गठन गर्ने | बृहत् विद्यालय सुरक्षा सम्पर्क व्यक्ति तोकिएका विद्यालय व्यवस्थापन समितिको सङ्ख्या | निर्णय पुस्तिका | स्थानीय सरकार |
| | | विद्यालयमा बृहत् विद्यालय सुरक्षा र लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्पर्क शिक्षक मनोनयन गरिएको हुने | सम्पर्क शिक्षक मनोनयन गरीएका विद्यालय सङ्ख्या | निर्णय पुस्तिका | स्थानीय सरकार |
| | | विद्यालयमा आपत्कालीन प्रतिकार्य कार्यदल (खोज तथा उद्धार, प्राथमिक उपचार, र सञ्चार तथा समन्वय) गठन भएको हुने | आपत्कालीन प्रतिकार्य टोली गठन भएका विद्यालय सङ्ख्या | निर्णय पुस्तिका | स्थानीय सरकार |
| | | विद्यालय समुदायका लागि बृहत् विद्यालय सुरक्षा तथा हरित विद्यालयसम्बन्धी अभिमुखीकरण सञ्चालन गरिएको हुने | बृहत् विद्यालय सुरक्षा तथा हरित विद्यालयसम्बन्धी अभिमुखीकरण सम्पन्न भएका विद्यालय सङ्ख्या | अभिमुखीकरण प्रतिवेदन | स्थानीय सरकार |
| ४. | विद्यालय शिक्षा क्षेत्रको जोखिम न्यूनीकरण, सिकाइ निरन्तरता र उत्थानशील सिकाइका लागि दिगो कोष तथा वित्तीय स्रोतको प्रबन्ध गरिएको हुने | बृहत् विद्यालय सुरक्षा कार्यान्वयनका लागि सङ्घीय तथा प्रदेश सरकारबाट वित्तीय स्रोत सुनिश्चित गरिएको हुने | बार्षिक रूपमा बृहत् विद्यालय सुरक्षा कार्यान्वयनका लागि विनियोजित बजेट रकम | बजेट पुस्तिका | सङ्घीय सरकार/ प्रदेश सरकार |
| | | बृहत् विद्यालय सुरक्षाको दीर्घकालीन वित्तीय व्यवस्थापनका लागि रणनीतिहरू विकास गरिएको हुने | विकास गरिएका रणनीति | विकास गरिएका रणनीति | सङ्घीय सरकार/ प्रदेश सरकार |
| | | विद्यालयमा बृहत् विद्यालय सुरक्षा कार्यान्वयनका लागि स्थानीय सरकारबाट नियमित बजेट विनियोजन गरिएको हुने | बृहत् विद्यालय सुरक्षा कार्यान्वयनका लागि विनियोजित बजेट रकम | स्थानीय सरकारको बजेट पुस्तिका | सङ्घीय सरकार/ प्रदेश सरकार |
| | | बृहत् विद्यालय सुरक्षा कार्यान्वयनका लागि विपत् जोखिम न्यूनीकरण तथा जलवायु परिवर्तन अनुकूलनका स्रोतहरू परिचालन गरिएको हुने | बाह्य रूपमा परिचालन गरिएको परियोजना कोष | परियोजना प्रतिवेदन | स्थानीय सरकार |

| क्र.स. | नतिजा | उपलब्धि | सूचक | पुष्ट्याईंको आधार | जिम्मेवारी |
|---|---|---|---|---|---|
| | | शिक्षा विषयगत समुहको आपत्कालीन प्रतिकार्य तथा सिकाइ निरन्तरता व्यवस्थापनका लागि कोष विनियोजन गरिएको हुने | शिक्षा क्षेत्रको प्रतिकार्य तथा सिकाइ निरन्तरताका लागि विनियोजित रकम | बजेट पुस्तिका | स्थानीय सरकार |
| ५. | बृहत् विद्यालय सुरक्षाका लागि प्रमाण तथा तथ्याङ्कमा आधारित अनुगमन तथा मूल्याङ्कन प्रणाली स्थापना भई कार्यान्वयन भएको हुने | बृहत् विद्यालय सुरक्षा कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कन ढाँचा विकास गरिएको हुने | एकीकृत अनुगमन तथा मूल्याङ्कन ढाँचा | विकास गरिएको ढाँचा | सङ्घीय सरकार |
| | | एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) मा बृहत् विद्यालय सुरक्षाका सूचकहरू एकीकृत गरिएको हुने | एकीकृत गरिएका बृहत् विद्यालय सुरक्षाका सूचकहरूको सङ्ख्या | अद्यावधिक सूचना प्रणाली (IEMIS) | सङ्घीय सरकार |
| | | बृहत् विद्यालय सुरक्षाका लागि विद्यालय स्तरीय स्वमूल्याङ्कनका सूचकहरू विकास गरिएको हुने | विद्यालयका लागि विकास गरिएका स्व मूल्याङ्कनका सूचक | स्वमूल्याङ्कनका औजार | सङ्घीय सरकार |
| | | स्थानीय तहमा बृहत् विद्यालय सुरक्षाको प्रगतिको वार्षिक समीक्षा गरिएको हुने | बार्षिक समीक्षा सेसन सञ्चालन गर्ने स्थानीय विद्यालयहरूको सङ्ख्या | समीक्षा प्रतिवेदन | स्थानीय सरकार/ प्रदेश सरकार |
| | | विद्यालयले बृहत् विद्यालय सुरक्षा कार्यान्वयनको स्वमूल्याङ्कन तथा सूचना प्रणालीमा अद्यावधिक गर्ने कार्य नियमित रूपमा गरेको हुने | बृहत् विद्यालय सुरक्षा कार्यान्वयनको स्वमूल्याङ्कन गर्ने विद्यालयहरूको सङ्ख्या | स्व मूल्याङ्कनको सिस्टममा रिपोर्टिङ | विद्यालय |

## २. सुरक्षित सिकाइ सुविधा

| क्र.स. | नतिजा | उपलब्धि | सूचक | पुस्टयाइको आधार | जिम्मेवारी |
|---|---|---|---|---|---|
| ६ | विद्यालय निर्माणमा सुरक्षित स्थल छनोट, सुरक्षित तथा हरित डिजाइन, एवम् निर्माण अभ्यास अवलम्बन गरिएको हुने | सुरक्षित स्थल छनोट, सुरक्षित, हरित, तथा समावेशी डिजाइन एवम् निर्माणका लागि मार्गदर्शन विकास गरी कार्यान्वयन गरिएको हुने | अद्यावधिक सुरक्षित तथा हरित निर्माण मार्गदर्शन | प्रकाशित मार्गदर्शन | सङ्घीय सरकार |
| | | हरित तथा सुरक्षित निर्माणका लागि निर्माण क्षेत्रका जनशक्तिको क्षमता विकास कार्यक्रम सञ्चालन गरिएको हुने | निर्माणसम्बन्धी क्षमता अभिवृद्धि तालिमहरूको सङ्ख्या | तालिम प्रतिवेदन | सङ्घीय सरकार/ प्रदेश सरकार |
| ७ | संरचनात्मक तथा गैरसंरचनात्मक | विद्यालयहरूको संरचनात्मक सुरक्षा लेखाजोखा गरिएको हुने | संरचनात्मक सुरक्षा मूल्याङ्कन सम्पन्न गरिएका विद्यालयको सङ्ख्या | लेखाजोखा प्रतिवेदन | स्थानीय सरकार |

| क्र.स. | नतिजा | उपलब्धि | सूचक | पुस्ट्याइको आधार | जिम्मेवारी |
|---|---|---|---|---|---|
| | लेखाजोखाका आधारमा विद्यालयहरूलाई सुरक्षित तथा कार्यमूलक खानेपानी, सरसफाइ तथा स्वच्छताका (WASH) सुविधा सहित स्तरोन्नति वा प्रतिस्थापन गरिएको हुने | विद्यालयमा न्यूनतम संरचनात्मक सुरक्षाका क्रियाकलापहरू पहिचान गरी प्राथमिकीकरण गरिएको हुने | संरचनात्मक सुरक्षाका क्रियाकलापहरू पहिचान गरिएका विद्यालयको सङ्ख्या | लेखाजोखा प्रतिवेदन | विद्यालय |
| | | लेखाजोखाको आधारमा उच्च जोखिममा रहेका विद्यालयलाई सुरक्षित स्थानमा स्थानान्तरण गरिएको हुने | सुरक्षित स्थानमा स्थानान्तरण गरिएका विद्यालयको सङ्ख्या | स्थानान्तरण परियोजना प्रतिवेदन | स्थानीय सरकार |
| | | पहिचान गरिएका विद्यालयमा मर्मतसम्भार तथा प्रबलीकरण (retrofitting) सहितका न्यूनतम संरचनात्मक सुरक्षाका उपायहरू अवलम्बन गरिएको हुने | प्रबलीकरण (retrofitting) गरिएका विद्यालयको सं सङ्ख्या | प्रवलीकरण परियोजना प्रतिवेदन | स्थानीय सरकार |
| ८. | नियमित मर्मतसम्भार तथा गैरसंरचनात्मक न्यूनीकरणका उपायहरू स्थापना गरी प्रभावकारी रूपमा कार्यान्वयन गरिएको हुने | विपत् जोखिम न्यूनीकरण गर्न कक्षाकोठाका सामग्रीलाई सुरक्षित रूपमा व्यवस्थापन गरिएको हुने | कक्षाकोठाका सामग्रीहरू सुरक्षित गरिएका विद्यालयहरूको सङ्ख्या | निरीक्षण प्रतिवेदन | स्थानीय सरकार |
| | | विद्यालयमा सुरक्षित, अपाङ्गता मैत्री तथा लैङ्गिकमैत्री खानेपानी, सरसफाइ तथा स्वच्छता (WASH) सुविधाहरूको प्रबन्ध गरिएको हुने | सुरक्षित खानेपानी, सरसफाइ तथा स्वच्छता (WASH) सुविधा भएका विद्यालयको सङ्ख्या | निरीक्षण प्रतिवेदन | स्थानीय सरकार |
| | | विद्यालयमा अग्नि सुरक्षाका प्रावधानहरू (fire Extinguisher) को व्यवस्था गरिएको हुने | अग्नि सुरक्षाका प्रावधान भएका विद्यालयको सङ्ख्या | निरीक्षण प्रतिवेदन | स्थानीय सरकार |
| ९. | विद्यालय जाने आउने क्रममा बालबालिकालाई मृत्यु, चोटपटक तथा हानि नोक्सानीबाट सुरक्षित गरिएको हुने | विद्यालय वरपर तथा आउने जाने बाटोमा रहेका वातावरणीय तथा अन्य जोखिमहरूको लेखाजोखा गरिएको हुने | विद्यालय जाने बाटोको जोखिम लेखाजोखा गरेका विद्यालय सङ्ख्या | निरीक्षण प्रतिवेदन | स्थानीय सरकार |
| | | विद्यालयसम्म पुग्ने सडक पूर्वाधार तथा पैदलयात्री मार्गहरूको मर्मतसम्भार तथा सुधार गरिएको हुने | मूल्याङ्कनअनुसार सुधार गरिएका सडक तथा पैदल मार्गहरूको सङ्ख्या | निरीक्षण प्रतिवेदन | स्थानीय सरकार |
| | | विद्यालय यातायात सुविधाको नियमित रूपमा सुरक्षा परीक्षण (Safety Audit) गरिएको हुने | यातायात सुरक्षा परीक्षण सम्पन्न गरेका विद्यालयहको सङ्ख्या | यातायात सुरक्षा परीक्षण प्रतिवेदन | स्थानीय सरकार |
| | | विद्यालय जाने बाटोको सुरक्षासम्बन्धी जनचेतनामूलक अभियानहरू आयोजना गरिएको हुने | विद्यालय जाने बाटोको सुरक्षासम्बन्धी जनचेतनामूलक अभियान सञ्चालन गरेका विद्यालयको सङ्ख्या | निरीक्षण प्रतिवेदन | स्थानीय सरकार |
| १०. | जलवायु अनुकूलन तथा | विद्यालयबाट निस्कने फोहोर छुट्याई उचित तरिकाले फोहोरमैला व्यवस्थापन गर्ने पद्धति विकास भएको हुने | फोहोर वर्गीकरणको प्रावधान लागु गरेका विद्यालयको सङ्ख्या | निरीक्षण प्रतिवेदन | स्थानीय सरकार |

| क्र.स. | नतिजा | उपलब्धि | सूचक | पुस्ट्याइको आधार | जिम्मेवारी |
|---|---|---|---|---|---|
| | वातावरणीय दिगोपनामा टेवा पुऱ्याउन विद्यालय सञ्चालन तथा पूर्वाधार विकासमा हरित अभ्यासको प्रवर्धन भएको हुने | विद्यालय भवनहरूमा सोलार प्यानल, लिड बत्ती, तथा ऊर्जा किफायती उपकरणहरू जडान गरिएको हुने | ऊर्जा किफायती उपकरणहरू प्रयोग गरेका विद्यालयहरूको सङ्ख्या | निरीक्षण प्रतिवेदन | स्थानीय सरकार |
| | | विद्यालयमा आकाशे पानी सङ्कलन प्रणाली, पानी कम खपत हुने धारा र अन्य पानी किफायती प्रविधि जडान गरिएको हुने | पानी संरक्षण प्रणाली कार्यान्वयन गरेका विद्यालयहरूको सङ्ख्या | निरीक्षण प्रतिवेदन | स्थानीय सरकार |
| | | विद्यालयमा करेसाबारी, वृक्षारोपण र खुला सिकाइ स्थलहरूको विकाससहित हरित क्षेत्र प्रवर्धन भएको हुने | विद्यालयमा हरियाली प्रवर्धनको काम गरेका विद्यालयको सङ्ख्या | निरीक्षण प्रतिवेदन | स्थानीय सरकार |

## ३. विद्यालय सुरक्षा र सिकाइ निरन्तरता व्यवस्थापन

| क्र.स. | नतिजा | उपलब्धि | सूचक | पुष्ट्याईंको आधार | जिम्मेवारी |
|---|---|---|---|---|---|
| ११. | विद्यालयमा सहभागिमूलक विद्यालय सुरक्षा, जोखिम न्यूनीकरण, तथा जलवायु परिवर्तन अनुकूलन योजना विकास गरी कार्यान्वयन गरिएको हुने | विद्यालय सुरक्षा लेखाजोखाका लागि सबै प्रकारका प्रकोप तथा जोखिम लेखाजोखाका साधन एवम् मार्गदर्शन विकास भएको हुने | स्तरीय लेखाजोखा औजारहरूको उपलब्धता | टुलकिट र मार्गदर्शन | सङ्घीय सरकार/ प्रदेश सरकार |
| | | शिक्षक तथा विद्यालय व्यवस्थापन समितिका सदस्यहरूले बृहत् विद्यालय सुरक्षा योजना तर्जुमासम्बन्धी तालिम पाएको हुने | बृहत् विद्यालय सुरक्षा तालिम सञ्चालन गरेका स्थानीय तहको सङ्ख्या | तालिम प्रतिवेदन | सङ्घीय सरकार/ प्रदेश सरकार |
| | | प्रकोप जोखिम तथा सम्भाव्यता पहिचान गर्न विद्यालयमा सबै प्रकारका प्रकोप तथा जोखिम लेखाजोखा गरिएको हुने | जोखिम लेखाजोखा सम्पन्न गरेका विद्यालयको सङ्ख्या | लेखाजोखा प्रतिवेदन | स्थानीय सरकार |
| | | विद्यालय तहमा बृहत् विद्यालय सुरक्षा कार्ययोजना (जलवायु अनुकूलन, विपत् जोखिम न्यूनीकरण, पूर्व तयारी तथा प्रतिकार्य, सिकाइ निरन्तरता, एवम् बाल संरक्षण) तर्जुमा भएको हुने | बृहत् विद्यालय सुरक्षा कार्ययोजना तयार गरेका विद्यालयको सङ्ख्या | विद्यालय सुरक्षा कार्ययोजना | स्थानीय सरकार |
| | | बृहत् विद्यालय सुरक्षा कार्ययोजनालाई विद्यालय सुधार योजनामा एकीकृत गरी कार्यान्वयन भएको हुने | बृहत् विद्यालय सुरक्षा कार्ययोजनालाई विद्यालय सुधार योजना एकीकृत गरेका विद्यालयको सङ्ख्या | निरीक्षण प्रतिवेदन | स्थानीय सरकार |
| | | डिजिटल प्लेटफर्म, रेडियो/टेलिभिजनमा आधारित शिक्षा, तथा स्व-अध्ययन सामग्री सहितका वैकल्पिक सिकाइ संयन्त्र स्थापना भएको हुने | वैकल्पिक सिकाइ संयन्त्र स्थापना भएका स्थानीय तहको सङ्ख्या | वैकल्पिक सिकाइ सामग्री | सङ्घीय सरकार/ प्रदेश सरकार |
| १२. | विद्यार्थीले भयरहित तरीकाले सिक्न सक्ने | विद्यालयमा हुने दुर्व्यवहार तथा हिंसालाई रोक्न विद्यालय-स्तरीय निर्देशिका विकास गरिएको हुने। | संरक्षण निर्देशिका विकास गरिएका स्थानीय तहको सङ्ख्या | प्रकाशित निर्देशिका | सङ्घीय सरकार |

| क्र.स. | नतिजा | उपलब्धि | सूचक | पुष्ट्याईंको आधार | जिम्मेवारी |
|---|---|---|---|---|---|
| | गरी सुरक्षित तथा समावेशी सिकाइ वातावरण कायम गरिएको हुने | विद्यालयमा हुने दुर्व्यवहार तथा हिंसालाई सम्बोधन गर्न विद्यालय-आधारित उजुरी तथा सम्बोधन प्रणाली स्थापना गरिएको हुने | उजुरी तथा गुनासो सम्बोधन प्रणाली स्थापना भएका विद्यालय सङ्ख्या | निर्णय पुस्तिका | सङ्घीय सरकार |
| | | परामर्श तथा भावनात्मक सहयोग प्रदान गर्न विद्यालयभित्र बाल-मैत्री स्थलहरू विकास गरिएको हुने | बाल-मैत्री स्थल विकास गएका विद्यालयको सङ्ख्या | निरीक्षण प्रतिवेदन | स्थानीय सरकार |
| | | विद्यालयमा प्राथमिक उपचार बाकस (First aid kits) को व्यवस्था गरी नियमित रूपमा अद्यावधिक गरिएको हुने | प्राथमिक उपचार बाकस (First-aid kit) भएका विद्यालयको सङ्ख्या | निरीक्षण प्रतिवेदन | स्थानीय सरकार |
| १३. | विपत् तथा आपत्कालीन तयारीका लागि स्तरीय सञ्चालन कार्यविधि तथा अभ्यासहरू प्रभावकारी रूपमा लागू गरिएको हुने | विद्यालयमा सुरक्षा नमुना अभ्यास सञ्चालनका लागि विस्तृत निर्देशिका तथा स्तरीय सञ्चालन कार्यविधि (SOP) विकास गरिएको हुने | स्तरीय सुरक्षा अभ्यास (Drill) निर्देशिका उपलब्धता भएका विद्यालय सङ्ख्या | प्रकाशित निर्देशिका | सङ्घीय सरकार |
| | | शिक्षक तथा विद्यालयका कर्मचारीलाई सुरक्षा अभ्यास सहजीकरण तथा आपत्कालीन मूल्याङ्कन सञ्चालनका लागि तालिम प्रदान गरिएको हुने | विद्यालय सुरक्षा अभ्याससम्बन्धी तालिम प्राप्त शिक्षकको सङ्ख्या | तालिम प्रतिवेदन | स्थानीय सरकार |
| | | शिक्षा समूहका सदस्य तथा शिक्षकलाई आपत्कालीन शिक्षा समुह सञ्चालनसम्बन्धी तालिम प्रदान गरिएको हुने | तालिम प्राप्त शिक्षा समुहका सदस्यहरूको सङ्ख्या | तालिम प्रतिवेदन | स्थानीय सरकार |
| | | विद्यालयमा सुरक्षा घटना तथा सिमुलेसन अभ्यसलाई स्थानीय तहको वार्षिक शैक्षिक कार्यतालिकामा समावेश गरी कार्यान्वयन गरिएको हुने | वार्षिक पात्रोमा सुरक्षा अभ्यास समावेश गरेका स्थानीय तहको सङ्ख्या | बार्षिक शैक्षिक तालिका | स्थानीय सरकार |
| | | तयारी तथा प्रभावकारी प्रतिकार्य सुनिश्चित गर्न विद्यालयमा नियमित रूपमा सुरक्षा अभ्यासहरू सञ्चालन गरिएको हुने | नियमित रूपमा सुरक्षा अभ्यास सञ्चालन गरेका विद्यालयको सङ्ख्या | अभ्यास सञ्चालन प्रतिवेदन | स्थानीय सरकार |
| १४. | विद्यालय स्वास्थ्य तथा पोषण प्रणाली सुदृढ भएको हुने | सबै विद्यालयमा पर्याप्त तथा स्वच्छ पिउने पानीको प्रावधान सुनिश्चित गरिएको हुने | पर्याप्त तथा स्वच्छ पिउने पानीमा पहुँच भएका विद्यालयको सङ्ख्या | निरीक्षण प्रतिवेदन | स्थानीय सरकार |
| | | पोषण शिक्षा तथा स्वस्थकर खानपानमा सहयोग पुऱ्याउन विद्यालय करेसाबारी विकास गरिएको हुने | विद्यालय करेसाबारी सञ्चालन गरेका विद्यालयको सङ्ख्या | निरीक्षण प्रतिवेदन | स्थानीय सरकार |
| | | विद्यालयमा महिनावारी स्वच्छता सहयोग सहितका लैङ्गिक-मैत्री सरसफाइ सुविधा उपलब्ध भएको हुने | लैङ्गिक-मैत्री सरसफाइ सुविधा भएका विद्यालयको सङ्ख्या | सेवा निरीक्षण प्रतिवेदन | स्थानीय सरकार |
| | | विद्यालय स्वास्थ्य तथा पोषण प्रणालीबारे सचेतना तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने | अभिमुखीकरण सञ्चालन गरेका विद्यालय सङ्ख्या | प्रतिवेदन | स्थानीय सरकार |

| क्र.स. | नतिजा | उपलब्धि | सूचक | पुष्ट्याईंको आधार | जिम्मेवारी |
|---|---|---|---|---|---|
| १५. | विद्यालय सुरक्षाका गतिविधिमा समुदायको सहभागिता | विद्यालयको पूर्वतयारी तथा योजना प्रक्रियामा समुदायलाई संलग्न गराउने | विद्यालयको पूर्वतयारी तथा योजना प्रक्रियामा संलग्न सङ्ख्या | सहभागिता रेकर्ड | स्थानीय सरकार |
| | | विद्यालयको जोखिम न्यूनीकरणका क्रियाकलापहरूमा समुदायलाई संलग्न गराउने | विद्यालयको जोखिम न्यूनीकरणका क्रियाकलापहरूमा संलग्न सङ्ख्या | सहभागिता रेकर्ड | स्थानीय सरकार |

## ४. जोखिम न्यूनीकरण तथा उत्थानशील शिक्षा

| क्र.स. | नतिजा | उपलब्धि | सूचक | पुस्ट्याइ आधार | जिम्मेवारी |
|---|---|---|---|---|---|
| १६. | जलवायु सचेत जोखिम न्यूनीकरणसम्बन्धी शिक्षाको विषयवस्तु विद्यालयको पाठ्यक्रममा समावेश भएको हुने | जलवायु परिवर्तन, विपत् जोखिम न्यूनीकरण, तथा हरित विद्यालय शिक्षालाई राष्ट्रिय पाठ्यक्रम प्रारूपमा समावेश गरिएको हुने | जलवायु तथा विपत् जोखिम न्यूनीकरणसम्बन्धी विषयवस्तु एकीकृत गरिएका पाठ्यक्रम | पाठ्यक्रम समीक्षा प्रतिवेदन | सङ्घीय सरकार |
| | | जलवायु परिवर्तन, विपत् जोखिम न्यूनीकरण, तथा हरित विद्यालय शिक्षालाई स्थानीय पाठ्यक्रममा एकीकृत गरिएको हुने | जलवायु तथा विपत् जोखिम न्यूनीकरण शिक्षा एकीकृत गरिएका स्थानीय पाठ्यक्रमको सङ्ख्या | स्थानीय पाठ्यक्रम समीक्षा प्रतिवेदन | सङ्घीय सरकार |
| | | जलवायु परिवर्तन अनुकूलन, विपत् जोखिम न्यूनीकरण, तथा हरित विद्यालयसम्बन्धी अतिरिक्त क्रियाकलापलाई विद्यालयको वार्षिक योजनामा एकीकृत गरिएको हुने | अतिरिक्त क्रियाकलापमा जलवायु, विपत् जोखिम न्यूनीकरण, तथा हरित विद्यालयलाई एकीकृत गरेका विद्यालयको सङ्ख्या | अतिरिक्त क्रियाकलाप समीक्षा प्रतिवेदन | स्थानीय सरकार |
| १७. | विद्यार्थी तथा परिवारका लागि जलवायु सचेत जोखिम न्यूनीकरण तथा उत्थानशीलता प्रवर्धन गर्न अनौपचारिक एवम् अनुभवात्मक सिकाइ | समुदायसँगको समन्वयमा बृहत् विद्यालय सुरक्षा तथा हरित विद्यालयसम्बन्धी अन्तर्क्रियात्मक सत्र तथा सचेतना कार्यक्रमहरू सञ्चालन गरिएको हुने | समन्वय स्थापना गरिएका समुदायको सङ्ख्या | गतिविधि प्रतिवेदन | स्थानीय सरकार |
| | | प्रकोप तथा जोखिम मूल्याङ्कन, नक्साङ्कन, तथा बृहत् विद्यालय सुरक्षा योजना तर्जुमाका क्रियाकलापमा विद्यार्थीलाई सहभागी गराइएको हुने | जोखिम मूल्याङ्कन तथा बृहत् विद्यालय सुरक्षा योजना तर्जुमामा विद्यार्थीलाई सहभागी गराउने विद्यालयको सङ्ख्या | गतिविधि प्रतिवेदन | स्थानीय सरकार |
| | | जोखिम तथा तयारीसम्बन्धी विद्यार्थीको बुझाइ अभिवृद्धि गर्न विपत् प्रभावित क्षेत्रहरूमा स्थलगत भ्रमण आयोजना गरिएको हुने | स्थलगत भ्रमण सञ्चालन गर्ने विद्यालयको सङ्ख्या | गतिविधि प्रतिवेदन | स्थानीय सरकार |

| क्र.स. | नतिजा | उपलब्धि | सूचक | पुस्ट्याइ आधार | जिम्मेवारी |
|---|---|---|---|---|---|
| | कार्यक्रम कार्यान्वयन गरिएको हुने | बृहत् विद्यालय सुरक्षा, विपत् तथा जलवायु उत्थानशीलतासम्बन्धी शिक्षाबारे जनचेतनाका लागि मुख्य सन्देशहरू विकास गरिएको हुने | विकास गरिएका जनचेतनामूलक सन्देशहरूको सङ्ख्या | सन्देशको रेकर्ड | सङ्घीय सरकार/ स्थानीय सरकार |
| | | बृहत् विद्यालय सुरक्षा, विपत् तथा जलवायु उत्थानशीलतासम्बन्धी शिक्षाबारे जनचेतनाका लागि मुख्य सन्देश प्रसारित गरिएको हुने | प्रसारित गरिएका मुख्य सन्देशहरूको सङ्ख्या | प्रसारण प्रतिवेदन | स्थानीय सरकार |
| १८. | विपत् तथा जलवायु जोखिम न्यूनीकरण, हरित विद्यालय र उत्थानशीलताका विषयवस्तुको सहजीकरणका लागि शिक्षकको क्षमता अभिवृद्धि भएको हुने | बृहत् विद्यालय सुरक्षासम्बन्धी शिक्षक तालिम पाठ्यक्रम तथा तालिम पुस्तिका विकास गरी शिक्षक पेशागत विकास (TPD) मा समावेश गरिएको हुने | बृहत् विद्यालय सुरक्षासम्बन्धी तालिम लिएका शिक्षकको सङ्ख्या | प्रकाशित शिक्षक तालिम निर्देशिका | सङ्घीय सरकार |
| | | पाठ्यक्रम तथा पाठ्यपुस्तक विकासकर्तालाई बृहत् विद्यालय सुरक्षा तथा उत्थानशील शिक्षासम्बन्धी अभिमुखीकरण गरिएको हुने | तालिम प्राप्त पाठ्यक्रम तथा पाठ्यपुस्तक लेखकको सङ्ख्या | अभिमुखीकरण प्रतिवेदन | सङ्घीय सरकार |
| | | बृहत् विद्यालय सुरक्षा तथा जोखिम न्यूनीकरण एवम् उत्थानशील शिक्षासम्बन्धी प्रशिक्षक प्रशिक्षण सञ्चालन गरिएको हुने | सञ्चालन गरिएका प्रशिक्षक प्रशिक्षण (ToT) कार्यक्रमको सङ्ख्या | प्रक्षिक्षक प्रशिक्षण प्रतिवेदन | सङ्घीय सरकार |
| | | शिक्षक तथा विद्यालय व्यवस्थापन समितिका सदस्यहरूलाई बृहत् विद्यालय सुरक्षासम्बन्धी अभिमुखीकरण प्रदान गरिएको हुने | सञ्चालन गरिएका अभिमुखीकरण कार्यक्रमको सङ्ख्या | तालिम रेकर्ड | स्थानीय सरकार |
| १९. | विद्यालयहरूमा जलवायु सचेत जोखिम न्यूनीकरण र उत्थानशिलतासम्बन्धी शिक्षा प्रदान गर्नका लागि पर्याप्त एवम् गुणस्तरीय शिक्षण सामग्रीको उपलब्धता भएको हुने | डिजिटल सिकाइ सामग्री विकास गरिएको हुने | डिजिटल सिकाइ स्रोतहरूको सङ्ख्या | डिजिटल सिकाइ सामग्री | सङ्घीय सरकार |
| | | सिकाइ सामग्रीहरूका लागि डिजिटल भण्डार (Digital Repositories) विकास गरिएको हुने | उपलब्ध डिजिटल रिपोजिटरी | डिजिटल रिपोजिटरी | सङ्घीय सरकार |
| | | उत्थानशील शिक्षासम्बन्धी क्रियाकलापमा सहयोग पुऱ्याउन फ्ल्यासकार्ड तथा बोर्ड गेम जस्ता अन्तर्क्रियात्मक शैक्षिक सामग्रीहरू उपलब्ध गराइएको हुने | उपलब्ध अन्तर्क्रियात्मक शैक्षिक सामग्री (किट) | गतिविधि प्रतिवेदन | सङ्घीय सरकार |
| | | स्थानीय रूपमा उपलब्ध तथा वातावरण मैत्री सिकाइ सामग्रीहरू विकास गरी प्रयोगमा ल्याइएको हुने | स्थानीय रूपमा उपलब्ध सिकाइ सामग्री प्रयोग गर्ने विद्यालयको सङ्ख्या | सिकाइ सामग्रीहरू | स्थानीय सरकार |
| | | समावेशी, बालमैत्री तथा अपाङ्गतामैत्री सिकाइ सामग्रीहरू विकास गरिएको हुने | विकास गरिएका बालमैत्री तथा अपाङ्गतामैत्री सामग्रीहरूको सङ्ख्या | सिकाइ सामग्रीहरू | सङ्घीय सरकार |
| २०. | विपत् एवम् जलवायु जोखिम न्यूनीकरण | सुरक्षित तथा हरित विद्यालयको व्यावहारिक सिकाइ तथा विद्यार्थी मूल्याङ्कनका लागि प्रणाली विकास गरिएको हुने | विकास गरिएको मूल्याङ्कनका ढाँचा | प्रकाशित ढाँचाहरू | सङ्घीय सरकार |

| क्र.स. | नतिजा | उपलब्धि | सूचक | पुस्ट्याइ आधार | जिम्मेवारी |
|---|---|---|---|---|---|
| | तथा उत्थानशीलता शिक्षामा विद्यार्थीको सिकाइ उपलब्धि अनुगमन तथा मूल्याङ्कन प्रणाली स्थापना गरिएको हुने | सुरक्षित तथा हरित विद्यालयसम्बन्धी क्रियाकलापमा विद्यार्थीको व्यावहारिक कार्यका आधारमा उनीहरूको कार्यसम्पादन मूल्याङ्कन गरिएको हुने | विद्यार्थीको व्यावहारिक मूल्याङ्कन गर्ने विद्यालयको सङ्ख्या | उपलब्धी मूल्याङ्कन योजना | स्थानीय सरकार |

## शब्दावली

| | |
|---|---|
| **क्षमता Capacity** | कुनै समुदाय, समाज वा सङ्गठनभित्र उपलब्ध सम्पूर्ण सामर्थ्य, विशेषता तथा स्रोत साधनहरूको उपलब्धता, जसलाई निर्धारित लक्ष्य हासिल गर्नका लागि उपयोग गर्न सकिन्छ। यसका चार प्रकारका क्षमता पर्दछन्: पूर्वानुमान गर्ने (Anticipatory), आघात सहन सक्ने (Absorptive), अनुकूलन हुने (Adaptive), र रूपान्तरणकारी (Transformative)। |
| **बाल केन्द्रित अवधारणा Child-centered approach** | बालबालिका तथा युवाको हित र आवश्यकतालाई केन्द्रमा राखी, उनीहरूको विशिष्ट योगदानको कदर गर्दै, उनीहरूसँग सरोकार राख्ने हरेक निर्णयमा उनीहरूको विचारलाई महत्त्व दिइने कुराको सुनिश्चितता गर्ने अवधारणा। यसले उनीहरूको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्न आवाज, अवसर, सुनुवाइ र प्रभावका लागि मार्गप्रशस्त गर्दछ। |
| **विपत् Disaster** | कुनै प्रकोपजन्य घटनाले सङ्कटापन्नता र कमजोर क्षमता भएको समुदाय वा समाजलाई प्रभाव पार्दा, त्यसको नियमित कार्यप्रणालीमा गम्भीर बाधा उत्पन्न भई मानवीय, भौतिक, आर्थिक तथा वातावरणीय रूपमा हानि नोक्सानी हुने अवस्थालाई विपत् भनिन्छ। |
| **हानि नगर्ने Do no harm** | असल मनसायले तयार पारिएका रणनीति तथा क्रियाकलापहरूबाट पनि नचाहँदा नचाहँदै कुनै हानि नोक्सानी नहोस् भन्ने कुरामा सचेत भई यसको सुनिश्चित गर्ने नैतिक सिद्धान्त। |
| **प्रकोप Hazards/ Threats** | **सबै प्रकारका प्रकोप (All-Hazards):** यसले विद्यालय हाता र त्यसको वरपर रहेका ती सबै खतरनाक प्रक्रिया, परिघटना, पदार्थ, मानवीय क्रियाकलाप वा अवस्थालाई बुझाउँछ, जसका कारण ज्यानको क्षति, चोटपटक, स्वास्थ्यमा हानि, सिकाइ सुविधा र वातावरणमा क्षति, शिक्षा क्षेत्रको लगानीको नोक्सानी वा शैक्षिक निरन्तरतामा बाधा पुग्न सक्छ। यसमा छिटो वा ढिलो गरी आउने, साथै सघन वा व्यापक असर पार्ने सबै प्रकोप पर्दछन्। यसअन्तर्गत प्राकृतिक र जलवायुजन्य (जस्तैः भूभौतिक, मौसमसम्बन्धी, जलजन्य), प्राविधिक, जैविक, स्वास्थ्यसम्बन्धी, द्वन्द्व र हिंसाजन्य तथा दैनिक प्रकोपहरू समावेश हुन्छन्। यी जुनसुकै प्रकोपको कारण प्राकृतिक वा मानव सिर्जित दुवै हुन सक्छ। **बहुप्रकोप (Multiple Hazards):** यसले कुनै खास स्थानमा रहेका विभिन्न प्रकोपहरूका साथै, एकै पटकमा वा एकपछि अर्को गर्दै आउन सक्ने र एकआपसमा अन्तरसम्बन्धित असर पार्ने प्रकोपका घटनाहरूलाई जनाउँछ। |
| **सिकाइ सुविधा / भौतिक सिकाइ वातावरण** | यसले विद्यालय तथा सिकाइ प्रयोजनका लागि प्रयोग हुने सबै भौतिक स्थान तथा सुविधालाई जनाउँछ, चाहे ती औपचारिक हुन् वा अनौपचारिक, भित्री हुन् वा बाहिरी । यसमा प्रारम्भिक बाल विकास केन्द्र, विद्यालय, अस्थायी सिकाइ स्थल, सामुदायिक सिकाइ केन्द्र र बालमैत्री स्थल समावेश हुन्छन्। यसअन्तर्गत निम्न कुरा पर्दछन्:<br>• **सम्पूर्ण विद्यालय हाताः** जसमा भवन, कक्षाकोठा, शौचालय, छात्रावास, कम्पाउन्ड, खेल मैदान र मनोरञ्जनका सुविधा पर्दछन्।<br>• **विद्यालय स्थलको पूर्वाधारः** जसमा विद्युत्, खानेपानी तथा सरसफाइ, ताप तथा हावा ओहोरदोहोर गर्ने प्रबन्ध (भेन्टिलेसन), आगलागी नियन्त्रण प्रणाली र अलार्म, तथा सञ्चार एवम् इन्टरनेटको सुविधा पर्दछन्।<br>• **विद्यालय आउजाउ गर्ने पूर्वाधारः** जस्तैः सडक, पुल, गोरेटो पैदलमार्ग; तथा यातायातका साधनहरू, जस्तैः बस र डुङ्गा आदि पर्दछन्। |

| | |
|---|---|
| **उत्थानशिलता Resilience** | मानव अधिकारको पूर्ण एवम् समान उपभोगमा असर पार्ने तनाव र आघातको पूर्वानुमान गरी रोकथाम गर्ने, तिनलाई सहन सक्ने, अनुकूलन हुने तथा सामान्य अवस्थामा फर्कन सक्ने बालबालिका, घरपरिवार, समुदाय एवम् प्रणालीको अन्तर्निहित क्षमता। (क्षमता पनि हेर्नुहोस्) |
| **जोखिम Risk** | कुनै निश्चित अवधिमा प्रकोप, सङ्कटापन्नता र क्षमताको अन्तरक्रियाबाट कुनै प्रणाली, समाज वा समुदायमा हुन सक्ने सम्भावित मानवीय तथा भौतिक सम्पत्तिको क्षतिलाई **जोखिम** भनिन्छ।<br><br>**जोखिम सूसुचित योजना** तर्जुमा गर्नका लागि सर्वप्रथम प्रकोप, सम्मुखता, सङ्कटासन्नता र क्षमताको विश्लेषण गरिन्छ। यस प्रकारका रणनीतिको उद्देश्य जनसङ्ख्या र प्रणालीहरूको सङ्कटासन्नता घटाई जोखिम, आघात र तनावको रोकथाम, सामना र प्रतिकार्य गर्ने क्षमता बढाउनु हो। |
| **विद्यालय सुरक्षा School Safety** | सबै प्रकारका प्रकोप तथा जोखिमबाट विद्यालयलाई सुरक्षित राख्नु भनेको विद्यालय समुदायको स्वास्थ्य र हितको रक्षा गर्नु हो। विद्यालय सुरक्षाले मृत्यु, चोटपटक तथा हानि नोक्सानीबाट जोगिनु भौतिक सुरक्षित रहनु र सिकाइ निरन्तरता कायम रहने कुरालाई जनाउँछ। यस अन्तर्गत विद्यालय स्थलको छनोट, ढाँचा र निर्माण; भौतिक सुविधाहरूको उचित व्यवस्थापन; पूर्वतयारी तथा सिकाइ निरन्तरता व्यवस्थापन; शिक्षक कर्मचारी र विद्यार्थीलाई जोखिम न्यूनीकरण तथा उत्थानशीलतासम्बन्धी शिक्षा; र मनोसामाजिक सहयोग प्रदान गर्ने जस्ता कार्य पर्दछन्। |
| **आघात Shock** | अचानक आइपर्ने र क्षति पुऱ्याउन सक्ने कुनै प्रकोप वा परिघटना; अथवा लामो समयदेखि चलिरहेको प्रक्रिया (तनाव) ले आफ्नो चरम बिन्दु पार गरी गम्भीर रूप लिने अवस्था। |
| **तनाव Stress** | यस्तो दीर्घकालीन प्रक्रिया, जसले कुनै प्रणालीको सामर्थ्यलाई क्रमशः क्षीण पार्दै लैजान्छ र त्यसभित्रका कर्ताहरूलाई थप जोखिमपूर्ण अवस्थामा पुऱ्याउँछ। |
| **सङ्कटासन्नता Vulnerability** | प्रकोप, आघात वा तनावको हानिकारक प्रभावले असर गर्न सक्ने कुनै समुदाय, प्रणाली वा सम्पत्तिको अन्तर्निहित विशेषता तथा अवस्था। |

# सन्दर्भ सामग्री


GADRRRES (2022). Comprehensive school safety framework 2022–2030 for child rights and resilience in the education sector.

GADRRRES (2024). Case Study: Transforming School Safety in Nepal, Global Alliance for Disaster Risk Reduction and

GoN (2015). Constitution of Nepal 2015. Constituent Assembly Secretariat, Kathmandu.

JICA (2015). Background Study on Disaster Risk Reduction and Preparedness Education for the Development of the School Sector Development Plan (SSDP), (DRR Final Report). Japan International Corporation Agency, Kathmandu.

MoEST (2017). Green School Program Implementation Guideline, 2017. Ministry of Education Science and Technology. Government of Nepal. Kathmandu.

MoEST (2017). Comprehensive School Safety Master Plan, 2017. Ministry of Education Science and Technology. Government of Nepal. Kathmandu.

MoEST (2018). Comprehensive School Safety Minimum Package, 2018. Ministry of Education Science and Technology. Government of Nepal. Kathmandu.

MoEST (2019). Comprehensive School Safety Implementation Guidelines, 2019. Ministry of Education Science and Technology. Government of Nepal. Kathmandu.

MoEST (2019). Comprehensive School Safety Communication and Dissemination Strategy, 2019. Ministry of Education Science and Technology. Government of Nepal. Kathmandu.

MoEST (2019). National Education Policy, 2019. Ministry of Education Science and Technology. Government of Nepal. Kathmandu.

MoEST (2022). Nepal: Education Sector Analysis, 2021. Ministry of Education Science and Technology, Government of Nepal, Kathmandu.

MoEST (2022). School Education Sector Plan (SESP) 2022. Ministry of Education Science and Technology, Government of Nepal, Kathmandu.

MoFAGA (2017). Local Government Operation Act, 2017. Ministry of Federal Affairs and General Administration. Kathmandu.

MoFE (2019). National Climate Change Policy, 2019. Ministry of Forest and Environment, Government of Nepal, Kathmandu.

MoFE (2021). National Adaptation Plan 2021-2050. Ministry of Forest and Environment, Government of Nepal, Kathmandu.

MoHA (2016). Gorkha Earthquake 2015: Experience and Learning. Ministry of Home Affairs, Government of Nepal, Kathmandu.

MoHA (2017). Disaster Risk Reduction and Management Act 2017: Ministry of Home Affairs, Government of Nepal, Kathmandu.

MoHA (2018). Disaster Risk Reduction National Strategic Action Plan 2018 – 2030. Ministry of Home Affairs, Government of Nepal, Kathmandu.

MoHA (2018). National Disaster Risk Reduction Policy, 2018. Ministry of Home Affairs, Government of Nepal. Kathmandu.

MOHA (2019). Nepal Disaster Report 2019. Ministry of Home Affairs, Kathmandu.

NDRRMA (2020). Monsoon Season Report: Impact on Education. National Disaster Risk Reduction and Management Authority. Kathmandu

NPC (2024). Post-Disaster Learning Continuity Damage and Needs Assessment Report. Nepal Education Cluster. https://sites.google.com/view/educationclusternepal/guidelines-resources/jajarkot-eq-assessment-report

NPC (2016). Nepal Earthquake 2015: Post Disaster Needs Assessment Report Vol. B: sector reports. National Planning Commission. Kathmandu.

NPC (2016). Sustainable Development Goal (SDG) Roadmap for Nepal. National Planning Commission. Kathmandu.

NTA (2020). Annual Report 2020. Nepal Telecommunications Authority, Kathmandu.

Resilience in Education Sector. https://gadrrres.net/files/case-study--transforming-school-safety-in-nepal.pdf

SC (2021). Education Disrupted: The Impact of COVID-19 on Schooling in Nepal. Save the Children.

UN (1989). Convention on the Right to Children. United Nations.

UN (2015). Sustainable Development Goal. United Nations.

UNDRR (2015). Sendai framework for disaster risk reduction 2015–2030. United Nations Office for Disaster Risk Reduction, Geneva, Switzerland.

UNESCO (2020). Psychosocial Impact of Disasters on Schoolchildren in South Asia.

UNESCO (2024) Green School Quality Standard, 2024. United Nations Educational, Scientific and Cultural Organization.

UNESCO. Education for Sustainable Development: Source book.

UNFCCC (2015). Paris agreement. In report of the conference of the parties to the United Nations framework convention on climate change (21st session, 2015: Paris).

UNICEF (2020). COVID-19: Are Children Able to Continue Learning During School Closures.

UNICEF (2021). Annual Report on Flood and Landslide Impact on Education in Nepal.

UNRC (2024). Joint Response Plan.

WB (2020). Enhancing Access to Education in Flood-Prone Areas. World Bank.

WB (2021). Nepal COVID-19 Emergency Response for Education Sector. World Bank.